नेपाल सरकार (मन्त्रीस्तर) बाट स्वीकृत मिति : २०७४।७।७

# सहकारी संस्था दर्ता दिग्दर्शन
## (स्थानीय तह)
२०७४

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँबानेश्वर, काठमाडौँ

**प्रकाशक**
नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँबानेश्वर, काठमाडौँ
तार : ९७७-०१-४४६५३६२; ४४६११७७
छवि : ९७७-०१-४४६५५१७
मञ्जुषा : sahakaribivag@gmail.com
गृह पन्ना : www.deoc.gov.np

२०७४ पुस (३,५००)

**मुद्रक**
एस. फाइभ प्रिन्टर्स
काठमाडौँ
सम्पर्क : ९८५१०१०६१७, ९८४१७५४११३

# विषय-सूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. क्षेत्राधिकार | १ |
| ३. कानुन | ३ |
| ४. अधिकारी | ५ |
| ५. सहकारीपन | ६ |
| ६. सङ्घटन | १२ |
| ७. साझा बन्धन | १९ |
| ८. सरोकार | २२ |
| ९. विषय | २३ |
| १०. पूर्व-शिक्षा | ३० |
| ११. विनियम | ३१ |
| १२. कार्यविधि | ३२ |
| १३. पुनर्गठन | ४१ |
| १४. प्रवर्धन | ५० |
| १५. अभिलेख | ५२ |
| अनुसूचीहरू | ५४ |

# १. परिचय

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची (क्रमशः अनुसूची ५, ६ र ८) का साथै साझा अधिकार सूची (अनुसूची ७ र ९) समेतमा सहकारी नियमन, सहकारी संस्था वा सहकारी विषय पर्दछ । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७३।१०।१८ मा स्वीकृत नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरूको कार्य विस्तृतीकरणमा अन्य कुराका अतिरिक्त स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन स्थानीय तहको अधिकारभित्र पर्ने गरी प्रस्ट पारिएको छ । तदनुसार स्थानीय तहबाट सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनलगायतका संस्थापकीय कार्यहरूको सम्पादनमा सहयोग पुऱ्याउन सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो दिग्दर्शन बनाएको छ ।

# २. क्षेत्राधिकार

दर्ता, अनुमति, खारेजी र विघटनसमेतका सहकारी नियामक कार्यहरूमा सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारको सीमाङ्कन (Delineation) देहायबमोजिम हुनेछ :

क. स्थानीय तह : स्थानीय तहसम्म कार्यक्षेत्र भएका संस्थाहरू;

ख. प्रदेश : एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका सङ्घसंस्थाहरू र

ग. सङ्घ : एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका सङ्घसंस्थाहरू ।

हालसम्म सहकारी सङ्घहरू राष्ट्रिय, केन्द्रीय र जिल्ला स्तरमा मात्र गठन भएका, सहकारी ऐन, २०७४ मा स्थानीय तहमा सङ्घहरू गठन गर्ने प्रावधान नभएको र संविधानको अनुसूची र स्थानीय तहको अधिकारको सूचीमा 'सहकारी संस्था' उल्लेख हुनुका साथै तदनुसार नै कार्य विस्तृतीकरणमा समेत जनाइएको हुनाले सङ्घहरूको दर्ता स्थानीय तहको अधिकार क्षेत्रमा नपर्ने प्रस्टै हुन्छ ।

स्थानीय तहको नियमनमा देहायका सहकारी संस्थाहरू पर्दछन् :

क. स्थानीय तहबाट दर्ता हुने सबै प्रारम्भिक संस्थाहरू;

ख. यसअघि दर्ता भएका स्थानीय तहसम्म कार्यक्षेत्र कायम रहेका जुनसुकै प्रारम्भिक संस्थाहरू र

ग. यसअघि एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र कायम गरी दर्ता भएका तर विभाजन, स्थानीयकरण वा पुनर्गठनको प्रक्रियाबाट अब स्थानीय तहसम्म कार्यक्षेत्र कायम हुने जुनसुकै प्रारम्भिक संस्थाहरू ।

**स्थानीय तहसम्म कार्यक्षेत्र भएका संस्थाहरू स्थानीय तहको, एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका सङ्घसंस्थाहरू प्रदेश सरकारको र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका सङ्घसंस्थाहरू सङ्घीय सरकारको नियमन क्षेत्राधिकारमा पर्दछन् ।**

स्थानीय प्रारम्भिक सहकारी संस्थाहरू नै स्थानीय तहको नियमन क्षेत्राधिकारमा पर्दछन् भन्नुको अर्थ एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र रहेका प्रारम्भिक संस्थाहरू वा माध्यमिक वा उपल्लो तहका सङ्घहरूसँग स्थानीय तहको सरोकार हुँदैन भन्ने भने होइन ।

स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका प्रारम्भिक सहकारी संस्थाहरूले स्थानीय तहमा कार्यालय राखेर वा केन्द्र खोलेर सेवा सञ्चालन गरेका हुन्छन् । त्यस्ता संस्थाहरूको कामकाज सहकारी विधिसम्मत हुँदा स्थानीय सदस्यहरू लाभान्वित हुने र नहुँदा जोखिममा पर्ने हुन्छ । दर्ता प्रदेश वा सङ्घबाट भएका हुनाले त्यस्ता संस्थाहरूको कार्यसञ्चालनमा सम्बन्धित तहबाट सुक्ष्म अनुगमन नभइरहेको पनि हुन सक्तछ ।

अर्थात् स्थानीय रूपमा कार्यरत जुनसुकै संस्थाका गतिविधिहरूमा स्थानीय तहको सरोकार जहिलेसुकै रहन्छ । बृहत् कार्यक्षेत्र भएर सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रभावकारी तुल्याउन नसकेका कतिपय प्रारम्भिक संस्थाहरूले स्थानीयकरणको प्रक्रियाबाट कार्यक्षेत्र सीमाङ्कन गरेर स्थानीय तहसँग प्रत्यक्ष सम्बन्धनसमेत कायम गर्न चाहेका हुन सक्तछन् । त्यसो भए त्यस्ता संस्थाहरूको स्थानीयकरणको प्रक्रियामा स्थानीय तहबाट नै जो-चाहिने प्रोत्साहन एवं सहजीकरणको व्यवस्था गर्नुपर्ने हुन्छ ।

त्यस्तै, सहकारी सङ्घहरूको हकमा पनि स्थानीय तहमा सदस्य संस्थाहरूको प्रवर्धन, व्यावसायिक सेवाहरूको विस्तार र स्व-नियमनका समस्त प्रक्रियाहरूमा तिनले खेल्ने भूमिकाबाट देखा परेका समस्या समाधान एवं अवसरहरूको उपयोगमा सहायता पुग्ने हुनाले निकटतम सहकार्य अपेक्षित हुन्छ ।

कार्य विस्तृतीकरणमा पनि स्थानीय तहको कार्यमा 'सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय सङ्घसंस्थासँग समन्वय र सहकार्य' समावेश गरिएको छ ।

## ३. कानुन

सहकारी संस्थाको दर्तालगायतका नियमन कार्यका लागि स्थानीय तहको सहकारी ऐन आवश्यक हुन्छ । कानुनी व्यवस्थाका निम्न तीनोटा विकल्प हुन सक्तछन् :

क. संविधानको धारा ५७ को उपधारा (४) बमोजिम गाउँ सभा वा नगर सभाले आफ्नै सहकारी ऐन बनाउने;

ख. सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबीचको सहकार्यमा सहकारी ऐन, २०७४ का प्रावधानसँग समेत तादात्म्य रहने गरी तयार पारिएको स्थानीय तहको नमुना सहकारी ऐन जस्ताको तस्तै वा त्यसमा स्थानीय रूपमा समायोजन गर्नुपर्ने भए गरेर संविधानको धारा ५७ को उपधारा (४) बमोजिम गाउँ सभा वा नगर सभाबाट पारित गरी लागू गर्ने र

ग. सहकारी ऐन, २०७४ को दफा १५० मा गरिएको देहायको अन्तरिम व्यवस्थाबमोजिम गर्ने, गराउने :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहको कानुन नबनेसम्म स्थानीय तहसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू

प्रदेश सरकारले गाउँ वा नगर सभा वा प्रदेश सभाद्वारा निर्णय गरी यसै ऐनबमोजिम सम्पादन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उदफा (१) बमोजिम कार्य गर्दा यस ऐनबमोजिम रजिष्ट्रारले प्रयोग गर्ने सम्पूर्ण अधिकारहरू स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले तोकेको अधिकारी र प्रदेशको हकमा प्रदेशको सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीले तथा मन्त्रालयको अधिकार स्थानीय तहको हकमा स्थानीय तहको कार्यपालिकाले र प्रदेशको हकमा प्रदेशको सम्बन्धित मन्त्रालयले प्रयोग गर्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम व्यवस्था नभएसम्मका लागि सबै तहका सहकारी संस्थाको नियमन यसै ऐनअनुसार हुनेछ ।

उपर्युक्त विकल्पहरूमध्ये पहिलो नै सर्वोत्तम विकल्प हो तर तत्कालका लागि देहायका कारणसमेतले दोस्रो वा तेस्रो विकल्प रोजेर कानुनी व्यवस्था मिलाउनु उत्तम देखिन्छ :

**स्थानीय तहले सहकारी नियमनका लागि भिन्नै ऐन बनाएर, मन्त्रालयको नमुनाअनुसार ऐन पारित गरेर वा सहकारी ऐन, २०७४ अनुसार निर्णय गरेर कानुनी व्यवस्था गर्न सक्तछ ।**

- राष्ट्रिय स्तरमा प्रशस्त परामर्श, बहसपछि तर्जुमा भएको सहकारी ऐन, २०७४ बाट वर्तमानमा सहकारी क्षेत्रमा देखा परेका समस्याहरूको समाधानका साथै सम्भावनाहरू हासिल गर्ने गरी सबै पक्षका सरोकारहरू यथोचित रूपमा सम्बोधित हुने;
- सङ्घदेखि प्रदेश र स्थानीय तहसम्म एकै नियमन सिद्धान्त तथा दृष्टिकोणबाट कार्य हुँदा सहकारी संस्थाहरूको स्थापना, लम्बवत् सम्बन्धन (Vertical affiliation), अन्तरसहकारी व्यावसायिक कारोबारमा सुगमतासमेतले सहकारी आन्दोलनको एकीकृत विकासमा मद्दत मिल्ने र
- हाल अत्यधिक प्रारम्भिक कार्यबोझबीच नियमनसँग सम्बन्धित अनेकन मुद्दाहरू (Issues) मा फेरिबाट बहस थाल्नुभन्दा तत्काल काम थाल्ने, बचेको समय सहकारी प्रवर्धनका कार्यमा लगाउने तथा एक-दुई वर्षको

अनुभवबाट कानुनमा सामयिक रूपमा आवश्यक संशोधनहरू गर्ने व्यवस्था मिलाउनु नै बेस हुने ।

## ४. अधिकारी

स्थानीय तहमा सहकारी संस्थाको दर्तालगायतका नियमन र प्रवर्धन एवं प्रशिक्षणका कार्यहरू समेत गर्ने गरी स्थानीय तहको कार्यपालिकाले कार्यकारी अधिकृतलाई दर्ता गर्ने अधिकारी तोक्नुपर्दछ ।

सहकारी नियमन, प्रवर्धन, प्रशिक्षण कार्यबोझ अधिक हुने महानगरपालिकामा उपसचिवको, कम्ती हुने महानगरपालिका वा उपमहानगरपालिकाहरूमा अधिकृतको र नगरपालिका वा गाउँपालिकाहरूमा अधिकृत वा नायब सुब्बाको नेतृत्वमा आवश्यक कर्मचारीहरू रहने गरी सहकारी कार्यालय वा शाखाको परिकल्पना गरिएको छ । प्रस्तावित सङ्गठन र व्यवस्थापन सर्वेक्षणबाट छिट्टै स्थानीय तहमा रहने सहकारी कार्यालय वा शाखाको प्रमुखको स्तर र कर्मचारीहरूको दरबन्दी कायम हुने नै छ ।

**सहकारी नियमन, प्रवर्धन एवं प्रशिक्षणका कार्यहरू सम्पादन गर्न स्थानीय कार्यपालिकाले कार्यकारी अधिकृतलाई दर्ता गर्ने अधिकारी तोकी आवश्यक कर्मचारीसहित कार्यालय वा शाखासमेत खडा गर्नुपर्ने हुन्छ ।**

स्थायी संरचना स्वीकृत नहुँदाको हालको अवस्थामा पनि तत्काल कार्यसञ्चालन गर्न कार्यकारी अधिकृतको सहयोगार्थ स्थानीय तहको स्तर र कार्यबोझको आधारमा उपसचिव, अधिकृत वा नायव सुब्बाले हेर्ने गरी सहकारी कार्यालय वा शाखा कायम गरेर आवश्यक सङ्ख्यामा अन्य दर्जाका कर्मचारीसमेत खटाउनुपर्ने हुन्छ । त्यसो गर्दा भरसक स्थायी संरचना बनेपछि पनि सहकारी कार्यालय वा शाखामा नै जनशक्तिको निरन्तरता होस् भन्ने दृष्टिकोण लिनु वाञ्छनीय छ । अत्यधिक बेसी कार्यबोझ भएका महानगरपालिका वा उपमहानगरपालिकामा कार्यकारी अधिकृतले दर्ता गर्ने अधिकारीको हैसियतमा आफूलाई प्राप्त कुनै वा सबै अधिकार सहकारी हेर्ने आफूमातहतको उपसचिव वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने नै हुन्छ ।

सहकारी विभाग र केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रबाट यसै आव (२०७४/७५) मा स्थानीय तहका कार्यकारीका साथै सहकारी नियमन कार्यमा संलग्न सबै तहका अधिकृत एवं कर्मचारीहरूलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाई स्थानीय तहलाई सक्षम बनाउने कार्यक्रम राखिएको छ । अतः स्थानीय तहले दर्ता गर्ने अधिकारी र त्यसमा सहयोग गर्ने अन्य कर्मचारीहरू तोक्नासाथै सहकारी विभाग, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र सम्बन्धित सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय वा डिभिजन सहकारी कार्यालयसमेतलाई सोको जानकारी दिएर सहभागिताको व्यवस्था मिलाउनु उपयुक्त हुन्छ । प्रशिक्षणविना सहकारी संस्था दर्तालगायतका कार्यमा द्विविधा हुने र कुनै त्रुटि भए पछिसम्म समस्या पर्ने भएकाले तोकिएका अधिकारी र कर्मचारीहरूलाई केन्द्रबाट व्यवस्था गरिएअनुसार यथाशीघ्र प्रशिक्षण दिलाउनमा स्थानीय तहको तर्फबाट पनि त्यत्तिकै सक्रियता अपेक्षित छ ।

## ५. सहकारीपन

सहकारी संस्था दर्ता गर्ने बेला दर्ता गर्ने अधिकारीको सबभन्दा महत्त्वपूर्ण जिम्मेवारी भनेको सहकारीपनको सुनिश्चितता हो ।

सहकारीपनको अभावमा–

- आर्थिक कार्यकलापलाई लोकतान्त्रिक ढङ्गले सङ्गठित गर्ने सहकारी विधि स्थापित हुन पाउँदैन;
- सहकारी संस्था टाठाबाठाहरूको स्वार्थ पूरा गर्ने माध्यम बन्दछ र
- समस्याको कारण (Cause) मा नभएर लक्षण (Symptom) मा बहस केन्द्रित हुँदाहुँदा सहकारिता फगत अव्यावहारिक आदर्श रहेछ भन्ने निष्कर्षमा पुगिन्छ ।

सहकारी साहित्यको सर्वेक्षण गर्दा संसारभरि नै जस्तो सहकारीपन भएका संस्थाहरू कुनै कालखण्डमा – सन् १९२९ को महामन्दीका बेलासमेत – असफल नभएका तर व्यावहारिकता, व्यावसायिकता, विशेष आवश्यकता, बजारको प्रतिस्पर्धा, बीचको अवधि वा त्यस्तै कुनै बहानामा सहकारी विधिविधा मिचेर स्थापित वा पुनर्स्थापित वर्ण सङ्कर (Hybrid) संस्थाहरू जहिलेसुकै दुई-चार वा आठ-दश वर्षपछि समस्याग्रस्त बनेका भेटिन्छन् ।

वास्तवमा सहकारिता जति आदर्श हो त्यति नै व्यवहार हो, जति विचार हो त्यति नै व्यवसाय हो र जति दर्शन हो त्यति नै विज्ञान हो ।

जसरी लोकतन्त्रका सम्भावना हासिल गर्न स्वच्छ निर्वाचन, पूर्ण प्रकाशन स्वतन्त्रता, राजनीतिक अधिकारको प्रचलनका लागि न्यायमा सुगम पहुँचलगायतका पूर्व-सर्तहरू पूरा हुनुपर्दछ त्यसरी नै आर्थिक-सामाजिक-साँस्कृतिक उन्नयनमा सहकारिताका अथाह सम्भावनाहरू हासिल गर्न संस्थापकीय मानकहरू स्थापित हुनुपर्दछ ।

सहकारी अधिकारीले सम्झौता गर्न नसक्ने संस्थापनका सर्तहरू देहायबमोजिम छन् :

क. गैरमध्यस्थ सदस्यताको सर्त

ख. सेवा उपयोगको सर्त

ग. सदस्य केन्द्रीयताको सर्त

घ. नाफामा असहभागिताको सर्त

ङ. सहभागितामूलक लोकतन्त्रको सर्त ।

## क. गैरमध्यस्थ सदस्यताको सर्त

**सहकारी संस्था सहकारी संस्थाजस्तै होस् भन्नका खातिर दर्ता गर्ने अधिकारीले पाँचोटा पूर्व-सर्तहरू एक-एक पूरा भएको निश्चित गर्नुपर्दछ ।**

सहकारिता उत्पादक र उपभोक्ताको बीचमा बसेर नाफा खाने वर्गविरोधी आन्दोलन हो । बेपारीजस्तै श्रममा पनि कारखानाका मालिक, पर्वतारोहण एजेन्सीका साहू, निर्माण कार्यका ठेकेदार बिचौलियामा पर्दछन् । त्यस्तै, बसवाला, होटेलवाला, छापाखानावालाको गिन्ती पनि मध्यस्थमै हुन्छ ।

नेपाली सहकारी आन्दोलनमा यता देखा परेको दोष नै मध्यगत वर्गको संलग्नता हो । ऋणीहरूले खोल्नुपर्ने सहकारी बचत तथा ऋण संस्था साहूहरूले खोल्ने, यात्रीहरू जुटेर दर्ता गर्नुपर्ने सहकारी यातायात संस्था बस व्यवसायीहरू जम्मा भएर दर्ता गर्ने अथवा लेखकहरू मिलेर बनाउनुपर्ने सहकारी प्रकाशन संस्था छापाखानावालाहरू मिलेर बनाउने भएपछि

सहकारिताको त नामोनिसान रहँदैन । परन्तु, मध्यस्थहरूको एकपछि अर्को समूहले सहकारी माध्यमबाट देशमा केही गरौं (?) भन्दै संस्था दर्ता गराउन खोजिरहेका हुन्छन् । 'गर्न खोज्नेलाई दिनुपर्दछ – बरु अनुगमन गर्नुपर्दछ' भन्ने भनाइ पनि त्यत्तिकै भ्रामक छ । सदस्यतामा नै सङ्गति नभएपछि सङ्गठनमा सहकारीपन ल्याउने अनुगमन कहाँ होला ?

पहिले मिल्ने अहिले किन नमिल्ने ? भन्नेहरू पनि भेटिन्छन् । अघि गल्ती भयो भन्दैमा अहिले पनि गल्ती नै गर्नु बुद्धिमानी होइन । सञ्चालनमा रहेका संस्थाहरूमा मध्यस्थ सदस्यता छ; अन्त्य कसरी गर्ने ? भन्ने पो प्रश्न हो ।

अतः सहकारी संस्था बिचौलिया सङ्घ (Cartel) नबनोस् भन्ने विचार दर्ता गर्ने अधिकारीले पुऱ्याउनुपर्ने हुन्छ । सहकारी कानुनमा सबै कुरा विस्तारमा नलेखी सहकारी सिद्धान्तअनुरूप सहकारी संस्था सञ्चालन गर्नुपर्ने भन्ने व्यवस्था गरिएको हुन्छ । बिचौलियाहरूको संस्था दर्ता गर्न सहकारी सिद्धान्तले मिल्दैन ।

## ख. सेवा उपयोगको सर्त

सहकारी संस्थामा सदस्यको सरोकार (Stake) सेवा उपयोग हुन्छ; लगानीमा प्रतिफल हुँदैन । भनाइको अर्थ, पुँजीमा प्रतिफल लिने भनेर सहकारी व्यवसाय गरिँदैन – बरु संस्थाको व्यावसायिक सेवामा गुण, मूल्य, सुविधा, किफायत, निश्चितताका अर्थमा प्रतिफल खोजिएको हुन्छ । त्यसो भन्नाको मतलब सहकारी प्रतिफलविनाको व्यवसाय हो भन्ने भने होइन ।

वास्तवमा सहकारी व्यवसायमा जति फाइदा मिल्ने व्यवसाय झट्ट भेटिँदैन । सहकारी दूध उत्पादन व्यवसायकै कुरो गरौं न ! सदस्यहरूलाई प्रतिलिटर रु. २ रुपियाँ बढी मूल्य दिने सहकारी संस्थाले दैनिक ७ लिटर दूध बेच्ने सदस्यलाई पनि ८ महिनामा रु. ३,३६० फाइदा दिएको हुन्छ । सदस्यले रु. ५०० कै सेयर किनेको भए वार्षिक ६७२ प्रतिशत फाइदाको हिसाब निस्किन्छ । त्यसमाथि दानामा, ओखतीमा, ऋणमा, प्राविधिक रेखदेखमा, बीमामा – जताततैको सेवामा हुने फाइदा जोड्दा त प्रतिशत कति हो कति पुग्दछ । त्यस्तै, एउटाबाट दुइटा, तीनोटा गर्दै गाईबस्तु थप्दै जाँदा फाइदा पनि गुना-गुना बढ्ने नै भयो । त्यसै भएर अभावको घेराभित्र बाँच्न विवस परिश्रमी परिवारहरू एक-एक गरेर लहरै सम्पन्न बनाउने माध्यम सहकारी व्यवसाय नै हो ।

गाईबस्तु नपाल्ने सदस्यलाई भने त्यै संस्थाले कत्ति फाइदा पुऱ्याउँदैन वा बढीमा १८ प्रतिशतमात्र फाइदा पुऱ्याउँदछ । सहकारी संस्थाले सदस्यहरूलाई सेवा उपयोग गरेको अनुपातमा मात्र फाइदा दिने हुनाले सेवा उपयोग नगर्ने व्यक्ति बेसरोकारवाला हुन्छ । सहकारी संस्था बेसरोकारवालाहरूको भीड होइन । सदस्यमाझ एउटामात्र बेसरोकारवाला पर्दा पनि पारस्परिकता खल्बलिएर सहकारी कार्य प्रभावित हुन्छ ।

**शुभचिन्तकका नाताले सहकारी सदस्य बन्न मिल्दैन ।**

अतः गाईबस्तु पालेर दूध बेचेर धन कमाउने मन नभएका तर भलादमी बनेर सामेल हुन खोज्ने, बुद्धि दिएर अरूलाई प्रोत्साहित गर्न अघि सर्ने अथवा सेयर लिएर पुँजी जुटाउन मद्दत गर्न तत्पर देखिने मन भएका हितैषिहरूको दूधको सहकारी संस्थामा कुनै काम छैन । त्यस्तै, माछा नपाल्ने वा पाल्ने मनसुवा पनि नराख्ने व्यक्तिहरूलाई माछा व्यवसायमा आधारित संस्थाको सदस्यता मिल्दैन, गलैँचा नबुन्ने वा सीप सिकेर बुन्न नचाहने व्यक्तिहरूलाई गलैँचा उत्पादन सहकारी संस्थामा स्वागत गरिँदैन र साहूको चर्को व्याजमा पर्नु नपर्नेहरूलाई बचत तथा ऋण संस्थाको – र त्यसउसले सदस्यता दिनाको – कुनै प्रयोजन हुँदैन ।

## ग. सदस्य केन्द्रीयताको सर्त

सदस्यलाई सेवा उपयोगको हिसाबअनुसार लाभान्वित गराउने ढाँचा भएकाले सहकारी संस्थाहरूले सदस्यलाई नछुने कुनै पनि व्यवसाय गर्दैनन् । उदाहरणका लागि उखु कृषकहरूको संस्थाले सदस्यहरूको उखु खरिद गरेर गुँड, भेली वा चिनी बनाएर बेचिदिन्छ तर सदस्यहरूले उत्पादन नगर्ने चियापत्ती किनेर प्रशोधन कारखाना चलाउँदैन । त्यस्तै, चिया कृषकहरूको संस्थाले सदस्यहरूले उत्पादन नगर्ने उखुतर्फ ध्यानै दिँदैन ।

सहकारी संस्थाले सदस्यलाई छुने व्यवसायमात्र गर्न मिल्दछ भन्नुको तात्पर्य गैरसदस्यलाई छुने व्यवसाय गर्न मिल्दैन भन्ने पनि हो । फेरि पनि उखु कृषकहरूको सहकारी संस्थाको कुरोमा गैरसदस्यले बेच्न ल्याएको उखु खरिद गरिँदैन तर त्यस्तो गैरसदस्यलाई मन लागेका बखत सदस्य बन्न संस्थाको ढोका खुला राखिन्छ । सदस्य नबन्ने तर उखु बेच्न खोज्ने व्यक्तिमा समूहले

सृजना गरेको सुविधा सित्तै लिने स्वभाव झल्किन्छ, जुन सहकारीकर्मीहरूले मन पार्दैनन् ।

**सहकारी संस्थाले सदस्यलाई नछुने कारोबार छुँदैन ।**

सदस्य केन्द्रीयताका कारण सहकारितामा संस्थाको व्यवसाय सदस्यको उत्पादन, उपभोग र स्व-रोजगारीको स्तरको जनाउ हुन्छ । संस्थाको चिनी मिलको प्रभाव सदस्यको उखु बारीमा पर्नुपर्दछ । त्यसै गरी संस्थाको उपभोक्ता भन्डारका कारण सदस्यहरूको उपभोगको स्तरोन्नति हुनुपर्दछ ।

सहकारी व्यवसायमा सदस्य केन्द्रीयताको अर्थ खरिद र विक्री दुवै सदस्यबीच नै हुनुपर्दछ भन्ने भने होइन । खासमा उत्पादकहरूको संस्था भए खरिद सदस्यहरूमा सीमित हुनुपर्दछ भने विक्री बजारमा जहाँसुकै गर्न सकिन्छ । उपभोक्ता संस्था भए त्यसको ठीक उल्टो पर्दछ । अर्थात् उपभोक्ता संस्थाले खरिद जहाँसुकैको बजारबाट गर्न सक्तछ भने विक्री सदस्यहरूलाई मात्र गर्नुपर्ने हुन्छ । त्यस्तै, श्रमिक संस्था भए खरिद वा विक्री जहाँसुकैबाट गर्न सकिन्छ तर रोजगारी सदस्यमै सीमित गरिएको हुनुपर्दछ । बचत तथा ऋणमा भने दुवै सेवा सदस्यमै केन्द्रित हुन्छन् ।

अर्को कुरो, सहकारी सेवामा सदस्य केन्द्रीयताको नियम व्यावसायिक सेवाको रोहमा मात्र लागू हुन्छ । गैरव्यावसायिक सेवाहरूमा भने सदस्य र गैरसदस्य भनिँदैन । उदाहरणका लागि सहकारी संस्थाले स्वास्थ्य केन्द्र चलाएको रहेछ भने उपचारमा गैरसदस्यलाई कुनै भेदभाव गरिँदैन । खानेपानी योजना, दुर्गम भेगमा आयोडिनयुक्त नुनको विक्री, घरेलु हिंसाबाट प्रभावित महिला आश्रय केन्द्र – गैरव्यावसायिक सेवा अनेक हुन सक्तछन् । गैरव्यावसायिक सेवामा सहभागिताभन्दा पनि पहुँच र मानवीय नाता मुख्य मानिन्छ ।

## घ. नाफामा असहभागिताको सर्त

नाफामा सहभागिता (Participation in profit) नगर्ने निश्चय नै सहकारिताको सत्व हो । सहकारी संस्था नाफामुखी नभएर सेवामुखी हुन्छ भन्ने भनाइको तात्पर्य सहकारी संस्थाले बढी नाफा लिन हुँदैन; कम्ती नाफा लिन हुन्छ भन्नेमा सीमित हुन सक्तछ । सहकारी संस्थाको बजारतर्फी

लेनादेना वास्तविक मूल्य (Going price) मा हुने र सदस्यतर्फी लेनादेनामा नाफा वस्तुतः मूल्य समायोजनको प्रश्न हुने हुनाले नाफा वा सेवा उन्मुखताको मुद्दा नै होइन । मुद्दा त परिश्रमको मानदण्ड स्थापित गर्ने वा नाफारी प्रतिफल (Speculative return) लिएर परिश्रमविना पुँजीको भाडामा बाँच्ने भन्ने हो ।

सहकारीकर्मीहरूले आफ्नो उपज वा श्रममा आधारित व्यवसायमात्र गरेर नाफामा सहभागी नबन्ने परम्परा कायम गरेका हुन्छन् । अर्को शब्दमा, आफ्नो श्रम नलगाइकन पुँजी लगाएर नाफा लिने चलन सहकारी कर्ममा स्वीकृत हुँदैन । आफ्नो परिश्रमको फल लिने तर अर्काको भाग नखाएर शोषणविहीन आर्थिक सम्बन्धहरू (Non-exploitative economic relationship) स्थापित गर्ने रचना भएकाले नै सहकारितालाई आन्दोलन भनिएको हो । त्यही वैचारिक अडानका कारण सहकारिताबाट सबैको उदय हुने सर्वोदय समाज सृजना गर्न सकिने हुन्छ । प्रत्येक व्यक्ति आफ्नो परिश्रममा बाँच्ने भएपछि सबैको यथायोग्य वैभव सम्भव त हुने नै भयो, प्राकृतिक स्रोतमाथि पनि चाप परेन । सहकारिताबाट दिगो विकासमा सहयोग पुग्ने पनि त्यसरी मात्र हो ।

**आफ्नो परिश्रम बराबर प्राकृतिक स्रोत उपयोग गर्ने सहकारी मान्यताका कारण नै दिगो विकास सुनिश्चित हुन्छ ।**

नाफामा सहभागी नहुने सहकारी सर्तको तात्पर्य यत्रतत्र लाग्दछ । उदाहरणका लागि यदाकदा सहकारी संस्थाले सदस्यहरूबाट सेयर उठाएर जलविद्युत् आयोजनामा लगानी गर्न पाउनुपर्दछ भनेको सुनिन्छ । त्यसो गर्दा सहकारी संस्थाका सदस्यहरू लगानीमा विनापरिश्रम नाफा खान पुग्ने हुन्छन्, जुन सुरुदेखि स्थापित परम्पराको विपरीत हुन्छ । सहकारी संस्थाहरू आपसी लगानी कोष (Mutual fund) होइनन् । सहकारी सदस्यहरूलाई सित्तैको जीवन चाहिँदैन ।

## ङ. सहभागितामूलक लोकतन्त्रको सर्त

सहकारी लोकतन्त्र प्रतिनिधिमूलक (Representative) वा विमर्शमूलक (Deliberative) भन्दा पनि सहभागितामूलक (Participatory) हुन्छ ।

सहकारी सदस्यहरू प्रदत्त सेवाका निष्क्रिय उपभोक्ता हुँदैनन्; सेवाका सर्जक स्वयम् हुन्छन् । आफ्नो अवस्था विश्लेषण गर्ने, समस्या एवं सम्भावनाहरू पहिल्याउने, योजना बनाउने, स्रोत जुटाउने र कार्यान्वयन गरेर परिवर्तन हेरी सिक्ने – सहकारी गतिविधिहरूमा सदस्यहरू सक्रिय रूपमा सहभागी हुन्छन् । त्यै प्रक्रममा उनीहरूको व्यक्तित्व विकासका साथै कृतित्व विस्तार भइरहेको हुन्छ ।

**सहकारी संस्थाहरू सेवा केन्द्र होइनन्; सशक्तीकरण केन्द्र हुन् ।**

सहकारी संस्थाहरूलाई सेवा केन्द्रको रूपमा होइन सशक्तीकरण केन्द्रको रूपमा हेरिनुपर्दछ । वर्षमा एक दिन साधारण सभामा उपस्थित भएर प्रतिनिधिका प्रस्तावहरू अनुमोदन गर्न ताली बजाउने वा नबजाउने खालको निर्वाहको लोकतन्त्र (Notional democracy) बाट विपन्न सदस्यहरूको सशक्तीकरणमा सघाउ पुग्दैन । सशक्तीकरणका लागि त साधारण सदस्यहरूले प्रस्तावको – विचारको – चरणदेखि नै पटक-पटक परामर्श गरेर तर्जुमा एवं कार्यान्वयन-पुनरावलोकन गर्ने गरी साङ्गठनिक प्रक्रियाहरू स्थापित हुनुपर्दछ; सहभागिताका विस्तारित मञ्चहरू (Extended forums for participation) खडा गरिनुपर्दछ ।

साँचो (Genuine) र छद्मवेशी (Pseudo) सहकारी संस्थाबीचको भेद पनि उल्लिखित पाँचोटा सर्तमै खुल्दछ । कुनै एउटा सर्त पूरा भएन कि संस्था छद्मवेशी भइहाल्दछ । छद्मवेशी संस्थाले कुनै उपति गर्दैन; ढिलो-चाँडो समस्या अवश्य निम्त्याउँदछ ।

## ६. सङ्घटन

सङ्गठन (Organisation) भन्दा पृथक् सदस्यहरू सम्मिलित भएर संस्था बन्ने क्रमलाई यहाँ सङ्घटन (Association) भनिएको छ ।

व्यक्ति, बसोबास र नागरिकता हुँदैमा सहकारी संस्था बन्दैन । सहकारिताका लागि स्वावलम्बन (Self-help) र पारस्परिकता (Mutuality) चाहिन्छ । सहकारी सदस्यमाझ स्वावलम्बनको पारस्परिक अभ्यास कत्तिको प्रभावकारी हुन्छ भन्ने निर्धारक संस्थाको गठन विधि नै हो ।

माथि ५ मा सहकारीपनका मानकहरूमा यथाविवेचना गरियो । तदनुसार जम्मा तीनथरी आर्थिक प्रकृति (Economic nature) भएका वर्गले मात्र सहकारी संस्था गठन गर्न सक्ने हुन्छन् । ती हुन्–

क. प्राथमिक उत्पादक (Primary producers);

ख. वास्तविक श्रमिक (Actual workers) र

ग. सर्वसाधारण उपभोक्ता (Bona fide consumers) ।

### क. प्राथमिक उत्पादक

खेतीपाती गरेर उपज फलाउने वा कीट, पशु, पन्छी पालेर चीजबीज पैदा गर्ने कृषकहरू प्राथमिक उत्पादक हुन् । प्राथमिक उत्पादकको अर्को उदाहरणमा साहित्यकारलाई लिन सकिन्छ, जसले रचना गर्दछन् । प्राथमिक उत्पादक कहलाउन आफैँ काम गर्नुपर्दछ । मोही र तलसिङकै कुरा गर्दा मोही प्राथमिक उत्पादक हो भने तल्सिङचाहिँ 'मध्यस्थ' । कम्तीमा पनि उत्पादनमा लाग्ने ५० प्रतिशत श्रम आफू वा परिवारका सदस्यहरू मिलेर गर्ने व्यक्तिलाई प्राथमिक उत्पादकमा लिने चलन छ ।

### ख. वास्तविक श्रमिक

वास्तविक श्रमजीवीहरू दुईथरी हुन्छन् : सेवा दिने र वस्तु बनाउने । भरिया, कुचीकार, चौकीदार सेवा दिने श्रमिक हुन् । वस्तु बनाउने श्रमिकमा चित्रकार, मूर्तिकार, तन्तुकारलाई लिन सकिन्छ ।

आफैँ काम नगर्ने व्यक्ति भने श्रमजीवी हुँदैन । जुत्ता सिउने शिल्पी श्रमिक हो; कामदार राख्ने जुत्ता कारखानाको मालिक 'मध्यस्थ' हो । श्रमिकमा गनिन पनि उत्पादनमा आफू वा परिवारका सदस्यहरूले कम्तीमा ५० प्रतिशत श्रम लगाएको हुनुपर्दछ ।


### ग. सर्वसाधारण उपभोक्ता

दैनिक आवश्यकताका वस्तु उपभोग गर्ने गृहस्थ उपभोक्ता हुन् । यात्री, ऋणी, बिरामीजस्ता सेवाका उपयोगकर्ताहरू पनि उपभोक्तामा पर्दछन् ।

त्यस्तै, बिजुली बाल्नेहरू, बालबच्चा पढाउनेहरू, रचना पढ्नेहरू – उपभोक्ताका अनेक उदाहरण लिन सकिन्छ ।

उपभोग नगर्ने त कोही हुँदैन । सहकारीकर्मीहरूले भने वैधानिक (Bona fide) उपभोक्ताको कुरो गर्दछन् । वैधानिक उपभोक्तालाई सर्वसाधारण उपभोक्ता वा आम उपभोक्ता पनि भन्ने चलन छ । उदाहरणका लागि खुद्रा बेपारीलाई दैनिक आवश्यकताका वस्तुको उपभोक्ता भनिँदैन, बस मालिकलाई यात्री मानिँदैन र साहूलाई ऋण सेवाको उपयोगकर्तामा पनि गनिँदैन । त्यस्तै, पुस्तक विक्रेता विक्रेता हुन्छ; पाठक हुँदैन ।

प्रथम उत्पादक, खास कामदार र अन्तिम उपभोक्ता – तीनथरी कर्मीमात्र सहकारी कर्ममा सहभागी हुन सक्तछन् (चित्र १) ।




चित्र १ : सहकारी सङ्घटनका तीन सुर

माथिको त्रिभुजको कुनै कोणमा मात्र सहकारी सदस्यहरू सङ्घटित हुन सक्तछन् । भनाइको अर्थ, प्राथमिक उत्पादक, वास्तविक श्रमजीवी वा सर्वसाधारण उपभोक्ता पारेर मात्र सहकारी संस्था गठन हुन्छ । सहकारी सङ्घटनको यो आधारभूत विशेषता तीनोटा उदाहरणबाट अझ प्रस्ट पार्न सकिन्छ ।

**उदाहरण १**

नगरपालिकाको बीचमा तरकारी बजार छ, जहाँ ६०-६५ जना साना तरकारी विक्रेताहरूले विगत १२-१४ वर्षदेखि ताजा तरकारी बेचिरहेका छन् । उनीहरूले नगरपालिकाकै मोफसलमा तरकारी फलाएर एकाबिहानै डोको, टोकरी, साइकलमा तरकारी ल्याउने  कृषकहरूसँग तरकारी खरिद गर्दछन्, तत्कालै पैसा दिन्छन् र दिनभरि बेचेर उपभोक्तालाई समेत सुविधा प्रदान गर्दछन् । कसैले सहकारी तरकारी बजार बनाएर व्यवस्थित रूपमा सञ्चालन गर्न दिएको सुझाउ चित्तबुझ्दो लागेकाले कति दिनदेखि बैठक गरेर जो-चाहिने कागतपत्रसहित सहकारी संस्था दर्ता गर्न नगरपालिकाका अधिकारीसमक्ष आइपुगेका छन् ।

के निवेदकहरूले प्रस्ताव गरेजस्तो सहकारी तरकारी बजार संस्था दर्ता गर्न सकिएला ?

सकिँदैन । कारण जतिसुकै राम्रो सेवा गरेका भए तापनि निवेदक तरकारी पसलेहरू माथिको चित्र १ को कुनै कोणमा नपरेर बायाँपट्टीको भुजामा – अर्थात् प्रारम्भिक उत्पादक र अन्तिम उपभोक्ताको बिचोबिच – पर्दछन् । उनीहरू सङ्गठित हुनु भनेको त घामपानी नभनी दिनभरि खेतबारीमा काम गर्ने अनि साँझ अबेर तरकारी टिपेर झिस्मिसैमा भारी लिएर आउने ती परिश्रमी खेतीवालाहरूको भएको मोलमोलाइ शक्ति (Bargaining power) पनि घटाउनु हो । अर्कापट्टि नगरमा मजदुरी गरेर जीविका धानेका मजदुरसमेतका आम उपभोक्ताहरूसँग आपूर्तिको मौका हेरी मनमाफिक मूल्य लिन सक्ने अवस्था बन्नु हो । अतः सहकारी तरकारी बजार संस्था कि त मोफसलमा तरकारी फलाउनेहरूले कि त बजारमा तरकारी खानेहरूले मात्र गठन गर्न सक्ने हुन्छन् ।

**उदाहरण २**

गाउँपालिकाको अविरल खोलाको पानी यत्तिकै बगिरहेको छ । देशमा केही गर्न इच्छुक गैरआवासीय नेपालीहरूको एक समूहले त्यहाँ एक मेगावाटजति बिजुली उत्पादन गर्ने राम्रो सम्भावना देख्दैछ । नेपालमै बस्ने साथीभाइहरू र स्थानीय लगानीकर्तासमेत मिलेर सहकारी ढाँचामा ‘नमुना’  जलविद्युत्

आयोजना सञ्चालन गर्न दर्ता प्रक्रियामा पूर्व-परामर्शका सिलसिलामा गाउँपालिकाका अध्यक्षसमेतको उपस्थितिमा साङ्गठनिक एवं प्राविधिक रूपरेखा प्रस्तुत भइरहेको छ ।

के समूहले सोचेजस्तो जलविद्युत् उत्पादक सहकारी संस्था दर्ता गर्न मिल्ला ?

मिल्दैन । किनभने फेरि माथिको त्रिभुजको कुनै सुरमा आगन्तुक प्रस्तावकहरू देखिँदैनन् । श्रमिकपट्टिको त कुरै भएन उत्पादकको कोणमा पनि उनीहरू पर्दैनन् । सहकारी अर्थमा उत्पादक हुनका लागि उत्पादन कार्यमा श्रमको योग हुनुपर्दछ । जस्तै– जडीबुटी सङ्कलकहरूले सङ्कलनका साथै संरक्षण कार्यमा श्रम गर्दछन् । त्यसकारण उनीहरूको उत्पादक संस्था बन्न सक्तछ । विचाराधीन जलविद्युत् आयोजनाका प्रस्तावकहरू भने त्यसरी श्रम लगाएर उत्पादन गर्ने खालका होइनन् । खासमा उनीहरू लगानीकर्ता हुन् । माथि ५ मा भनिएजस्तो उत्पादनमा लगाइने पैसामा होइन उत्पादनमा बगाइने ‘पसिना’ मा प्रतिफलका आशाले पो सहकारी संस्था खोल्ने हो ।

त्यसो भए बिजुली सहकारी संस्था कसले दर्ता गराउन सक्तछ त ? खोलानाला जनताका हुन् । जनता आम उपभोक्ता हुन्छन् । आयोजनाको बिजुली जहाँसम्मलाई पुग्दछ त्यहाँसम्मलाई सदस्यताको क्षेत्र (Catchment area) कायम गरी त्यसभित्रका इच्छुक सारा स्थानीय उपभोक्ताहरूलाई सदस्यता खुला राखेर तिनैमध्येका अगुवाहरूले संस्था दर्ता गराउन सक्तछन् ।

स्थानीयसँग पैसा नहुने पैसा हुनेले लगाउन नपाउने भएपछि सहकारी जलविद्युत् संस्था कुरैको मात्र भएन र ? सहकारी विकास कोष, विद्युत् विकास कोष, वैदेशिक आयोजनातर्फका मिल्दाजुल्दा कोषहरूको प्रयोजन यहाँनेर नै खुल्ने हो । जनस्तरबाट सङ्कलन भएको स्रोतमा स्थानीय तहको बजेटबाट पनि भरथेग गर्न सकिएला ।

फेरि स्थानीय प्राकृतिक स्रोतका हकदार स्थानीय जनता भन्दैमा आफूहरूलाई पुगी उब्रेको बिजुली बेच्ने हिसाबमा पनि सहकारी जलविद्युत् आयोजना चलाउन मिल्दैन । उपभोक्ताको हैसियतमा दर्ता हुने संस्थाको प्रयोजन उपभोग नै हुन्छ । आयोजना लघु भए गाउँपालिकाका एक-दुई वडा, सानो भए गाउँपालिकाभरि अनि मध्यम खालको भए दुई-तीन वा बढी स्थानीय

तहसम्म पनि सदस्यताको क्षेत्र कायम गर्नुपर्ने होला तर प्रयोजन उपभोग नै हुनुपर्दछ ।

आफ्नै पानी र पैसा भएपछि बिजुली सस्तो परेर बत्तिबाहेक घर, विद्यालय, स्वास्थ्य केन्द्रहरूमा वातानुकूलन, उपज सङ्कलन, सञ्चय, प्रशोधन र खानेपानी, सिँचाइ, रज्जु मार्गजस्ता प्रयोजनमा उपभोग बढेर जनजीवनको स्तर नै उन्नत हुन्छ । त्यसै गरी दुई-तीन जिल्ला कार्यक्षेत्र कायम गरेर त्यहाँका सहकारी संस्थाहरूले विशिष्टीकृत सङ्घको ढाँचामा बृहत् आयोजना सञ्चालन गर्ने र राष्ट्रिय प्रसारण लाइनको भाडा तिरेर भनेको दाममा सदस्यका घर-घर बिजुली पुऱ्याउने गुञ्जायस पनि नभएको होइन । वास्तवमा देशको अपार जलस्रोतको भनेजस्तो विकास र उपयोग उपभोक्ता सहकारिताबाट नै सुगम दृष्टिगोचर हुन्छ ।

**उदाहरण ३**

गाउँपालिका मनोरम छ । गाउँमै हुर्के-बढेका पर्यापर्यटन क्षेत्रमा देश-विदेशको अनुभव हासिल गरेका र ऋणधन जुटाउन सक्ने अवस्थामा पनि पुगेका युवा बहिनीभाइहरू ३०-३५ जना मिलेर ग्रामीण पर्यटन सहकारी संस्था स्थापना गर्न चाहान्छन् । सुविधासम्पन्न रिसोर्ट, पदमार्ग, खुला नदीमा नौका यात्रा, साहसिक खेल, साँस्कृतिक कार्यक्रम – पुगनपुग सदस्य सङ्ख्याजति नै स्थानीयलाई पूर्ण रोजगारी दिलाउने र स्थानीय अर्थतन्त्रमा अप्रत्यक्ष रूपमा पनि उल्लेखनीय योगदान पुऱ्याउने योजना उनीहरूको छ । सहकारी संस्था दर्ता गर्ने प्रक्रियाका बारेमा उनीहरू त्यत्ति जानकार छैनन् । स्थानीय तहको सहकारी विकास नीतिअन्तर्गत वित्तीय लगानी पनि जुटाउने सम्भावना छ होला भनेर उनीहरू अध्यक्षलाई भेटी आफ्नो योजना बताउँदैछन् ।

के प्रस्तावित ग्रामीण पर्यटन सहकारी संस्था दर्ता गर्न सकिएला ?

सकिँदैन । किनभने त्यतिका जनालाई रोजगारी मिल्ने योजना भए तापनि माथिको त्रिभुजका कोण कुनैमा पनि विचाराधीन संस्था पर्दैन । उपभोक्ताको कोणबाट विचार गर्दा योजनाको लाभ लिने वर्गमा देशबाहिर र भित्रका विभिन्न स्थानबाट आउने पर्यटक हुने भए । प्रस्तावक भाइबहिनीहरू सेवा लिने नभएर दिने परे । श्रमिकको कोण मिल्दो हुन्थ्यो होला तर त्यता पनि

प्रस्तावक बहिनीभाइ आफूहरू सदस्य बन्ने, सञ्चालकमा बस्ने वा व्यवस्थापक भएर रेखदेख गर्ने तर डुङ्गा चलाउने, खानेकुरा पकाउने, सरसफाइ गर्ने, पहरा बस्ने, लोक नाचगानमा सरिक हुने छाँटकाँटका देखिएनन् ।

वास्तवमा पर्यटन क्षेत्रमा जे काम गरिन्छ त्यसकै श्रमिक संस्था हुन सक्तछ । जस्तै- रिसोर्ट चलाउने भए त्यसमा भान्छे, सफाइकर्मी, चौकीदारको रूपमा काम गर्ने श्रमजीवीहरूको, जल विहार गराउने भए डुङ्गा चलाउने माझीहरूको अनि पर्वतारोहणपट्टि भए भारी बोक्ने भरियाहरूको स्वामित्व एवं सञ्चालकीय नियन्त्रणमा मात्र सहकारी संस्था खोल्न सकिन्छ ।

पर्यटन क्षेत्रीय सहकारितामा अर्को सम्भावना 'होमस्टे' पनि हो । गाउँका इच्छुक सबै घर मिलेर ग्रामीण पर्यटन सहकारी संस्था बनाउन सकिन्छ । सदस्यका घर-घरमा पाहुना बस्ने, आलोपालो साँस्कृतिक कार्यक्रमहरू राख्ने र आफ्नै खेतबारीको उब्जनीकै खानेकुरा खुवाएर उचित मूल्य लिने गरी उत्पादकको कोणमा संस्था खडा गर्न सकिन्छ ।

**प्रथम उत्पादक, अन्तिम उपभोक्ता वा वास्तविक श्रमिक – तीनोटा छेउबाहेक शोषणविहीन आर्थिक सम्बन्ध स्थापना गर्ने साँचो सहकारी सङ्गठन बन्दैन ।**

जे होस्, सहकारी संस्था दर्ता गर्न दरखास्त हाल्ने प्रत्येक समूहलाई दर्ता गर्ने अधिकारीले सर्वप्रथम तपाइँहरू प्राथमिक उत्पादक, वास्तविक श्रमिक वा आम उपभोक्ता को हुनुहुन्छ ? भन्ने प्रश्न गर्नुपर्दछ । त्यसपछि मात्र कस्तो व्यवसाय गर्ने हो ? व्यावसायिक गतिविधि र सदस्यहरूको सङ्घटन कुन रूपमा प्रभावकारी होला ? भन्ने कुरा हुन्छन् । तीनोटा सुरमध्ये कुनैमा असाद्धे मिल्ने संस्था अर्कोमा नमिल्ने र त्यसकै कारण असफल हुने हुन्छ ।

उदाहरणका लागि सहकारी रिक्सा सेवा उपभोक्ता संस्थाको रूपमा पनि सञ्चालन गर्न सकिएला तर श्रमिक संस्थाको रूपमा सञ्चालन गर्नु बढ्ता प्रभावकारी हुन्छ । बस सेवा फेरि उपभोक्ता सहकारी संस्थाको रूपमा नै सञ्चालन गर्नुपर्ने देखिन्छ । त्यस्तै, सहकारी चिनी कारखाना उत्पादक संस्थाको रूपमा चलाउनु वाञ्छनीय हुन्छ भने इट्टा भट्टा श्रमिक संस्थाको

रूपमा । सहकारी जुट मिल भने उत्पादक वा श्रमिक कुनै संस्थाको रूपमा त्यत्तिकै सफल हुन सक्तछ । कुन रूपको संस्था उत्तमोत्तम होला भन्ने तय परिश्रमको मात्रा, मौजुदा आर्थिक सम्बन्धमा परेको मर्का र साङ्गठनिक प्रक्रियाहरूमा सहभागिताको सुगमतासमेतको विचारबाट गर्नुपर्दछ ।

## ७. साझा बन्धन

**सहकारी सदस्यहरूलाई आफन्त बनाइराख्ने कामकुरा नै साझा बन्धन हो ।**

सहकारिता उन्नयनको पारस्परिक (Mutual) प्रयास हो । सक्ता दिने पर्दा लिने आपसलाई पारस्परिकता (Mutuality) भनिन्छ । पारस्परिकताका लागि सदस्यहरूमा साझा बन्धन (Common bond) चाहिन्छ । सदस्यहरूले आफूमाझ भेटाइरहने र त्यसका कारण एक-अर्कामा आफन्ती भाव रहिरहने कुरो नै साझा बन्धन हो । छिमेकमा बस्ने अनेक मानिसहरू छिमेकीका नाताले एक हुन्छन् । त्यस अर्थमा छिमेक साझा बन्धन बन्दछ ।

सहकारी संस्थाहरू प्रायशः छिमेककै साझा बन्धनमा खडा हुने गर्दछन् । त्यसैले सहकारी संस्था भन्नेबित्तिकै समुदायमा आधारित सङ्गठन सम्झिन्छ । छिमेकीको नाताजस्तै सदस्यहरूलाई गाँस्ने सूत्रहरू हुन्–

- पेसाको नाता (जस्तै– खेतीपाती वा चियाको खेती, कालिगडी, रिक्साचालन) र
- अर्को सङ्गठनको नाता (जस्तै– साहित्यिक समाज वा गजलकारको समाज, मजदुरहरूको सङ्गठन, अपाङ्गता भएका व्यक्तिहरूको सङ्घ) ।

साझा बन्धन अरू रूपमा पनि भेटिन सक्तछ । औद्योगिक ग्रामझैं कार्यस्थलीय नाता राम्रो उदाहरण हो । मुख्यतया भने छिमेक, पेसा र अर्को सङ्गठनको नाता हुन् ।

साझा बन्धन सहकारी सङ्गठनको आधार हुन्छ । त्यसो भन्नुको अर्थ साझा बन्धन हुनासाथै सहकारी संस्थापन गर्न सकिन्छ भन्ने भने लगाउनु हुँदैन । उदाहरणका लागि व्यवसायी सङ्घका सदस्यहरूमा सङ्गठनको नाताले साझा

बन्धन हुन्छ भन्ने मान्न सकिएला तर त्यसका आधारमा सहकारी सङ्गठन बनाइँदैन । त्यस्तै, कुनै राजनीतिक दलमा साझा बन्धन भेटियो भनेर दल-विशेषका सदस्यहरूको सहकारी संस्था खोल्न सकिँदैन । साझा बन्धन माथि ६ मा बताइएझैँ प्राथमिक उत्पादक, वास्तविक श्रमिक र आम उपभोक्ताको पूर्व-सर्त पूरा भएपछिको अर्को आवश्यकीय सर्त हुन्छ ।

जुनसुकै साझा बन्धन जुनसुकै संस्थाका लागि मिल्दो भने हुँदैन (तालिका १) ।

## तालिका १ : साझा बन्धनमा सहकारी सङ्घटन

| **साझा बन्धनको रूप** | **सहकारी संस्थाको रूप** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उत्पादक संस्था | | श्रमिक संस्था | | उपभोक्ता संस्था | | बहुउद्देश्यीय संस्था |
| | वस्तु-विशेष (जस्तै-कफी खेती) | कार्य-विशेष (जस्तै-खेतीपाती) | वस्तु-विशेष (जस्तै-मूर्तिकला) | कार्य-विशेष (जस्तै-कालिगडी) | बचत तथा ऋण | अन्य | |
| • छिमेकीको नाता | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| • पेसाको नाता | ✓ | | ✓ | | | | |
| • अर्को सङ्गठनको नाता | | | | | ✓ | | |

छिमेकीको नाता जहाँसुकै लाग्ने भएकाले त्यसका आधारमा जुनसुकै सहकारी संस्था गठन गर्न सकिन्छ । सुरु-सुरुमा राप्ती दुनमा विभिन्न जिल्लाका गामबेसीबाट झरेका र यत्रतत्र पुनर्वास गराइएका बेला सदस्यहरूमा अरू सम्बन्ध त के थियो होला र ! छिमेकीकै सम्बन्ध थियो ।

पेसाको बन्धनमा भने बहुउद्देश्यीय संस्थाको त कुरै आएन विषयगत संस्थाहरूमा पनि कार्य-विशेषका संस्थाहरूका हकमा साझा बन्धन पुग्दैन । वस्तु वा सेवा-विशेषका विषयगत संस्थाहरू भने पेसाकै नातामा खडा हुन सक्तछन् । उदाहरणका लागि लुगा धुने काममा संलग्न भएकै आधारमा श्रमिकहरूमा जुन एकताभाव रहन्छ सरसफाइ गर्नेहरू पनि सँगै राख्ने हो भने रहँदैन । टोलभरिका श्रम गरिखाने मिलेर कसैले लुगा धुने, कसैले सरसफाइको

काम गर्ने, कसैले जुत्ता पालिस गर्ने गरी सेवा दिने श्रमिक संस्था गठन गर्न सकिन्छ, जहाँ साझा बन्धन पेसाबाट छिमेकमा सर्दछ ।

साझा बन्धन सदस्यताको सर्त हुन्छ । भनाइको अर्थ, जुन नाताले संस्था खुलेको हो त्यै नाता भएका व्यक्तिहरू मात्र पछि पनि संस्थाको सदस्य बन्न सक्ने हुन्छन् । अर्को सङ्गठनको नातामा श्रमिक संस्था गठन गर्न नसकिने कारण त्यताबाट खुल्दछ । उदाहरणका लागि जुट मिलमा काम गर्ने मजदुरहरूको बचत-ऋण संस्था गठन गर्न सकिएला तर श्रमिक संस्था गठन गर्न सकिँदैन । किनभने श्रमिक संस्था गठन गर्नासाथै उनीहरू साबिकको मिलका मजदुर नभएर आफ्नै मिलका मालिक बन्न पुग्दछन् र पुरानो नाता कायम रहँदैन । बन्द भएको जुट मिल सहकारीकरण गरेर अघि त्यहीँ काम गरिरहेमा मजदुरहरूले आफ्नै स्वामित्वमा चलाउने कुरो पृथक् भयो ।

साझा बन्धनअनुसार संस्थाको कार्यक्षेत्र पनि घटीबढी हुन सक्तछ । जस्तै- औद्योगिक ग्राम साझा बन्धन भए संस्थाको कार्यक्षेत्र औद्योगिक ग्रामभित्र सीमित हुन्छ भने रेष्टुराँ श्रम सेवा साझा बन्धन भए वडाभरिका श्रमिकहरू सदस्य बन्न सक्ने गरी कार्यक्षेत्र कायम हुन सक्तछ । त्यस्तै, साहित्यिक समाजको साझा बन्धनमा गठन हुने संस्थाको कार्यक्षेत्र स्थानीय तह वा जिल्लाभरिका साहित्यकर्मीहरू अटाउने गरी फैलिन सक्ला ।

अर्को सङ्गठनको नातामा गाँसिने सदस्यहरूको संस्थाको कार्यक्षेत्र जतिसुकै हुन सक्तछ भन्ने भने होइन । कारण सहकारी संस्थामा सदस्य सहभागिताको सुगमता जहिलेसुकै हेर्नुपर्ने हुन्छ । साहित्यकर्मीहरूकै संस्थामा देश वा प्रदेशव्यापी कार्यक्षेत्र राखियो भने कोही पूर्व कोही पश्चिम परेर सदस्यहरूको नित्य सहभागिताका लागि व्यावहारिक अवस्थाको सर्त पूरा हुँदैन ।

यस्तो छ साझा बन्धनको स्वभाव । सहकारी संस्था सेयरधनीहरूको सङ्गठन होइन; सदस्यहरूको सम्मिलन हो । साझा बन्धनविना सहकारी प्रक्रियाहरू उत्तरोत्तर हुँदैनन् ।

# ८. सरोकार

सहकारी संस्थामा सदस्यको सरोकार (Stake) लगानीमा प्रतिफल प्राप्ति नभएर उत्पादनमूलक, उपभोगजन्य वा स्व-रोजगारीमूलक सेवा प्राप्ति हो भनेर माथि ५ मा भनियो । संस्थामा सरोकार जति भयो त्यति नै सदस्य सहभागिता हुने नै भयो । संस्थाका गतिविधिहरूमा सदस्यहरू नाममात्रको सरोकार (Nominal stake) हुँदा सतही रूपमा सहभागी हुन्छन् भने वास्तविक सरोकार (Real stake) हुँदा सघन रूपमा ।

प्रकारान्तरले यदि सदस्यहरूमा सहकारी कार्यलाई सफल पार्ने स्तरको लागिपराइ होस् भन्ने हो भने जीवन बदल्ने खालको वास्तविक प्रयोजन भएको खण्डमा मात्र संस्था दर्ता गर्नुपर्दछ । बिजुलीकै उदाहरण लिन सकिन्छ । सदस्यहरूले उत्पादनसमेत गरेर उपयोगको योजना बनाएको खण्डमा बिजुली सस्तोमा सस्तो पार्ने, बिजुलीको उपयोग गरेर ग्रामीण उद्योगधन्दा बढाउने र अन्यत्रलाई नमुना दिने चुनौती मिल्दछ । सम्भावना उजागर हुँदै जाँदा सदस्यहरू जुटिरहने, नेतृत्व विकास हुने र अन्ततः सफलता हासिल हुने हुन्छ । परन्तु, यदि कुनै आयोजनाले उत्पादन गरिदिएको बिजुली गाउँसम्म पुऱ्याउने खालको वितरण संस्थामात्रको योजना हो भने बत्ति बाल्ने अनि महसुल बुझाउने काममा सुबिस्ता हुन्छ; जनजीवनमा तात्त्विक अन्तर पर्दैन । न जोखिम, न चुनौती, न त कुनै जागृति – संस्था अध्यक्ष र कर्मचारीलाई भुल्ने मेलोबाहेक केही हुँदैन ।

तालिका २ मा वास्तविक र नाममात्रको सरोकारका थप उदाहरण दिइएका छन् ।

**तालिका २ : सहकारी सेवामा सदस्यको सरोकार**

| **साधारण प्रयोजन** | **असाधारण प्रयोजन** |
|---|---|
| • अनेकीकृत सेवा (जस्तै- सहकारी आवास ग्राम) | • एकीकृत सेवा (जस्तै- सहकारी आवास एवं औद्योगिक ग्राम) |
| • सीमित लाभ (जस्तै- कृषि ऋृण संस्था) | • असीमित लाभ (जस्तै- कृषि बजारीकरण संस्था) |
| • आंशिक जीवन (जस्तै- उपभोक्ता चमेना गृह) | • पूर्ण जीवन (जस्तै- श्रमिक चमेना गृह) |

**साधारण कामकुराका लागि होइन सदस्यहरूको संसार बदल्ने आकाङ्क्षा हासिल गर्नका लागि सहकारी संस्थाको स्थापना गरिन्छ ।**

सरोकारमा प्रश्न सहकारी संस्था दर्ता गर्न मिल्दछ कि मिल्दैन भन्ने होइन; दर्ता गर्नुको अर्थ हुन्छ कि हुँदैन भन्ने हो । उपभोक्ता समूहकै रूपमा व्यवस्थित हुने कामका लागि पनि सहकारी संस्था चाहिँदैन । त्यस्तै, विभिन्न निकायका सेवा प्रवाहको माध्यममात्र बन्ने खालकै संस्थाले पनि कुनै उपति गर्दैन । खासमा अर्काको अधीनस्थ भएर दिइएको ढाँचामा चल्ने सहकारी संस्था नै हुँदैन । सहकारी संस्था त सदस्यहरूले स्वतन्त्र रूपमा आफ्नै रचना गर्ने थलो हो ।

## ९. विषय

सहकारी संस्था गठन अनि दर्ता गर्दा किसिमको पनि विचार गर्नुपर्ने हुन्छ ।

सहकारी संस्थाको मूल वर्गीकरण त उत्पादक, श्रमिक र उपभोक्ता नै हो । तीनोटा आयाम प्रत्येकअन्तर्गत विषयहरू छुट्ट्याउन सकिन्छ । जस्तै- उत्पादक संस्थाहरूमा दुग्ध कृषक, फलफूल कृषक, माछापालक कृषकका व्यवसाय-विशेषमा केन्द्रित प्रकारहरू हुन सक्तछन् । उपभोक्ता संस्थाहरूमा पनि बिजुली, बचत-ऋण सेवा, स्वास्थ्य सेवालगायतका किसिम छुट्टिन्छन् । त्यसै गरी औद्योगिक उत्पादन, हस्तकला, श्रम करार – श्रमिक सहकारिता पनि विभिन्न विषयमा विकसित हुन सक्तछ ।

उत्पादक, श्रमिक वा उपभोक्ता – एकैथरी सदस्य हुने संस्थालाई विषयगत भनिन्छ । उदाहरणका लागि सदस्यहरू सबै चिया खेती गर्ने भए संस्था चियाको विषयगत हुन्छ र सेवाहरू चियामा केन्द्रित हुन्छन् । विषयगत सहकारी संस्थाहरू (Specialized co-operatives) वस्तु-विशेषका (Commodity-specific) वा कार्य-विशेषका (Function-specific) हुन सक्तछन् । कृषि सहकारी संस्था कार्य-विशेषको हो भने कफी सहकारी संस्था वस्तु-विशेषको ।

के सदस्यहरू तीनैथरी हुन सक्तैनन् ?

सक्तछन् । समुदायमा – खास गरी ग्रामीण समुदायमा – खेतीपाती गर्ने, श्रम गर्ने र उपभोग गर्ने तीनैथरी परिवारहरू सँगै बस्दछन् । समुदायका सबै जना सबैका यावत् आवश्यकताहरू पूरा गर्ने र साझा आकाङ्क्षाहरू हासिल गर्ने गरी सहकारी ढाँचामा सङ्गठित हुँदा अझ राम्रो भयो । वास्तवमा सहकारी विचारको प्रारम्भ नै समुदाय बनाउने चिन्तनबाट भएको थियो । तीनैथरी आर्थिक प्रकृति भएका समुदायका व्यक्तिहरूको सङ्गठन विषयगत नभएर बहुउद्देश्यीय (Multipurpose) कहलाइन्छ र सदस्यहरूको आर्थिक प्रकृतिअनुसारका उत्पादन, उपभोग र स्व-रोजगारीका कार्यहरूमा केन्द्रित हुन्छ । यदाकदा बहुउद्देश्यीय सहकारी संस्थालाई सामुदायिक सहकारी संस्था (Community co-operative) पनि भन्ने चलन छ ।

एकमात्र कार्य गर्ने संस्थालाई विषयगत र अनेक कार्य गर्ने संस्थालाई बहुउद्देश्यीय भन्ने बुझाइ भने मिल्दो होइन । विषयगत संस्थाले पनि सदस्यहरूको आवश्यकता हेरी विभिन्न सेवाहरू सञ्चालन गर्न सक्तछ । रेसम खेती संस्थाको उदाहरण मिल्दो होला । सदस्यहरूको रेसम कोया (Cocoon) सङ्कलन, प्रशोधन, बजारीकरणका साथै किरापालन गृह (Rearing house) बनाउन ऋण दिने, किराका फुल वा किम्बुका बिरुवा विक्री गर्ने, रोगव्याधि नियन्त्रणका लागि ओखतीमूलोको व्यवस्था गर्ने, उत्पादनको गुणस्तर कायम राख्न प्रशिक्षण चलाउने र बाली नाश (Crop failure) भए क्षतिपूर्तिका लागि पारस्परिक सुरक्षण व्यवस्था मिलाउने – रेसम खेती संस्थाले विभिन्न सेवाहरू सञ्चालन गर्न सक्तछ । त्यति मात्र कहाँ हो र ! सदस्यहरूले कोया बेचेर प्राप्त गरेको पैसामध्ये मासिक रूपमा निश्चित रकम बचत गर्ने व्यवस्थासमेत त्यै संस्थाले मिलाउन सक्तछ । संस्थाले नियमित बचत गर्ने योजना सञ्चालन गर्दा सदस्यहरूमा फारु गर्ने बानी बस्दछ, ऋणको साउँ-व्याज चुक्ता गर्ने अथवा एकमुस्ट रकम झिकी किरापालन गृह थपेर जेथा जोड्ने बाटो बन्दछ र त्यसबीचमा अड्कोपड्को परे आर्थिक सुरक्षा (Economic security) को प्रत्याभूति मिल्दछ । त्यस अर्थमा नियमित सदस्य बचत परिचालन योजना रेसम खेती संस्थाले पनि सञ्चालन गर्न सक्तछ ।

वास्तवमा सदस्यको जीवनस्तरमा प्रभाव पार्ने हो भने संस्थाले उत्पादनतर्फी सेवाहरूलाई बजारतर्फी सेवाहरूसँग र बजारतर्फी सेवाहरूलाई बचततर्फी सेवाहरूसँग गाँस्नुपर्ने हुन्छ, जसलाई एकीकृत सहकारी सेवाहरू

(Integrated co-operative services) भनिन्छ । एकीकृत सहकारी सेवाहरूमा उत्पादन सामग्री (Input) को रूपमा सदस्यहरूमा प्रवाहित हुने ऋणको साउँ-व्याज संस्थाले सदस्यहरूसँग खरिद गरेको उपजको भुक्तानी गर्दा स्वतः कटाउन सकिने भएर असुलीको बनिबनाउ परिपाटीसमेत कायम हुन्छ । साथै बढेको उत्पादन अनि वास्तविक मूल्यबापत सदस्यहरूले पाएको पैसा बचत गर्ने बानी बस्नाले ग्रामीण ऋणग्रस्तता (Rural indebtedness) घटाउन र यथासमय जेथा जोडेर गरिब सदस्य धनी बन्ने बाटो खोल्न सकिन्छ ।

विषयगत उत्पादनमूलक संस्थाका सेवाहरू पनि एकीकृत हुनुपर्दछ भन्नाको मतलब जुनसुकै संस्थाले जुनसुकै सेवा सञ्चालन गर्न सक्तछ भन्ने भने होइन । संस्थाको प्रकृतिअनुसार सेवाहरूमा स्वाभाविक सीमाङ्कन हुन्छन् । मुख्यतः देहायका तीनथरी बन्देजहरू ध्यानयोग्य छन् :

क. बचत परिचालनमा बन्देज
ख. सेवाको विविधतामा बन्देज
ग. कार्यक्षेत्रको फैलाउमा बन्देज ।

## क. बचत परिचालनमा बन्देज

बहुउद्देश्यीय, उत्पादनमूलक वा स्व-रोजगारीमूलक सहकारी संस्थाहरूले बचत परिचालन सेवा सञ्चालन गर्दा नियमित बचत (अर्थात् प्रतिसदस्य महिनावारी रु. १।- देखि १,०००।- सम्म) मात्र सङ्कलन गर्न सक्तछन् । त्यसमाथि सङ्कलित बचतको दायित्व सोसमेत जम्मा वार्षिक व्यावसायिक कारोबारको ३० प्रतिशत नाघ्नु हुँदैन । उदाहरणका लागि रेसम खेती संस्थाले कुनै आवमा सदस्यहरूसँग गरेको खरिद र विक्री कारोबार रु. १ करोड ७५ लाख रहेछ भने सदस्यहरूबाट जम्मा गरेको बचतको रकम ७५ लाख वा त्यसभन्दा घटी हुनुपर्दछ । यदि दैनिक बचत सेवा सञ्चालन गर्ने हो भने स्वयम् व्यावसायिक कारोबारमा संलग्न नहुने विषयगत बचत तथा ऋण संस्थामा दर्ता हुनुपर्ने हुन्छ । भनाइको अर्थ, एकीकृत सहकारी सेवाअन्तर्गत सीमित मात्रामा बचत परिचालनको काम उत्पादनमूलक वा बहुमुखी संस्थाहरूले पनि गर्न सक्तछन् तर बचत तथा ऋणको विषयगत संस्थाले वस्तु व्यवसायको काम कत्ति गर्न

सक्तैन । वित्त व्यवसायका सर्वमान्य मानदण्डहरू हुन्छन् । वाणिज्य बैङ्कहरू कुनैले पनि वस्तुको बेपार गर्दैन ।

सीमित बचत परिचालनको सुविधा बहुउद्देश्यीय संस्थाका साथै प्राथमिक उत्पादक वा श्रमिक संस्थाहरूको हकमा मात्र मिल्ने हुन्छ । अर्थात् उपभोक्ता संस्थाहरूले मासिक बचत पनि सङ्कलन गर्न सक्तैनन् । कारण उपभोक्ता संस्थाहरूको सेवा आम्दानीतर्फ पर्दैन, खर्चतर्फ पर्दछ र एकीकरणको कुरै आउँदैन । फेरि उपभोक्ताहरूले बचत तथा ऋण विषयगत संस्था नै खोल्न सकिहाल्दछन् । सहकारी भन्डार (Co-operative store), यातायात वा अस्पतालहरूले बचत सङ्कलन गर्ने कुरो सुन्दै सुहाउने लाग्दैन ।

साथै विषयगत बचत तथा ऋण संस्थाले नै पनि सहकारी बचत योजनाका स्वीकृत मानदण्डभित्र सदस्यहरूको बचत खातामात्र खोल्न र सङ्कलित रकम परिचालन गर्न सक्ने हो । चल्ती वा मुद्दती खाता खोल्न वा थप वित्तीय सेवामा संलग्न हुन नेपाल राष्ट्र बैङ्कबाट सीमित बैङ्किङ कारोबार गर्ने स्वीकृति लिनुपर्ने हुन्छ । वित्तीय जोखिमअनुसार तह-तहमा सक्षमताको नियामक मानदण्डहरू लागू हुन्छन् ।

**सहकारी बचत परिचालनको जोखिम हेरी संस्थागत सक्षमताका नियामक मानदण्डहरू लागू गरिन्छन् ।**

## ख. सेवाको विविधतामा बन्देज

विषयगत सहकारी संस्थाका समस्त सेवाहरू वस्तु-विशेषको भए वस्तुमा र कार्य-विशेषको भए कार्यमा केन्द्रित हुनुपर्दछ । उदाहरणार्थ कफी वस्तु-विशेषको संस्था कफीसँगै चिया खेतीको प्रवर्धन कार्यमा संलग्न हुँदैन । कफीभित्र अन्तरबालीको रूपमा भूईँकटहर वा तरकारी खेतीको कुरो पृथक् भयो । कफीका कारणले वा कफीसँगै गाँसिएका त्यस्ता बालीबाहेक कफीसरह चिया वा अन्य बालीमा पनि व्यवसाय गर्ने हो भने कफी वस्तु-विशेषको संस्था नबनाएर कार्य-विशेषको कृषि संस्था बनाउनुपर्ने हुन्छ ।

कृषि कार्य-विशेषको विषयगत संस्था फेरि खेतीपाती (जसमा उपजको विक्रीका लागि विक्री केन्द्र वा बजारस्थल र प्रशोधनका उद्योगधन्दासमेत पर्दछन्) बाहेकको व्यवसायमा संलग्न हुन सक्तैन । उदाहरणका लागि सिसाकलम उद्योग कृषि संस्थाको व्यावसायिक कार्यक्षेत्रमा पर्दैन । किनभने कृषि संस्थाका सदस्यहरू सबै जना कृषक नै हुनुपर्दछ; श्रमिक हुनु हुँदैन ।

त्यस्तै, सदस्यहरू उत्पादक हुने हुनाले कृषि संस्थाले सहकारी उपभोक्ता भन्डार चलाउनु मिल्दो देखिँदैन ।

सहकारी उपभोक्ता भन्डारले फेरि सदस्यहरूलाई सस्तो औ शुद्ध चीजबीच उपलब्ध गराउने प्रयासमा बजारभन्दा पर पुगेर आफ्नै दाल, चामल, तेल मिल चलाउन सक्तछ तर बीउ प्रशोधन उद्योग चलाउन सक्तैन । बहुउद्देश्यीय संस्थामा भने उत्पादक, उपभोक्ता र श्रमिक तीनैथरी सदस्य हुन्छन् र संस्थाको व्यवसाय पनि खेतीपाती, विक्री वितरण अनि स्व-रोजगारीका फाँटमा फैलिन सक्ने हुन्छ । सदस्यहरूको आवश्यकताको सीमा भने बहुउद्देश्यीय संस्थासमेत जुनसुकै सहकारी संस्थामा लाग्दछ । उदाहरणका लागि सदस्यहरूले नफलाएको तोरी हो वा त्यसको तेल सदस्यहरूलाई नबेच्ने हो भने बहुउद्देश्यीय भन्दैमा संस्थाले तेल मिल चलाउन सक्तैन । अर्थात् सहकारी तेल मिलले कि सदस्यको तोरी किनेर तेल बजारमा बेच्नुपर्ने हुन्छ कि त बजारको तोरी किनेर तेल सदस्यलाई बेच्नुपर्ने हुन्छ ।

गैरव्यावसायिक सेवाहरूमा भने जुनसुकै सहकारी संस्था संलग्न हुन सक्तछ । कारण त्यस्ता सेवाहरूमा समुदायप्रतिको सहकारीकर्मीहरूको दायित्व झल्किन्छ । तदनुसार सामुदायिक विकास कोषको रकमबाट बचत तथा ऋण संस्थाले सर्पदंश उपचार केन्द्र खोल्न, कफी संस्थाले प्राङ्गारिक खेतीपातीको प्रसार गर्न अथवा कृषि संस्थाले उपभोक्ता हित संरक्षण अभियान चलाउन बाधा पर्दैन । खानेपानी आयोजना, बाटोघाटो निर्माण, प्राकृतिक स्रोत संरक्षण, हिंसाबाट प्रभावित महिलाको पुनर्स्थापना, आपत्‌विपत्‌का बेला मानवीय सहायताजस्ता सेवाहरू सहकारी संस्था भएका नाताले नै कार्यक्षेत्रमा पर्दछन् ।

## ग. कार्यक्षेत्रको फैलाउमा बन्देज

माथि व्यावसायिक कार्यक्षेत्र वस्तु-विशेषको विषयगत संस्थाको हेरी कार्य-विशेषको विषयगत संस्थाको र कार्य-विशेषको विषयगत संस्थाको हेरी बहुउद्देश्यीय संस्थाको फराकिलो हुन्छ भनियो । भौगोलिक कार्यक्षेत्रमा भने त्यसको ठीक उल्टो पर्दछ । अर्थात् भौगोलिक विस्तारको गुञ्जायस सबभन्दा बढ्ता वस्तु-विशेषको विषयगत संस्थाको हुन्छ भने त्यसपछि कार्य-विशेषको विषयगत संस्थाको र त्यसपछि मात्र बहुउद्देश्यीय संस्थाको हुन्छ ।

माथि ७ मा बताइएझैँ साझा बन्धनका कारणले त्यसो भएको हो । वस्तुगत संस्थाका सदस्यहरूमा वस्तुकै कारण आपस सृजना हुन्छ । कुनै वडाको चिया कृषक र छिमेकी वडाको अनि अर्को वडाको चिया कृषकबीच चिया खेतीकै सिलसिलामा भेटघाट भइरहन्छ, चियाकै चर्चा चल्दछ र देखासिकी, आउजाउ, सहयोग लेनादेनासमेतका अवसरहरू मिल्दछन् । त्यसकारण चिया खेतीवालाहरूको संस्था भौगोलिक अवस्थितिअनुसार एक, दुई वा तीनै वडामा फैलिए पनि सामूहिक एकताभाव (Cohesion) कायमै रहन सक्तछ ।

कृषिको कार्यगत संस्थामा चिया, कफी वा रेसममा भनेजस्तो सदस्यमाझ चिनापर्ची, कुराकानी, पारस्परिकता हुँदैन । एकले चियाको बिरुवाको कुरो गरे अर्कोले कफी वा किम्बुको बिरुवाको कुरो सुन्न चाहने हुन्छ । वस्तु-विशेषको नगिचको नाता नहुने भएपछि खेतीकिसानीको टाढैको नाता पारेर सदस्यहरूको सम्मिलन हुनुपर्ने भएकाले त्यसमा छिमेकीको नातासमेत जोडेर न्यूनतम साझा बन्धन सुनिश्चित गर्नुपर्ने खण्ड पर्दछ ।

बचत परिचालनजस्तो कार्य-विशेषको संस्थामा पनि छिमेकी, साङ्गठनिक वा अन्य रूपमा साझा बन्धन खोज्नुपर्ने हुन्छ । बहुउद्देश्यीय संस्थामा त झन् सदस्यहरू नै तीनथरी हुन्छन् । चासो फरक पर्ने कारणले छिमेकीपनको बन्धनमा कसिलो गरी नबाँधिएका बहुउद्देश्यीय संस्थाका सदस्यहरू छिट्टै छिन्नभिन्न भइहाल्दछन् । त्यसकारण बहुउद्देश्यीय संस्थाको भौगोलिक कार्यक्षेत्र छिमेकमा – प्रायशः एउटा वडामा – सीमित हुन्छ ।

बहुउद्देश्यीय वा विषयगत अनि विषयगतमा पनि वस्तु-विशेषको वा कार्य-विशेषको सहकारी सङ्गठनको कुन रूप रोज्ने भन्ने कुरो सम्बद्ध सदस्यहरूकै अधिकार हो । त्यसो भनेर जुनसुकै विषयको पनि सहकारी संस्था गठन र दर्ता गर्न सकिने भने हुँदैन । खास गरी कृषितर्फ यता बालीपिच्छे विषयगत संस्था स्थापना गर्ने प्रयास भइरहेको देखिन्छ । केही त्यस्ता संस्था दर्तासमेत भइसकेका छन् । अघिको गल्ती पनि अब सुधार्नुपर्ने भएको छ ।

सहकारिता जीवनपर्यन्त लागिपराइको प्रक्रिया भएकाले स्थायित्व अति वाञ्छनीय हुन्छ । कृषि कार्यमा साङ्गठनिक एवं सहभागिताको स्थायित्वका लागि जमिनको अनुबन्धन (Land commitment) लाई आधार बनाउन सकिन्छ । जस्तै- चिया बगैँचामा बीसौँ वर्ष चिया नै रहने हुनाले चियाको

वस्तु-विशेषको विषयगत संस्था स्थापना गर्नुको अर्थ भयो । आज तरकारी लगाएको बारीमा दुई महिनापछि मकै अनि त्यसको तीन महिनापछि तोरी लगाइन्छ भने तरकारी, मकै वा तोरीको वस्तु-विशेषको विषयगत संस्था बनाइयो भने काम लाग्दैन । त्यस्तोमा बरु 'कृषि' भनेर कार्य-विशेषको विषयगत संस्था बनाउन सकिन्छ ।

उत्पादक संस्थामा जग्गाको समर्पणजस्तै उपभोक्ता संस्थामा सेवाको विशिष्टीकरण ध्यानयोग्य छ । त्यसै गरी श्रमिक संस्थापट्टि सीपको विशिष्टीकरण हेर्न सकिन्छ । उत्पादक वा श्रमिक संस्था भए सदस्यहरूले पारिवारिक आम्दानीको मुख्य स्रोत बनाउने योजना हो, होइन ? र उपभोक्ता संस्था भए मुख्य पारिवारिक समस्या समाधानको योजना हो, होइन ? भन्ने पनि विचारणीय छ । त्यसमाथि जुनसुकै संस्थाको हकमा प्रचलित सहकारी अभ्यासको त ख्याल गर्नुपर्ने नै भयो ।

उपर्युक्त सबै मानदण्डहरूका आधारमा प्रारम्भिक सहकारी संस्था बहुउद्देश्यीय वा देहायका विषयका विषयगत रूपमा दर्ता गर्दा अनुपम हुन्छ :

**क.** **उत्पादक संस्था** : कृषि, दुग्ध, चिया, कफि, उखु, फलफूल र माछापालन-विशेषका विषयगत र अगुवा बाली एवं उत्पादनको योजनासमेतका आधारमा अन्य उत्पादनमूलक संस्था;

**ख.** **उपभोक्ता संस्था** : उपभोक्ता भन्डार, बचत तथा ऋण, उर्जा र स्वास्थ्य-विशेषका विषयगत र प्राथमिक आवश्यकता एवं सेवाको योजनासमेतका आधारमा अन्य उपभोगजन्य संस्था;

**ग.** **श्रमिक संस्था :** हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार-विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवं स्व-रोजगारीको योजनासमेतका आधारमा अन्य श्रममा आधारित संस्था र

**घ.** **बहुउद्देश्यीय संस्था :** उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्व-रोजगारीका सेवासमेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था ।

विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रमसमेतको आधारमा स्थानीय तहको सहकारी नियमावलीमा विषयहरू थप गर्न सकिने नै भयो ।

साथै अपवादमा अन्य संस्थाअन्तर्गत सहकारी सिद्धान्तसम्मत गठन भएको संस्था दर्ता गर्न बाधा पर्दैन । छुट्टै वर्गीकरण नभएकाले माथिल्लो स्तरमा त्यस्तै विषयगत सङ्घचाहिँ दर्ता हुँदैन । उदाहरणका लागि अन्य उपभोक्ता संस्थातर्फ यातायात सेवालाई लिन सकिन्छ । साधारणतया भने एकलकाँटे संस्था दर्ता गर्नुभन्दा स्वीकृत विषयमध्ये मिल्दो पारेरै दर्ता गर्नु वाञ्छनीय हुन्छ ।

## १०. पूर्व-शिक्षा

वैचारिक रूपमा पूर्ण तर व्यवहारमा प्रशस्त विचलन देखिएको आन्दोलन सहकारी पनि हो ।

सहकारितामा राजनीतिक तटस्थता हुनुपर्दछ, सहकारी संस्थाको सेयर किन्नु भनेको कम्पनीको सेयर किनेजस्तो होइन र सदस्यहरूले बचत बैङ्क नसम्झेर सक्रिय रूपमा सञ्चालकीय जिम्मा लिने गरी मात्र सहकारी संस्था दर्ता गर्नुपर्दछ । सर्वसाधारण सदस्यले सम्बन्धित निकायले हेरेको होला भन्ने अनि सम्बन्धित निकायले सदस्यहरूले हेरेकै होलान् भन्ने – सहकारी संस्थाको दुरुपयोग गर्ने ठाम यहीँनेर मिलिरहेको हुन्छ । नियामक निकायको रेखदेख सक्रियता अपेक्षित छ तर सदस्यहरूको लोकतान्त्रिक नियन्त्रणको विकल्प कहिल्यै हुन सक्तैन ।

**सहकारिताको दुरुपयोग रोक्ने सबभन्दा राम्रो उपाय भनेको संस्था गठन गर्ने कुरो चल्दैमा पूर्व-सदस्य कक्षा चलाइहाल्नु हो ।**

उपर्युक्त कुरा साधारण र सबैले सजिलै बुझ्ने खालका पनि हुन् । संस्था सञ्चालन भइसकेपछि भने सदस्यहरूलाई हूलका हूल शिक्षा शिविरमा डाकेर तीन-तीन दिनसम्म छलफल चलाउँदा पनि भनेजस्तो प्रभाव देखिएन । संस्था दर्ता नगर्दै बरु आधै दिनको अभिमुखीकरणबाट पनि सदस्यहरूमा जागरुकता पैदा भयो, भ्रमहरू दूर भए र विसङ्गतिहरू कम्ती परे ।

बिग्रेको सपार्नभन्दा बनाउँदैमा राम्रो पार्न सुगम हुने नै भयो । त्यसकारण संस्था दर्ता गरेर सदस्य शिक्षाको व्यवस्था गर्नुभन्दा दर्ता नगर्दै – अझ

विनियम तर्जुमाअगावै – सहकारी शिक्षाको व्यवस्था गर्नुपर्ने हुन्छ । सहकारिता के ? किन ? कसलाई ? भन्ने नबुझेर साधारण सदस्यहरू मात्र होइन दर्ता गर्न दबाब दिने हर्ताकर्ता सञ्चालकहरू स्वयम् समस्यामा परेका मनग्गे दृष्तान्त छन् ।

अतः दर्ता गर्ने अधिकारीले दरखास्तवालाहरू प्रत्येकले कम्तीमा एक दिनको पूर्व-सहकारी कक्षा पाएको हुनुपर्ने, त्यसपछि मात्र विनियम तथा व्यावसायिक कार्ययोजना बनाएको हुनुपर्ने र त्यसपछि नितान्त लोकतान्त्रिक ढङ्गले तदर्थ सञ्चालक समितिका अध्यक्षलगायत चुनेको हुनुपर्ने सर्त राख्नुपर्दछ भन्न सकिन्छ ।

## ११. विनियम

**सहकारी संस्थाको विनियम सदस्यहरूको आकाङ्क्षा झल्किने बडापत्र हुनुपर्दछ ।**

सहकारी संस्थाको विनियम संस्थापनको विधानमात्र होइन, अपितु सदस्यहरूको आकाङ्क्षाको विज्ञप्ति पनि हो । विनियममा सङ्घटनको प्रयोजन खुल्नुपर्दछ, सेवाहरूको रूपाङ्कन हुनुपर्दछ र सशक्तीकरणका प्रक्रियाहरू स्थापित गरिनुपर्दछ । विनियममा सहकारी दर्शन भेटिनुपर्दछ । सुशासनका मानकहरू विनियममै मिल्नुपर्दछ । विनियम सहकारी सदस्यहरूको रचनाको उपज पनि हुनुपर्दछ ।

पछिल्लो कुरो सम्भवतः सबभन्दा बढ्ता महत्त्वपूर्ण छ । अर्काको बुद्धिले बन्न नसक्ने हुनाले सहकारी संस्थाको विनियममा सारवान पक्षभन्दा प्रक्रियागत पक्ष प्रधान हुन्छन् । परन्तु, विनियम तर्जुमा गर्दा प्रायशः नमुना लिने र त्यसमा थपघट गरेर कागत पुऱ्याउने काममात्र हुने गरेको पाइन्छ । नमुना हेर्न नहुने भन्ने होइन; हेर्न सकिन्छ तर नक्कल गर्नु हुँदैन । विनियमको प्रत्येक प्रावधान सदस्यहरूले नै सहकारी सिद्धान्त, व्यावसायिक आवश्यकता र सुशासनका सर्तहरू दृष्टिगत गरेर आफ्नो भूमिका सङ्कुचित नहुने गरी राखिनुपर्दछ ।

दर्ता गर्ने अधिकारीले प्रथमतः माथि भनिएजस्तो गरी विनियम मस्यौदा गरिएको हो, होइन ? हेर्नुपर्ने हुन्छ । त्यसपछि विनियममा पर्नुपर्ने विषयहरू

परेका छन्, छैनन् ? रुजु गर्नुका साथै प्रस्तावित प्रावधानहरू सहकारी सिद्धान्त, स्थानीय तहको सहकारी ऐन र अन्य प्रचलित कानुनबमोजिम भए, नभएको जाँचबुझ गर्नुपर्दछ ।

विनियमका विशेष व्यवस्था संस्थाअनुसार फरक पर्दछन् । सहकारी संस्था हुनुका नाताले कतिपय साझा प्रावधान पनि विनियममा हुन्छन् । दर्ता गर्ने अधिकारीको दृष्टिकोणबाट सर्वमान्य सहकारी सिद्धान्तको प्रचलन गराउन र संस्थामा वित्तीय अनुशासनका मानदण्डहरू कायम राख्न जो-चाहिने बन्दोबस्त भयो, भएन भन्ने विशेषतः हेर्नुपर्ने हुन्छ । विनियमको विषयवस्तुका साथै जुनसुकै संस्थाको विनियममा छुटाउन नहुने व्यवस्थाका नमुनासमेत अनुसूची १६ मा दिइएका छन् ।

## १२. कार्यविधि

सहकारी संस्थापन कार्यविधिलाई गठन र दर्ता गरी दुइटा पाटामा हेर्न सकिन्छ । गठनको प्रक्रिया आवेदकहरूले पूरा गर्नुपर्ने हुन्छ भने दर्ता प्रक्रिया दर्ता गर्ने अधिकारीले । त्यस्तै, गठन परिकल्पना, प्रयत्न, परामर्श, परिमार्जन र पूर्व-तयारीको वस्तुतः अनौपचारिक शृङ्खला हो भने दर्ता प्रारूपको अध्ययन, प्राज्ञिक प्रतिक्रिया, प्रमाणहरूको छानबिन, प्रत्यक्ष परीक्षण र आवश्यक पत्राचारको वस्तुतः औपचारिक शृङ्खला ।

**सहकारी सङ्गठन कागतपत्रको भरमा खडा हुँदैन ।**

गठन होस् वा दर्ता, सहकारी संस्थापन कानुनीभन्दा पनि सामाजिक विधि हो । सहकारी सङ्गठन हतारपतारमा बन्दैन – न त कागतपत्रमा नै खडा हुन्छ । त्यस्तै, सहकारी संस्थाको दर्ता द्रुत सार्वजनिक सेवा प्रवाहको प्रश्नभन्दा पनि आवेदक र अधिकारीहरू बीच रचनात्मक अन्तरक्रियाको परिणति हुनुपर्दछ ।

### १२.१ गठन कार्यविधि

### क. आपसी सरसल्लाह

वैचारिक स्तरमा संस्थाको उपादेयताको प्रारम्भिक लेखाजोखा नै आपसी सरसल्लाह हो । 'आपसी' भनेपछि जसका लागि संस्था चाहिएको हो उनीहरू बीचको भन्ने त प्रस्टै भयो, उनीहरूभन्दा परका कसैको अथवा उनीहरू मध्येकै टाठाबाठामात्रको प्रभावविनाको भन्ने पनि बोध हुन्छ । पहिलो दिनदेखि नै स्वैच्छिक सदस्यताको भावनाबाट काम भएमा नै स्वामित्व सुनिश्चित हुने हो ।

आपसी सरसल्लाह दुई-चार दिन – अझ दुई-चार महिना नै – चल्न सक्तछ, जस दौरान भावी सदस्यहरूले घर-घरै, साथी-साथीबीच वा समूह-समूहमा सहकारिता के हो ? किन राम्रो हो ? र आफूलाई चाहिएको हो, होइन ? भन्ने खालका आधारभूत प्रश्नहरूको उत्तर प्राप्त गर्न सक्तछन् ।

### ख. पूर्व-परामर्श

आपसी सरसल्लाहका क्रममा पैदा भएका अनेक जिज्ञासाहरूको समाधानविना संस्था गठन गर्नु बुद्धिमानी होइन । सिद्धान्ततः त्यसो गर्दा अनिच्छित सहभागिताको खण्ड पर्ने हुन्छ । व्यवहारतः पनि भन्नेबित्तिकै गठन भएका संस्थाहरूमा निष्क्रिय सदस्यताको समस्या देखिएको छ । कारण पहिला सुविधा गुम्ला कि भनेर सदस्य बनिहाल्ने तर पछि आफ्नै प्रयासबाट गर्नुपर्ने थाहा हुँदा व्यर्थ लाग्ने हुन्छ । अतः आपसी सरसल्लाहकै दौरान दर्ता गर्ने अधिकारीसँग यथाशक्य पूर्व-परामर्श गरेर वास्तविक सहकारी अभ्यास एवं सम्भावनाका सम्बन्धमा प्रस्ट हुनु वाञ्छनीय छ ।

### ग. पूर्व-सहकारी शिक्षा

दर्ता गर्ने अधिकारीसँगको परामर्शको उत्तमोत्तम निष्कर्ष माथि १० मा भनिएजस्तो पूर्व-शिक्षाको व्यवस्था हुन सक्तछ ।

## घ. प्रथम प्रारम्भिक भेला

प्रस्तावित संस्था गठन गर्न इच्छुक व्यक्तिहरूको प्रारम्भिक भेला बोलाउनुपर्दछ । भेलामा संस्थाको किसिमअनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम सङ्ख्यामा इच्छुक सबै व्यक्तिहरू अनिवार्य रूपमा उपस्थित हुनुपर्दछ । भेलामा उपस्थित व्यक्तिहरू मध्येवाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा बैठक बसी देहायको कार्यसूचीमा विचार-विमर्श गरेर निर्णय लिनुपर्दछ :

घ-१. संस्था खोल्ने विषयमा;
घ-२. संस्थाको नाम, ठेगाना सम्बन्धमा;
घ-३. संस्थाका उद्देश्य र कार्यहरूको निर्धारण सम्बन्धमा;
घ-४. संस्थाको कार्यक्षेत्र तय गर्ने सम्बन्धमा;
घ-५. संस्थाको प्रतिसेयर रकम र सदस्य प्रवेश शुल्क निर्धारण सम्बन्धमा;
घ-६. तदर्थ सञ्चालक समितिको गठन सम्बन्धमा;
घ-७. विनियम मस्यौदा समिति गठन गर्ने सम्बन्धमा;
घ-८. कार्ययोजना तर्जुमा समिति गठन गर्ने सम्बन्धमा;
घ-९. आर्थिक तथा प्रशासनिक नियमावली मस्यौदा समिति गठन गर्ने सम्बन्धमा;
घ-१०. बचत तथा ऋणको कारोबार गर्ने संस्था भए बचत परिचालन निर्देशिका मस्यौदा समिति गठन गर्ने सम्बन्धमा;
घ-११. सेयर र सदस्य प्रवेश शुल्कबापत रकम उठाउने र उठेको रकम जिम्मा दिने सम्बन्धमा र
घ-१२. संस्था स्थापनाका सिलसिलामा तय गर्नुपर्ने अन्य आवश्यक विषयहरूमा ।

पहिलो प्रारम्भिक भेलाका निर्णयहरूको नमुना अनुसूची ४ बाट लिन सकिन्छ ।

### (२) दोस्रो प्रारम्भिक भेला

अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारीअनुसार विभिन्न समितिहरूले कार्य सम्पन्न गरेपछि त्यस बीचमा इच्छुक अन्य व्यक्तिहरू समेतलाई दोस्रो

प्रारम्भिक भेलामा डाकी संस्थाको किसिमअनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम सङ्ख्या पुगेको उपस्थितिमा देहायको कार्यसूचीमा छलफल चलाएर निर्णय गर्नुपर्दछ :

ङ-१. मस्यौदा विनियम पारित गर्ने;

ङ-२. प्रस्तावित कार्ययोजना स्वीकृत गर्ने;

ङ-३. संस्था दर्ता गर्न तदर्थ सञ्चालक समितिका अध्यक्ष र अन्य दुई जनासम्मलाई अधिकार प्रत्यायोजन गर्ने;

ङ-४. संस्था दर्तापश्चात् सेयर र सदस्य प्रवेश शुल्कबापत उठेको रकम बैङ्कमा खाता खोली जम्मा गर्ने;

ङ-५. खाता सञ्चालन गर्ने व्यक्तिहरू तोक्ने;

ङ-६. स्व-घोषणा-पत्रमा सहीछाप गर्ने;

ङ-७. आर्थिक तथा प्रशासनिक नियमावलीको मस्यौदा पारित गर्ने;

ङ-८. बचत तथा ऋणको कारोबार गर्ने संस्था भए मस्यौदा बचत परिचालन निर्देशिका पारित गर्ने र

ङ-९. संस्था स्थापनाका सिलसिलामा आवश्यक अन्य विषयहरू तय गर्ने ।

दोस्रो भेलाका निर्णय लेख्दा अनुसुची-५ को नमुना हेर्न सकिन्छ ।

### च. संस्था दर्ताको दरखास्त

माथि उल्लेख भएअनुसारको प्रक्रिया पूरा गरिसकेपछि अनुसूची ७ को ढाँचामा तदर्थ सञ्चालक समितिका अध्यक्षको तर्फबाट रु. १०।- को टिकट टाँसी प्रस्तावित संस्थाको दुई प्रति सक्कलै विनियमलगायत अनुसूची २ मा उल्लिखित सम्पूर्ण कागजातहरू संलग्न राखेर दर्ता गर्ने अधिकारीछेउ दरखास्त दिनुपर्दछ ।

## १२.२ दर्ता कार्यविधि

### क. प्रारम्भिक छानबिन

दर्ता गर्ने अधिकारीले सहकारी संस्था दर्ताका लागि परेको दरखास्तमा प्रारम्भिक छानबिन गराउनुपर्ने हुन्छ, जसअन्तर्गत पहिलो काम अनुसूची १ बमोजिम सिद्धान्तसम्मतिको जाँच पर्दछ । प्रारम्भिक रूपमा आवश्यक

कागतपत्रहरू पुगे, नपुगेको हेरी आवेदकहरूलाई नपुग कागतपत्रहरू पुऱ्याउन लगाउने चलन मुनासिब होइन । कारण ओहोर-दोहोर गरी कागतपत्र जुटाएपछि फेरि सिद्धान्ततः सहकारी संस्थाको रूपमा दर्ता गर्न नसकिने देखियो भने आवेदकहरूलाई अनावश्यक दुःख दिएजस्तो हुन्छ र गुनासो तथा दबाबसमेत आउन सक्तछ ।

त्यसो हुन नदिन सबभन्दा पहिले प्रस्तावित संस्थाको विचार सहकारी मूल्य, सिद्धान्त, मान्यताहरूसँग मिल्दो हो, होइन भनी लेखाजोखा गर्नु बेस हुन्छ । वैचारिक रूपमा नै सहकारी संस्थाको दर्ता हुन सक्तैन भने दरखास्त दर्ता गर्नुको प्रयोजन नै भएन । त्यसकारण दर्ता गर्ने अधिकारीले प्राप्त दरखास्त दरपिठ गरिदिनु राम्रो हुन्छ । दरपिठ गर्दा प्रायशः देहायको कुनै बेहोरा जनाउनुपर्ने हुन सक्तछ :

- सहकारी संस्था दर्ता गर्न सदस्यहरूमा हुनुपर्ने साझा बन्धन (Common bond) नदेखिएको;
- सदस्यहरूले संस्थाको सेवा उपयोग गर्नुपर्ने खुला तथा स्वैच्छिक सदस्यताको सर्वमान्य सिद्धान्तको सर्तविपरीत सेवा उपयोग नगर्ने व्यक्तिहरू सदस्य रहने गरी दरखास्त परेको;
- नाफामा सहभागी नहुने सहकारिताको मौलिक दर्शनसँग मेल नखाने गरी पुँजीको लगानीमा प्रतिफल प्राप्त गर्ने अभिप्रायले संस्था खोल्न चाहेको कार्ययोजनाका साथै सम्भाव्यता अध्ययन प्रतिवेदनबाट खुलेको;
- सदस्यहरूको पेसाको विवरणमा उत्पादक र उपभोक्ताको बीचमा बसेर नाफा खाने मध्यस्थ वर्गका व्यक्तिहरू समेत सहभागी भएको भेटिएको वा
- संस्थाको विनियम, कार्ययोजना, सदस्यहरूको पेसाको विवरणलगायतको अध्ययन गर्दा सहकारिताको सिद्धान्त, स्वावलम्बन र पारस्परिकताको अभ्यासबाट सदस्य केन्द्रित भएर आम सदस्यहरूको आर्थिक-सामाजिक उन्नति गर्ने नभएर बैङ्क, वित्तीय संस्था वा व्यावसायिक कम्पनीजस्तो गरी सहकारी संस्था दर्ता गरेर सञ्चालकहरूले चलाउन चाहेको देखिएको ।

संस्थाको विचार वास्तविक अर्थमा सहकारिताको अभ्यास गर्ने खालको भएमा भने विधिसम्मतितर्फ अनुसूची २ मा उल्लिखित कागतपत्रहरू समेत सरसरती

हेर्नु राम्रो हुन्छ । त्यसो गर्दा कुनै कागत वा प्रक्रिया छुटेको भए ल्याउन वा पूरा गर्न भन्न सकिन्छ । कानुनबमोजिम निर्धारित दिनभित्रै आवेदकहरूलाई विनियममा संशोधनको सूचना दिनुपर्ने वा संस्था दर्ता गर्नुपर्ने भएकाले रीत पुगेपछि मात्र दरखास्त दर्ता गरी जाँचबुझ थाल्ने परिपाटी बसालेर तत्सम्बन्धमा सरोकारवालाहरूलाई समेत सुसूचित गर्नु उपयुक्त हुन्छ ।

## ख. विस्तृत छानबिन

दरखास्त दर्ता भएपछि संस्थाको विनियमका व्यवस्थाहरूका साथै तथ्यहरूको जाँचबुझ विस्तृत छानबिनका दौरान गरिन्छ । संस्थाको रचना विनियमबाट हुने हुनाले प्रत्येक बन्दोबस्त सहकारिताको सिद्धान्त, कानुन र वित्तीय अनुशासनका सर्वस्वीकार्य मानदण्डबमोजिम भए, नभएको ध्यानयोग्य छ । सम्झौटा (Check-list) का रूपमा अनुसूची १, २ र ३ मा नियामक सरोकारका मुख्य विषयहरू दिइएका छन् ।

सर्वप्रथम अनुसूची १ लाई पछ्याएर सहकारी सिद्धान्तहरू र विनियमका प्रावधानबीच तादात्म्य भए, नभएको जाँची रुजु गर्दै जान सकिन्छ । नियामक सरोकारको कुनै विषयमा बेरुजु भए संशोधन गर्न सूचना दिनुपर्दछ । अनुसूची १ – र त्यसउसले २ र ३ – का सरोकारहरू सबै आधारभूत छन् । केही सरोकारहरूमा भने मात्रा वा गुणको प्रश्न हुन सक्तछ । उदाहरणका लागि साधारण सदस्यहरूलाई नेतृत्व पङ्क्तिको कुनै पद नदिने गरी अनावश्यक रूपमा अनुभवको सर्त राख्नु सहकारी लोकतन्त्रविपरीत हुन्छ । विनियममा त्यस खालको बन्दोबस्त गरेर संस्थापक सदस्यहरू ढुक्कै सञ्चालक समितिमा बस्न खोज्ने प्रवृत्ति व्यवहारमा पनि देखिएको छ । त्यसो हुन नपाओस् भनेर सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न नपाउने भन्ने बाहेक अन्यथा बन्देज छ कि भनी हेर्न अनुसूची १ को सि. नं. ११ मा टिपिएको हो । हेर्ने क्रममा सदस्य बनेको पाँच वर्षपछि मात्र सञ्चालकमा उम्मेदवार बन्न पाउने प्रस्ताव गरिएको रहेछ भने गलत मनसाय प्रस्टै भयो र संशोधन नगरी विनियम स्वीकार्य हुँदैन । त्यसैमा फेरि सदस्य बनेलगत्तैको निर्वाचनमा सञ्चालकमा उम्मेदवार हुन नसक्ने प्रस्ताव गरिएको रहेछ भने असल मनसायले राखिएको निर्बन्धन (Restriction) हुन र स्वीकार्य हुन सक्तछ ।

त्यस्तै, सि. नं. १५ मा पूर्व-सहकारी शिक्षाको आधारभूत सरोकार राखिएको छ । सामाजिक परिचालनका कार्यक्रमअर्न्तगत प्रवर्धित पूर्व-सहकारी समूहहरू (Pre-co-operative groups) लाई प्रारम्भदेखि नै समूह गतिशीलताका साथै सहकारिताका विषयहरूमा समेत दीक्षित गराइएको हुन सक्तछ । महिला विकास कार्यक्रम राम्रो उदाहरण हो । जीवन्त अभ्यास गरिरहेका समूहहरूका हकमा दर्ता गर्नका लागि नै पूर्व-सहकारी शिक्षा चाहिने भएन । अघिजस्तै पछि पनि सदस्य शिक्षाको क्रम निरन्तर राखे पुग्यो ।

जे होस्, अनुसूची १ मा टिपिएका सरोकारहरू अन्यथा सम्बोधित भएका छन् वा सम्बोधित हुने गरी औचित्यपूर्ण बन्दोबस्त राखिएका छन् भने कैफियत महलमा बेहोरा जनाएर दर्ता प्रक्रिया अघि बढाउन बाधा पर्ने हुँदैन । एवं रीतले अनुसूची २ बमोजिम कानुनसम्मति र अनुसूची ३ बमोजिम सुशासकीय मानकहरूको जाँचबुझ गर्न सकिन्छ ।

विस्तृत छानबिनको क्रममा विनियमको प्रस्तावित कुनै बन्दोबस्तमा संशोधनको सूचना दिँदा देहायबमोजिम जनाउनुपर्ने हुन सक्तछ :

- विनियमको दफा ........ मा प्रस्तावित व्यवस्था सहकारिताको मूल्य, सिद्धान्त, मान्यताविपरीत देखिएको;
- विनियमको दफा .......... मा प्रस्तावित व्यवस्था .......... महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सहकारी ऐन, २०... को दफा .......... /सहकारी नियमावली, २०.... को नियम ........ को व्यवस्थासँग बाझिएको र
- विनियमको दफा .......... मा प्रस्तावित व्यवस्था संस्थाका सदस्यहरूको हित संरक्षणका लागि संस्थागत सुशासन कायम राख्न अपरिहार्य भएको हुँदा तपसिलबमोजिम संशोधन गर्नु हुनका साथै–
- .......... महानगरपालिका/उपनगरपालिका/नगरपालिका/गाउँपालिका सहकारी ऐन, २० ... को प्रस्तावनाको भावनाअनुरूप सहकारी सिद्धान्तहरूको प्रचलन, सदस्यहरूमा स्वावलम्बन, पारस्परिकता एवं किफायतको विकास र संस्थाको सञ्चालनमा वित्तीय अनुशासनका सर्वस्वीकृत मानदण्डहरू स्थापित गराउन तपसिलबमोजिमका व्यवस्थाहरू थपसमेत गरी पेस गर्नु हुन यो सूचना दिइएको छ ।

## तपसिल

| सि. नं. | विनियमको दफा, उपदफा, खण्ड | प्रस्ताव भइआएको व्यवस्था | संशोधन गरी प्रस्ताव गर्नुपर्ने व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

## ग. स्थलगत परीक्षण

विस्तृत छानबिनको क्रममा र कहिलेकाहीँ प्रारम्भिक छानबिनकै क्रममा पनि सहकारी विधिव्यवहारअनुसार कार्य हुने हो अथवा पेस भएका कागतपत्रहरू तथ्यपूर्ण हुन् भन्ने यकीन गर्न स्थलगत परीक्षण आवश्यक हुन्छ । जाँचपडतालकै अर्थमा स्थलगत परीक्षणको महत्त्व सीमित पनि हुँदैन । अवलोकनका दौरान विचाराधीन संस्थाको कार्यक्षेत्रको भू-बनौट, जनजीवन, समस्याहरूसँग साक्षात्कार हुँदा सम्भावनाहरूको सर्वेक्षण गर्न सकिन्छ । मौजुदा संस्थाहरूले नै सेवा पुर्‍याइरहेको ठाममा पनि राजनीतिक वा अन्य आग्रहबाट सहकारी भावनाविपरीत संस्था गठन गर्न लागिएको रहेछ भने पनि ज्ञात भएर अनावश्यक साङ्ख्यिक वृद्धि रोक्न सकिने हुन्छ ।

त्यसो त, आवश्यकता वा सम्भाव्यताको विचार गर्दा पनि त्यत्तिकै संवेनदशीलता चाहिन्छ । उदाहरणका लागि दिइएको वडामा बहुउद्देश्यीय संस्था राम्ररी चलिरहेको छ भने त्यस्तै अर्को बहुउद्देश्यीय संस्था थप्नुको प्रयोजन हुँदैन । यदि त्यै वडामा महिलामात्र सदस्य हुने गरी बहुउद्देश्यीय संस्था खोल्न खोजिएको छ भने फेरि रोक्नु मुनासिब हुँदैन । कारण समाजमा व्याप्त लैङ्गिक पक्षपातका बीच महिलाहरू जागरुक भएर सहकारी प्रयासद्वारा आफ्नो उन्नयन गर्न अघि सर्दा जहाँसुकै र जहिलेसुकै प्रोत्साहन दिनुपर्दछ भन्ने सहकारीकर्मीहरूको मान्यता छ । वडामा महिलाहरू मात्रको संस्था हुँदाहुँदै महिलामात्रको उस्तै संस्था स्थापना गर्ने कुरो भने पृथक् भयो ।

जे होस्, दर्ता गर्ने अधिकारीले स्वयम् वा मातहतका कर्मचारी खटाएर स्थलगत अध्ययन प्रतिवेदन लिएपछि नै संस्था दर्ता गर्ने परिपाटी बसाल्नुपर्दछ ।

## घ. विशेषीकृत परामर्श

संस्थाको उद्देश्य वा कार्यहरूको कुनै कुरामा द्विविधा वा अन्यथा उपयुक्तताको प्रश्न उत्पन्न भएको खण्डमा दर्ता गर्ने अधिकारीले सम्बन्धित निकायको परामर्श लिन सक्तछन् । कतिपय अवस्थामा निकायगत सहमति नै चाहिन्छ । उदाहरणका लागि सुरक्षाकर्मी श्रमिकहरूको सहकारी संस्था दर्ता गर्ने सिलसिलामा गृह मन्त्रालयको सहमति लिनुपर्दछ ।

त्यस्तै, सहकारिताका सिद्धान्त, मूल्य, मान्यताको रोहमा सङ्घीय सहकारी प्रशिक्षण केन्द्रजस्तो प्राज्ञिक संस्थाको परामर्श लिन सकिन्छ ।

## ङ. दर्ता

संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले निर्णय गरी दर्ता कितापमा चढाएर प्रमाणित गर्नुका साथै विनियमसमेत प्रमाणित गरेर निर्धारित ढाँचामा दर्ताको प्रमाण-पत्र दिनुपर्ने हुन्छ । दर्ता कितापको नमुना अनुसूची १४ र दर्ता प्रमाण-पत्रको नमुना अनुसूची १५ बाट लिन सकिन्छ । दर्ता नम्बर देहायबमोजिम कायम गर्नु वाञ्छनीय छ :

- सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय वा डिभिजन सहकारी कार्यालयहरूबाट अभिलेख हस्तान्तरण भई आएका साबिकका संस्थाहरूको दर्ता नम्बर यथावतै राख्ने;
- स्थानीय तहबाट दर्ता हुने संस्थाको नम्बर एकदेखि सिलसिलेबार दिने;
- वर्ष फेरिँदा पनि दर्ता नम्बरको क्रम नटुटाउने;
- जुनसुकै किसिमको संस्था भए तापनि दर्ता नम्बर एकैनास गर्ने र
- दर्ता नम्बरमा नै किसिम, वर्ष वा अन्य कुराको सङ्केत भरसक नराख्ने ।

दर्ता प्रमाण-पत्रमा संस्थाको विषयगत वर्गीकरण माथि ९ मा भनिएबमोजिम जनाउन सकिन्छ । महिलामात्रको संस्थाको हकमा भने 'महिला' समेत लेखिदिनु राम्रो हुन्छ (जस्तै- महिला कफी, महिला हस्तकला वा महिला

बहुउद्देश्यीय) । दर्ता प्रमाण-पत्र दुई प्रति बनाएर एक प्रति अभिलेखमा राख्नुपर्दछ ।

त्यसै गरी विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदनलगायतका कागतपत्रहरू पनि एक प्रति दरखास्तवालाहरूलाई दिएर एक प्रति कार्यालयको अभिलेखमा राख्नुपर्दछ ।

## १३. पुनर्गठन

**नियामक सरोकारहरू सम्बोधन गर्ने मौका पुनर्गठनमै मिल्दछ ।**

स्थापित संस्थाको कार्यकारण, कार्यक्षेत्र र कार्यसञ्चालनको ढङ्गमा तात्त्विक फरक परे पुनर्गठन हुन्छ । पुनर्गठन सहकारी प्रयासको बढवाका लागि साङ्गठनिक समायोजनको प्रक्रिया पनि हो । पुनःरचनाको प्रस्तावले दर्ता गर्ने अधिकारीका लागि नियामक मानदण्डहरू कायम गराउने मौका पनि प्रदान गर्दछ ।

सहकारी संस्थाको पुनर्गठनका देहायका पाँचोटा मुख्य भेद पहिल्याउन सकिन्छ :

क. स्थानीयकरण

ख. रूपान्तरण

ग. एकीकरण

घ. विस्तारण

ङ. पुनःसंरचना ।

### क. स्थानीयकरण

कार्यक्षेत्रको व्यापक फैलोट भएको संस्थाको सदस्यता वा सेवा सञ्चालन नभएको वा नगण्य मात्रामा भएको कार्यक्षेत्र झिकेर समुदायमा आधारित एवं सदस्य केन्द्रित रूपमा सहकारी गतिविधि सघन तुल्याउने प्रक्रिया नै स्थानीयकरण हो । स्थानीय तहभित्र अनेक वडाहरू कार्यक्षेत्र ओगटेको तर सदस्यहरूको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण स्थापना नगरी

सञ्चालकहरूको तहबहमा जोखिमावस्थामा चलिरहेको संस्थालाई देहायबमोजिम स्थानीयकरण गरी सुव्यवस्थित तुल्याउने गुञ्जायस हुन्छ :

- सदस्य वा कारोबार सञ्चालन नभएका वडाहरू कार्यक्षेत्रमा नराख्ने गरी विनियमको सम्बन्धित दफा संशोधन गरेर;
- उल्लेखनीय मात्रामा (अर्थात् ८५ प्रतिशतभन्दा बढी) सदस्य वा कारोबार सञ्चालन भएका वडाहरूमा कार्यक्षेत्र सीमित गरी नगण्य मात्रामा (अर्थात् १५ प्रतिशतभन्दा कम्ती ) सदस्य वा कारोबार सञ्चालन भएका वडाहरूलाई कार्यक्षेत्रबाट झिक्ने गरी विनियमको सम्बन्धित दफा संशोधनका साथै त्यसरी कार्यक्षेत्रबाहिर पर्ने सदस्यहरूको सेयर तथा बचतको रकम फिर्ता दिने व्यवस्था मिलाएर र
- विभिन्न वडाहरूमा बराबरैजस्तो सदस्यताका साथै कारोबार सञ्चालन भएको अवस्थामा पायकका वडा वा वडाहरू पारी विभाजनको प्रक्रियाद्वारा सदस्य सहभागिताका लागि दुइटा – वा तीनोटा – संस्था बनाएर ।

सहकारी संस्था पुँजीमा प्रतिफलका लागि नखोलिने भएकाले विभाजन गर्दा कम्पनीहरूमा झैँ मूल्याङ्कन वा हिसाबकितापको जटिलता हुँदैन । सदस्यहरूले आपसमा परामर्श गरी पारित गरेको प्रस्तावअनुसार छुट्टीभिन्नको कार्य सरासरी भइहाल्दछ ।

दर्ता गर्ने अधिकारीको दृष्टिकोणबाट स्थानीयकरण आफैँमा सुधारको कदम हुनाले साबिकका विनियमका व्यवस्थाहरू यथावतै हुँदा पनि वाञ्छनीय हुन्छ । त्यसमाथि खास गरी विभाजित भएर पुनःदर्ता हुने संस्थाहरूको विनियममा अनुसूची १, २, ३ का प्रावधानहरू पनि राख्न सक्ता त भनेजस्तै भयो । एवं रीतले एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्रमा फैलिएका संस्था पनि स्थानीय तहसँगको सम्बन्धनका हिसाबमा कार्यक्षेत्र झिकी वा विभाजनको प्रक्रिया पूरा गरी स्थानीयकृत हुन सक्तछन् । त्यस्तोमा तत्कालका लागि सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय वा डिभिजन सहकारी कार्यालय र पछि प्रदेश रजिष्ट्रार कार्यालयबाट विनियम संशोधन वा विभाजन गरी कागतपत्रसहित प्राप्त हुने हुन्छ । तदनुसार स्थानीय तहमा दर्ता गर्ने अधिकारीले अभिलेख राखे वा विभाजनपछि आफ्नोतर्फ परेको संस्थाको पुनः दर्ता गरिदिए पुग्यो ।

विभाजनका प्रक्रियागत पक्षहरूमा सहकारी विभागबाट छिट्टै विकास गर्न लागिएको अलग्गै स्रोत सामग्री पनि उपयोगी हुनेछ ।

### ख. रूपान्तरण

रूपान्तरण वस्तुतः संस्थाको विषय परिवर्तन हो । यता खास गरी ग्रामीण क्षेत्रका बचत तथा ऋणका विषयगत संस्थाहरू बहुउद्देश्यीय संस्थामा परिवर्तित हुन चाहिरहेका देखिन्छन् । त्यसको उल्टो वा अन्यथा पनि विषयान्तरका प्रस्ताव आउन सक्तछन् ।

### अवस्था एक : बचत परिचालन नगर्ने संस्थाबाट नगर्ने नै संस्थामा

साधारणतया सदस्यहरूको बचत परिचालन नगर्ने संस्थाको रूपान्तरणमा नियामक सरोकार खासै हुँदैन । स्वीकृत विषयभित्र पर्नु भने पर्‍यो । उदाहरणका लागि सदस्यहरूको बचत सङ्कलन नगर्ने वडाको दुग्ध उत्पादक संस्था वडाकै कृषि संस्थामा परिवर्तित हुन चाहे विनियम संशोधनको प्रक्रिया पूरा गरे भइहाल्दछ । फेरि पनि विषय परिवर्तनसँगै अनुसूची १, २, ३ का लागू हुनेजति प्रावधानहरू साबिकमा कुनै छुटेका भए समावेश गराउन भने बिर्सनु हुँदैन । दर्ता गर्ने अधिकारीको जिम्मेवारी नै यस्तो हुन्छ कि सुधारको प्रत्येक मौका छोप्नुपर्ने हुन्छ ।

### अवस्था दुई : बचत तथा ऋणको विषयगत संस्थाबाट बहुउद्देश्यीय संस्थामा

बचत परिचालन गर्ने संस्थाको हकमा भने वित्तीय अनुशासनका मानदण्डहरू कायम राख्नुपर्ने हुन्छ । स्थानीय तहको कुनै वडामा सञ्चालित बचत तथा ऋण संस्थाले बहुउद्देश्यीय संस्थामा रूपान्तरित हुन चाहेको अवस्थामा देहायका सर्त-बन्देजहरू पूरा गर्नुपर्दछ :

**ख-१**. बचत तथा ऋण संस्थाकै रूपमा पनि पछिल्लो वर्ष सञ्चालन घाटा वा सञ्चालनमा समस्या परेको नहुनुपर्ने;

**ख-२**. संस्थाको कार्यक्षेत्र एउटा वडाभित्र भएको हुनुपर्ने;

**ख-३.** एउटा वडाभन्दा बढी कार्यक्षेत्र भएको भए एउटा वडामात्र कायम गर्नुपर्ने;

**ख-४.** संस्थाले नियमित बचत (अर्थात् महिनावारी प्रतिसदस्य रु. १।- देखि १,०००।- सम्म) मात्र सङ्कलन गरेको हुनुपर्ने;

**ख-५.** नियमित बचतबाहेक दैनिक वा चाहेका बेला अनिर्धारित रकम सङ्कलन गरेको वा आवधिक बचत स्वीकार गरेको भए त्यस्तो बचतको रकम सदस्यहरूलाई फिर्ता दिएर दायित्व फछ्र्यौट गरिसकेको हुनुपर्ने;

**ख-६.** बहुउद्देश्यीय संस्थाको रूपमा विनियम स्वीकृत भएको तीन वर्षभित्र संस्थाको बचत दायित्वको रकम र सदस्यतर्फी वार्षिक खरिद वा विक्री कारोबारको रकमसमेत गरी हुने जम्मा कारोबारमा बचत दायित्वको अनुपात ३० प्रतिशतभन्दा तल झार्नुपर्ने;

**ख-७.** खण्ड ख-६ बमोजिम हुने गरी बचत परिचालन सेवा सीमाङ्कनका साथसाथै व्यावसायिक सेवा विस्तारको भरपर्दो कार्ययोजना एवं विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनसमेत पेस गर्नुपर्ने;

**ख-८.** बचत तथा ऋण सेवाका उपभोक्ताका साथै वडाका दैनिक आवश्यकताका वस्तु उपभोक्ता, प्राथमिक उत्पादक र वास्तविक श्रमिकहरू समेतलाई सदस्यता खुला गर्नुपर्ने तर महिलामात्रको संस्था भए ती वर्गका पनि महिलामात्रमा सदस्यता सीमित राख्न सकिने;

**ख-९.** विनियममा अनुसूची १, २ र ३ मा उल्लिखित नियामक सरोकारको कुनै व्यवस्था गर्न छुटेको भए समावेश गर्नुपर्ने र

**ख-१०.** माथि खण्ड ख-६ मा उल्लिखित सर्त विनियम संशोधन भएको ३ वर्षभित्र तथा अन्य सबै सर्तहरू पूर्व-स्वीकृति पाएको १ वर्षभित्र पूरा गर्ने गरी बचत तथा ऋणको विषयगत संस्थाबाट बहुउद्देश्यीय संस्थाको रूपमा पुनर्गठनका लागि साधारण सभाको दुई-तिहाइ

बहुमतको निर्णयसहित पूर्व-स्वीकृति लिन दर्ता गर्ने अधिकारीछेउ निवेदन दिनुपर्ने ।

खण्ड ख-१० बमोजिम निवेदन प्राप्त भएपछि दर्ता गर्ने अधिकारीले वास्तविकताको जाँच गरेर पुनर्गठनका लागि पूर्व-स्वीकृति दिनुका साथै दिइएको म्यादभित्र तदनुसार गरी विनियम संशोधन प्रस्ताव भइआएको खण्डमा संशोधित विनियम स्वीकृत गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

**अवस्था तीन : बहुउद्देश्यीय संस्थाबाट बचत तथा ऋणको विषयगत संस्थामा**

बहुउद्देश्यीय संस्थालाई बचत तथा ऋणको विषयगत संस्थामा पुनर्गठन गर्ने हो भने देहायका सर्त-बन्देजहरू पूरा गर्नुपर्ने हुन्छ :

**ख-१.** बहुउद्देश्यीय संस्थाकै रूपमा पनि पछिल्लो वर्ष सञ्चालन घाटा वा सञ्चालनमा समस्या परेको नहुनुपर्ने;

**ख-२.** संस्थाले आफ्नो स्वामित्वमा कृषि फाराम, सङ्कलन केन्द्र, बिक्री कक्ष, प्रशोधन संयन्त्र, कार्यशाला, उपभोक्ता भन्डार, आपसी सुरक्षणलगायत बचत परिचालनबाहेकका जुनसुकै व्यवसाय चलाएको भए बन्द गर्नुपर्ने;

**ख-३.** खण्ड ख-२ मा उल्लेख गरिएबमोजिम बन्द भएका व्यवसायतर्फको सम्पूर्ण दायित्व फरफारक गरी सम्पत्ति नगदमा परिणत गरिएको हुनुपर्ने;

**ख-४.** बचत तथा ऋण संस्थामा परिणत भएको ३ वर्षभित्र संरक्षण, संरचना, सम्पत्ति, लागत, तरलतासमेतको वित्तीय अनुशासनका स्थापित मानदण्ड पूरा गर्नुपर्ने;

**ख-५.** संस्थामा बचत नगर्ने उत्पादक, श्रमिक वा बचत-ऋण सेवाबाहेकका उपभोक्ताहरूको सदस्यता कायम राख्न नहुने;

**ख-६.** सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका थप व्यवस्थाहरू पूर्णतया पालना गर्नुपर्ने;

**ख-७.** अनुसूची १, २ र ३ मा उल्लेख भएबमोजिमको नियामक सरोकारको कुनै व्यवस्था विनियममा छुट भएको भए समावेश गर्नुपर्ने;

**ख-८.** प्राथमिक पुँजी कोष र जम्मा बचत दायित्वको अनुपात १:१५ सम्म हुन सक्ने र

**ख-९.** माथि खण्ड ख-४ मा उल्लिखित सर्त विनियम संशोधन भएको ३ वर्षभित्र र अन्य सबै सर्तहरू पूर्व-स्वीकृति पाएको १ वर्षभित्र पूरा गर्ने गरी माथि अवस्था दुईका हकमा भनिएबमोजिम पूर्व-स्वीकृतिका लागि निवेदन दिनुपर्ने ।

## अवस्था चार : नियमित बचत परिचालन गर्ने उत्पादक वा श्रमिक संस्थाबाट नियमित नै बचत परिचालन गर्ने उत्पादक वा श्रमिक संस्थामा

नियमित – अर्थात् प्रतिसदस्य महिनावारी रु. १।- देखि १,०००।- सम्म – बचत परिचालन गरिरहेको संस्थालाई नियमित बचत नै परिचालन गर्ने गरी अर्को विषयको उत्पादक वा श्रमिक संस्थामा परिणत गर्दा अनुसूची १, २ र ३ का नियामक सरोकारहरू सम्बोधित हुने गरी विनियममा जो-चाहिने थपघटसमेत गरेर नियमित संशोधनको प्रक्रिया अपनाए पुग्ने हुन्छ ।

## अवस्था पाँच : नियमित वा अन्य प्रकारले बचत परिचालन गर्ने उत्पादक, श्रमिक वा बहुउद्देश्यीय संस्थाबाट बचत तथा ऋणबाहेकको अन्य उपभोक्ता संस्थामा

बचत तथा ऋणबाहेकको कुनै पनि प्रकारको उपभोक्ता संस्थाले बचत परिचालन गर्न नसक्ने भएकाले रूपान्तरणको प्रक्रिया प्रारम्भ गर्नुपूर्व नै बचततर्फको सम्पूर्ण दायित्व फछ्र्यौट गरिसकेको हुनुपर्दछ ।

व्यवहारमा प्रायशः माथि उल्लिखित पाँचोटै अवस्था परेका हुन्छन् । फरक अवस्था पर्दा पनि खास गरी बचत परिचालन गरिरहेको वा गर्ने हो, होइन ? र मासिक रूपमा सीमित मात्रामा बचत परिचालन गरिरहेको वा गर्ने हो वा दैनिक रूपमा अनिर्धारित खालको बचत परिचालन गरिरहेको वा गर्ने हो ? भन्ने विचार गरेर पाँचमध्ये जुन अवस्था मिल्दोजुल्दो हुन्छ त्यसैबमोजिम गर्न

सकिहालिन्छ । जुनसुकै अवस्थामा पनि रूपान्तरणमा सुधारात्मक दृष्टिकोण भने अपेक्षित नै हुन्छ ।

रूपान्तरणको अर्को भेद विषय यथावतै राखी साझा बन्धन (Common bond) को परिवर्तन हो । खास गरी अर्को सङ्गठनका नाताले दर्ता हुने र समुदायको नाताले सञ्चालन हुन खोज्ने प्रवृत्ति आम छ । त्यस्तो प्रस्ताव अत्यन्त जोखिमपूर्ण हुन्छ र दर्ता गर्ने अधिकारीका लागि सर्वथा अस्वीकार्य ।

## ग. एकीकरण

सहकारी संस्थाहरूको एकाकारको प्रक्रिया नै एकीकरण हो । खास गरी महानगरीय क्षेत्रमा दुई-तीनोटा संस्थाका साइनबोर्ड एकै घरमा भेटिन्छन् । अनावश्यक सङ्ख्या, दोहोरो सदस्यता, फजुल सञ्चालन खर्च – सहकारी आन्दोलनको विस्तारका क्रममा यता देखा परेका असङ्गतिमध्ये पर्दछन् । मिल्दाजुल्दा संस्थाहरूलाई मिलाएर साङ्गठनिक एवं व्यावसायिक सक्षमता हासिल गर्ने गुन्जायस यत्रतत्र देखिन्छ । एकीकृत सहकारी प्रयासबाटै आन्दोलनको स्वच्छ विकासमा पनि सघाउ पुग्दछ ।

एकीकरण जहिलेसुकै फलदायी – र त्यसउसले वाञ्छनीय – भने हुँदैन । सामान्यतया दुई वा बढी संस्थाहरूमा देहायको अवस्था हुँदा मात्र एकीकरण समाधान हुन्छ :

- कार्यक्षेत्र एक-अर्काको भित्रै पर्दछ;
- साझा बन्धन एकैनास छ;
- संस्थाहरू एकै विषय वा प्रकृतिका छन्;
- फरक विषय वा प्रकृतिका संस्था भए पनि खासमा एकै व्यवसायमा प्रतिस्पर्धा भइरहेको छ र
- कम्तीमा एक-तिहाइ सदस्यतामा दोहोरो परेको देखिन्छ ।

देहायको अवस्थामा भने एकीकरण नै समस्याको स्रोत बन्ने हुन्छ :

- एकीकृत संस्थाको सदस्यता हजारौँ (साधारणतया ६,००० भन्दा बढी र खास गरी १२,००० भन्दा बढी) पुग्ने भई सदस्य बैठकहरू भीडमात्र हुने भएमा;

- समुदायको साझा बन्धनका आधारमा गठन भएका संस्थाहरू एकीकृत हुँदा कार्यक्षेत्र थपिने (साधारणतया तीन वडाभन्दा बढी) भई सदस्यहरू माझ साझा बन्धनको अभाव रहने भएमा र
- व्यावसायिक – अझ सहकारी – औचित्यबाट आम सदस्यहरूको झन्डै सर्वसम्मतिमा नभएर कुनै निहित वा अन्यथा निर्देशित रूपमा जसोतसो एकाकारको प्रस्ताव ल्याइएको भएमा ।

त्यस्तै, एकीकरणबाट अनर्थ हुने – र त्यसैले साधारणतया गर्न नसकिने – प्रस्ताव हुन्–

- लैङ्गिक विभेदका बीच सशक्तीकरणको शान्त थात (Sequestered space) मा महिलामाझको सहकारी प्रयासका लागि गठन भएर सञ्चालित महिलामात्रको संस्था महिलामात्रको संस्थाबाहेक अन्य संस्थासँग गाभ्ने प्रस्ताव;
- दलित समुदाय, अपाङ्गता भएका व्यक्तिहरू र सामाजिक रूपमा सीमान्तीकृत अन्य वर्गको पहलमा खडा भएर खुला सदस्यताको परम्परामा सशक्तीकरणको अनुपम उदाहरण बनिरहेको संस्थाको साङ्गठनिक गतिशीलतामा तात्त्विक अन्तर पर्ने गरी अर्को संस्थामा गाभ्ने प्रस्ताव र
- हाल कारणवश निष्क्रियप्राय: भए तापनि जायजेथा भएका तथा सरोकारवालाहरू सबैको प्रयासबाट पुन: सञ्चालन गर्नुपर्ने पुराना साझा (सहकारी) संस्थाहरूलाई अर्को संस्थामा गाभ्ने प्रस्ताव ।

## घ. विस्तारण

दर्ता हुँदा कायम गरिएको भौगोलिक कार्यक्षेत्र बढाउने प्रक्रिया विस्तारण हो । अनगिन्ती सहकारी संस्थाहरूका तर्फबाट साबिकको कार्यक्षेत्र फैलाउने प्रस्ताव आउने गर्दछ । दर्ता गर्ने अधिकारीका लागि भने कार्यक्षेत्र विस्तार अत्यन्त संवेदनशील हुन्छ ।

एक त, फैलोट बढेसँगै सदस्यमाझ छिमेकीको माझ बन्धन घट्दै जान्छ; अर्को, आफ्नै आँखाले देख्ने, समस्या ठम्याउने, निर्णयको असरसमेत हेर्ने

खालको स्वामित्वजनक स्थानीयताको अभावमा सदस्यहरू टाढा हुन्छन् अनि संस्था सञ्चालकहरूको मनमाफिक चल्ने अवस्थामा पुग्दछ ।

जे होस्, संस्थाको कार्यक्षेत्र विस्तार प्रथमतः व्यावसायिक सेवा विस्तारको क्रममा हुनुपर्दछ । भनाइको अर्थ, दिइएको वडामा सेवा उपयोगकर्ताहरूलाई स्वैच्छिक रूपमा यथाशक्य सम्मिलित गराउने, सदस्यताको विपन्न पङ्क्तिमा ध्यान राखेर सृजनात्मक सेवाहरूको व्यवस्था मिलाउने र जतातततैबाट यसै गरी छिमेकी वडामा पनि काम थाल्नुपर्‍यो भन्ने माग आएपछि नै कार्यक्षेत्र विस्तारको प्रस्ताव पारित गर्नुपर्ने हो । आफ्नो वडाका विपन्न पङ्क्तितर्फ नहेरी अर्को वडामा आफूजस्तै खोजेर कार्यक्षेत्र पुगेन भन्नु मुनासिब होइन ।

त्यसपछि संस्थामा सदस्यहरूको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रणका प्रक्रियाहरू कत्तिको प्रभावकारी रूपमा स्थापित भएका छन् ? भन्ने प्रश्न आउँदछ । अर्को शब्दमा, मौजुदा अवस्थामा नै सदस्य सहभागिताको स्तर चित्तबुझ्दो छैन भने क्षेत्र विस्तारबाट बिग्रने मात्र हुन्छ । त्यस्तोमा पहिले लोकतान्त्रिक घाटा (Democratic deficit) नरहने गरी सहकारिताका साङ्गठनिक प्रक्रियाहरू स्थापित गर्ने सुझाउ दिन सकिन्छ ।

दुवै पूर्व-सर्तहरू पूरा भएको अवस्थामा भने अनुसूची १, २ र ३ का सबै सरोकारहरू सम्बोधित हुने गरी साधारणतया एकबाट क्रमशः दोस्रो अनि तेस्रो वडासम्म पनि कार्यक्षेत्र विस्तार वाञ्छनीय हुन सक्तछ ।

## ङ. पुनःसंरचना

सहकारी संस्थाको रूपमा स्व-नियमनकारी संयन्त्र एवं प्रक्रियाहरू स्थापना वा सुदृढीकरणको प्रक्रिया नै पुनःसंरचना हो । खास गरी गाउँ/टोल/उपक्षेत्रीय बैठकजस्ता सदस्य सहभागिताका विस्तारित मञ्चहरू सृजना गर्नुका साथै अनुसूची १, २ र ३ मा दिइएका नियामक – र त्यसउसले सदस्यीय – सरोकारका सञ्चालकीय मानदण्डहरूको पालना गराउन पुनःसंरचनाको आवश्यकता पर्दछ । सहकारी सिद्धान्तहरूको प्रचलन, सदस्यहरूको हित संरक्षण एवं आन्दोलनको गुणात्मक विकास निर्णायक हुने हुनाले पुनःसंरचनाको प्रस्ताव दर्ता गर्ने अधिकारीका तर्फबाट स्वागतयोग्यमात्र हुँदैन,

अपितु प्रशिक्षण, परामर्श, सहजीकरण सहयोगलगायतका अर्थमा प्रोत्साहनभागीसमेत हुन्छ ।

माथि घ मा एकीकरणका सिलसिलामा चर्चा गरिएको साबिक साझा ( सहकारी) संस्था निष्क्रिय अवस्थामा रहेको भए पुनःसञ्चालन गर्ने, गराउने अग्रसरतालाई पनि पुनःसंरचनाकै अर्थमा लिन सकिन्छ, जसका प्रक्रियागत पक्षहरूमा थप प्रकाश पारी सहकारी विभागबाट छुट्टै स्रोत सामग्रीसमेत तर्जुमा गरिँदैछ ।

साथै नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह, नेपाल सरकार वा प्रदेश सरकारको निकाय, बैङ्क, वित्तीय संस्था, दातृ-निकाय वा व्यक्तिगत दाताको अनुदान, ऋण वा अन्य प्रकारको उल्लेखनीय सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण, विभाजन वा रूपान्तरण गर्दा सम्बन्धित पक्षको पूर्व-सम्मति आवश्यक पर्ने हुन्छ ।

## १४. प्रवर्धन

सहकारी नियमन–

- वैधानिकभन्दा पनि सैद्धान्तिक;
- प्रशासकीयभन्दा पनि शैक्षिक र
- निर्बन्धनात्मक (Restrictive) भन्दा पनि निदर्शनात्मक (Guiding) प्रक्रिया हो ।

त्यस अर्थमा नियमनको अर्को पाटो प्रवर्धन हो, जसअन्तर्गत–


- सहकारी विचारको सञ्चार;
- सहकारी सङ्घटनमा सहजीकरण;
- सहकारी सङ्गठनको पुनःसंरचना;
- सहकारी व्यवसायमा सहयोग र
- सहकारीपनको पुनर्स्थापनामा लागिमेली पर्दछन् ।

प्रकारान्तरले सहकारी प्रवर्धनको अर्को पाटो नियमन र अझ अर्को पाटो प्रशिक्षण हो पनि भन्न सकिन्छ । त्यही कुरो सहकारी प्रवर्धन वा प्रशिक्षणका हकमा पनि लागू हुन्छ । भनाइको अर्थ, तीनै पक्ष अन्तरसम्बन्धित हुनुका साथै परिपूरक पनि छन्  (चित्र २) ।

**सहकारी नियमन प्रवर्धन र प्रशिक्षणसँगै प्रभावकारी हुन्छ ।**

नियमन सुगमताका दृष्टिकोणबाट पनि प्रवर्धन त्यत्तिकै वाञ्छनीय छ । किनभने प्रवर्धन कार्यबाट नै–

- समस्याको अनुभूति मिल्दछ;
- प्राप्तिमा साझा स्वामित्व कायम हुन्छ;
- कार्यमूलक सञ्जालीकरण भइरहन्छ;
- प्रयासहरू परिपूरक बन्दछन्;
- पुन:रचनाको अवसर पाइन्छ र
- स्व-नियमनको संस्थागतीकरण गराउन सकिन्छ ।




*चित्र २ : सहकारी विकासमा नियामक भूमिकाका पाटा*

अत: नियमनका साथै प्रवर्धन र प्रशिक्षणका फाँटमा पनि स्थानीय तहको त्यत्तिकै सक्रियता अपेक्षित  हुन्छ । यसै आर्थिक वर्ष (२०७४/७५) देखि साबिकमा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र डिभिजन सहकारी कार्यालयहरूबाट सञ्चालन हुने गरेका प्रवर्धन र प्रशिक्षणतर्फका कार्यकलापहरू सञ्चालन नगरेर सोझै स्थानीय तहमा प्रस्तावित बजेट सबै नै पठाउने व्यवस्था भइसकेको छ । तदनुसार स्थानीय शैक्षिक एवं प्रवर्धनात्मक कार्यकलापहरू र बजेटसमेत स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्न छुट्नु हुँदैन ।

स्थानीय सहकारी विकास कार्यक्रममा स्थानीय आवश्यकताअनुसारका विभिन्न गतिविधि पर्न सक्तछन् । जस्तै–

- स्थानीय सहकारी विकास नीति तर्जुमा
- सहकारी विचारको सञ्चार
- बेरोजगार श्रमिक, भूमिहीन कृषक, विपन्न महिला, गरिबी परिचय-पत्रप्राप्त वा अपाङ्गता भएका व्यक्तिलगायतका खास लक्षित समूहका सदस्यहरूलाई सङ्गठित गरेर सहकारी संस्था स्थापनाका साथै सञ्चालनमा प्रत्यक्ष सहजीकरण एवं बीउपुँजी
- सहकारी सदस्य शिक्षा, नेतृत्व तथा व्यवस्थापन विकासका प्रशिक्षण
- सहकारी संस्थाहरूको पुनःसंरचनामा परामर्श सहयोग
- पुराना साझा (सहकारी) संस्थाहरूको पुनःसञ्चालनमा समन्वय, परामर्श, वित्तीय टेवा
- सहकारी खेती, स्व-रोजगारी, उपज सङ्कलन, प्रशोधन एवं बजारीकरण आयोजनाहरूलाई स्थिर पुँजी अनुदान ।

## १५. अभिलेख

अभिलेख सहकारी नियमनको अभिन्न पक्ष हो । दर्ता गर्ने अधिकारीले अन्य कुराका अतिरिक्त देहायका कागजातहरू सुरक्षापूर्वक राख्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ :

क. सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय वा डिभिजन सहकारी कार्यालयहरूबाट हस्तान्तरण भई प्राप्त कागजातहरू;

ख. सहकारी संस्था दर्ता किताप;

ग. प्रत्येक संस्थाको दर्ता निर्णय फाइल;

घ. सहकारी संस्था दर्ता प्रमाण-पत्रको कार्यालय प्रतिको ढड्डा;

ङ. प्रत्येक संस्थाको सञ्चालनसँग सम्बन्धित कागतपत्रहरू रहने छुट्टाछुट्टै इन्डेक्स फाइल;

च. दर्ता गर्ने अधिकारीबाट भएका परिपत्रहरूको फाइल;

छ. विषयगत निर्णय फाइलहरू;

ज. सघन अनुगमन प्रतिवेदन फाइलहरू;

झ. अनुदान प्रदान गरिएका सहकारी आयोजनाहरूको छुट्टाछुट्टै फाइलहरू;

ञ. खास लक्षित वर्गका प्रवर्धित सहकारी संस्थाहरूको छुट्टाछुट्टै सहजीकरण फाइलहरू;

ट. उजुरी दर्ता किताप र कारबाई फाइलहरू;

ठ. अनुसन्धानका सिलसिलामा अधिकारप्राप्त निकायहरूबाट माग भइआएका तथा पठाइएका विवरणहरूको लगत र फाइल;

ड. सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत जारी नियामक व्यवस्था र पालना अनुगमन एवं कारबाई फाइलहरू;

ढ. सूचनाको हक तथा अग्रतापूर्ण खुलासाको लगत तथा फाइल र

ण. बैठकका कारबाई कितापहरू ।

देशको कुल वित्तीय कारोबारमा २० प्रतिशतको हाराहारीमा योगदान गर्ने सहकारी संस्थाहरूको नियमन बेला-बेलामा कागतमा प्राप्त प्रतिवेदन वा स्थलगत रूपमा गरिने निरीक्षणबाट मात्र प्रभावकारी हुने कुरै आएन । नियामक तहबाट जुनसुकै बेला जुनसुकै संस्थाको तत्क्षण (Real-time) गैरस्थलगत (Off-site) रूपमा कारोबार हेरी कुनै किसिमको वित्तीय असन्तुलन देखिनासाथै आवश्यक निर्देशन गर्न समर्थ तुल्याउन सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट इन्टरनेटमा आधारित सूचना प्रणाली विकास गरी यसै वर्ष कार्यान्वयनमा ल्याइएको छ । सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (Co-operative and Poverty Management Information System – COPOMIS) नाम दिइएको सो प्रणालीबाट नियमन, प्रतिवेदन, प्रक्षेपणसमेतका लागि सबै उपयोगी सूचना संस्थाका खाताबहीलगायतका अभिलेखका आधारमा उपलब्ध हुन्छन् । अतः स्थानीय तहबाट सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय वा डिभिजन सहकारी कार्यालयले हस्तान्तरण गरेको विद्युतीय प्रति अभिलेखमा लिई अद्यावधीकरण एवं उपयोगको परिपाटी बसाल्नु अति वाञ्छनीय छ । साथै सूचना प्रणालीको सञ्चालनका लागि आवश्यक उपकरण, प्राविधिक जनशक्ति एवं प्रशिक्षणसमेत जो-चाहिने व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

# अनुसूचीहरू


| | |
|---|---|
| १. सहकारी सिद्धान्तसम्मतिको जाँच | ५५ |
| २. सहकारी विधिसम्मतिको जाँच | ५९ |
| ३. सुशासकीय मानकको जाँच | ६४ |
| ४. पहिलो प्रारम्भिक भेला : निर्णयहरूको नमुना | ६८ |
| ५. दोस्रो प्रारम्भिक भेला : निर्णयहरूको नमुना | ७३ |
| ६. व्यावसायिक कार्ययोजनाको रूपरेखा | ७६ |
| ७. दर्ता दरखास्तको नमुना | ८१ |
| ८. अधिकार प्रत्यायोजनको नमुना | ८३ |
| ९. स्व-घोषणा-पत्रको नमुना | ८५ |
| १०. सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु | ८६ |
| ११. भर्पाईको नमुना | ८७ |
| १२. आवेदकहरूको विवरण फाराम | ८८ |
| १३. तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम | ८९ |
| १४. संस्था दर्ता कितापको नमुना | ९० |
| १५. संस्था दर्ता प्रमाण-पत्रको नमुना | ९१ |
| १६. सहकारी संस्थाको विनियमको नमुना | ९२ |
| १७. दर्ता कार्यप्रवाह तालिका | ११० |

## अनुसूची १

## सहकारी सिद्धान्तसम्मतिको जाँच

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| १. | दरखास्तवालाहरू सबै जना प्राथमिक उत्पादक वा वास्तविक श्रमिक वा सर्वसाधारण उपभोक्ता हुन् । | ☐ | ☐ | |
| २. | दर्ता गर्न संस्थाको कार्यकारण मिल्दो आवश्यक साझा बन्धन (Common bond) छ । | ☐ | ☐ | |
| ३. | विनियमको दफा [८] मा सदस्यको योग्यतामा संस्थाले दिने सेवा उपयोग गर्ने अवस्थामा हुनुपर्ने (जस्तै– रेसम खेती संस्थामा रेसम खेतीवालामात्र सदस्य हुन सक्ने) भनिएको छ । | ☐ | ☐ | |
| ४. | विनियमको दफा [१५] मा संस्थाको सदस्यता सेवा उपयोग गर्न सक्ने सबैलाई संस्थापक सदस्यहरू बराबरको हैसियतमा प्राप्त हुने गरी खुला रहने प्रत्याभूति छ । | ☐ | ☐ | |
| ५. | विनियमको दफा [१७] मा एक सेयरको मूल्य रु. १००।- राखिएको छ, एक सेयर किन्ने संस्थाको सेवा उपयोग गर्न सक्ने कसैले पनि निर्बाध सदस्यता प्राप्त गर्ने सुनिश्चितता छ र [२२] मा कृत्रिम छेकबार नलगाइने उल्लेख हुनुका साथै विपन्न वर्गका कसैलाई कृत्रिम छेकबार लगाउने गरी न्यूनतम सङ्ख्यामा सेयर किन्नुपर्ने भन्ने खालको वा प्रवेश शुल्कतर्फ वा अन्यत्र कतै कुनै सर्त राखिएको छैन । | ☐ | ☐ | |
| ६. | सदस्यहरूको नित्य सहभागिताका लागि पायक मिल्ने गरी विनियमको दफा | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| | [३१] मा गाउँ/टोल/उपक्षेत्रीय बैठकको व्यवस्था छ र तदनुसार [दफा ३४ मा] सञ्चालक समितिको गठन विधिको प्रावधान पनि राखिएको छ । | | | |
| ७. | विनियमको दफा [५२] मा संस्थाको कुनै वर्षको खुद बचतबाट जगेडा कोषमा घटीमा २५ प्रतिशत छुट्ट्याएर बाँकी हुने रकममध्येबाट सहकारी शिक्षा कोषका साथै सामुदायिक विकास कोषमा निश्चित प्रतिशत राख्ने व्यवस्था गरिएको छ । | ☐ | ☐ | |
| ८. | संस्थाको नाम देहायबमोजिम छ :<br>• देवनागरीमा अर्थ खुल्ने कम्तीमा दुई अक्षरको;<br>• सहकारीका साथै अन्तमा लिमिटेड शब्द परेको;<br>• अनुवाद गरी अङ्ग्रेजीमा नराखिएको – बरु नेपाली नाम नै अङ्ग्रेजी अक्षरमा राखिएको (जस्तो– सगरमाथालाई 'Everest' नभनी 'Sagarmatha' भनिएको);<br>• कल्याण, उपकार, परार्थजस्ता स्वावलम्बनको सहकारी भावनासँग मेल नखाने शब्दहरू नराखिएको;<br>• सहकारी सङ्गठनका मौलिकताभन्दा भिन्न स्वभावका सङ्गठन जनाउने गरी सामाजिक व्यवसाय वा व्यवसायी अथवा सामाजिक उद्यम वा उद्यमी नभनिएको;<br>• सङ्केत अक्षर प्रयोग नगरिएको;<br>• कुनै निकाय समूह वा व्यक्तिबाट प्रवर्धित भनी नजनिएको; | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| | • स्वीकृतभन्दा बेसी कार्यक्षेत्र नबुझाउने;<br>• अर्को कुनै संस्थाको नाममा उपसर्ग वा प्रत्यय नलागेको;<br>• 'बैङ्क', 'फाइनान्स', 'वित्तीय संस्था', 'इन्भेष्टमेन्ट', 'डेभलपमेन्ट' वा 'कम्पनी' जस्तो शब्द नपरेको र<br>• स्थानीय तहमा वा छिमेकमा एकै नाम नदोहोरिएको । | | | |
| ९. | संस्थाको विषय स्थानीय तहको सहकारी कानुनमा पहिचान गरिएबमोजिम छ वा अन्य उत्पादनमूलक, उपभोगजन्य वा श्रममा आधारित संस्थाको रूपमा दर्ता गर्न निर्विवाद औचित्य छ । | ☐ | ☐ | |
| १०. | महिला संस्थाहरूमा महिलामात्रको सदस्यता हुनेमा बाहेक अन्य कुनै संस्थामा लिङ्गको आधारमा भेदभाव हुने गरी विनियममा कुनै प्रावधान राखिएको छैन । | ☐ | ☐ | |
| ११. | साधारण सदस्यहरू कसैलाई पनि सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न नपाउने र निर्वाचित भइसकेपछि संस्थाको खर्चमा दिने प्रशिक्षण लिनुपर्ने व्यवस्थाबाहेक शैक्षिक प्राप्ति, अनुभव, खरिद गर्नुपर्ने सेयरको सङ्ख्या वा रकम वा त्यस्तै कुनै मानदण्ड राखेर नेतृत्व तहमा निर्वाचित हुन नसक्ने खालको व्यवस्था विनियममा [खास गरी दफा ३३, ३६, ३७, ४० वा ४१ मा] छैन । | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| १२. | संस्था सञ्चालनमा सबै महत्त्वपूर्ण विषयहरूमा साधारण सभाको निर्णय अनिवार्य हुने प्रावधान विनियमको दफा [३०] मा छ। | ☐ | ☐ | |
| १३. | सञ्चालक समितिका सदस्यहरू मध्ये उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत (अर्थात् ४ जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीनोटा फरक गाउँ/टोल/उपक्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट उम्मेदवार बन्ने सकारात्मक प्रावधान विनियम [दफा ३३ र ३४] मा छ। | ☐ | ☐ | |
| १४ | अपाङ्गता भएका व्यक्ति, दलित समुदायका सदस्यहरूका साथै आर्थिक-सामाजिक रूपमा सीमान्तीकृत समूहका सदस्यहरूको सहभागितालाई बढवा दिन प्राथमिकता, छुट, सुविधालगायतका सकारात्मक प्रावधान विनियम [दफा ८७] मा छ। | ☐ | ☐ | |
| १५. | पूर्व-सहकारी शिक्षा दिइसकिएको छ। | ☐ | ☐ | |

# अनुसूची २

## सहकारी विधिसम्मतिको जाँच

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| १. | फरक परिवारका न्यूनतम सङ्ख्या पुग्ने उपस्थितिमा पहिलो प्रारम्भिक भेला बसी अनुसूची ४ मा उल्लिखित कार्यसूचीमा छलफल गरेर निर्णयहरू भएको देखिने कारबाई कितापको प्रमाणित प्रतिलिपि छ । | ☐ | ☐ | |
| २. | फरक परिवारका न्यूनतम सङ्ख्या पुग्ने उपस्थितिमा दोस्रो प्रारम्भिक भेला बसी अनुसूची ५ मा उल्लिखित कार्यसूचीमा छलफल गरेर निर्णयहरू भएको देखिने कारबाई कितापको प्रमाणित प्रतिलिपि छ । | ☐ | ☐ | |
| ३. | प्रस्तावित संस्थाको विनियमका प्रत्येक पृष्ठको शिर-पुछारमा तदर्थ सञ्चालक समितिका प्रत्येकले र अटेसम्मका अरू सदस्यहरूले सहीछाप गरेका दुई सक्कलै प्रतिहरू छन् । | ☐ | ☐ | |
| ४. | तदर्थ सञ्चालक समितिका प्रत्येकले शिर-पुछारमा सहीछाप गरेका प्रस्तावित संस्थाको अनुसूची ६ को नमुनामा तयार पारिएको कार्ययोजनाका दुई सक्कलै प्रतिहरू छन् । | ☐ | ☐ | |
| ५. | तदर्थ सञ्चालक समितिको अध्यक्षले दस्तखत गरेको अनुसूची ७ को नमुनामा रु. १०।- को टिकट टाँस भएको दरखास्त छ । | ☐ | ☐ | |
| ६. | दरखास्तवालाहरू सबै जनाले सहीछाप गरेको अनुसूची ८ को जस्तै संस्था दर्ता कार्यका लागि अधिकार प्रत्यायोजन-पत्र छ । | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| ७. | दरखास्तवालाहरू सबै जनाको नेपाली नागरिकताको प्रमाण-पत्रको आफैँले सक्कलबमोजिम नक्कल ठीक, दुरुस्त छ भनी सहीछाप गरेको र तदर्थ सञ्चालक समितिका प्रत्येकको सम्भव भएसम्म नोटरी पब्लिकबाट समेत प्रमाणित गराएको प्रतिलिपि संलग्न छ । | ☐ | ☐ | |
| ८. | दरखास्तवालाहरू कम्तीमा पनि बचत तथा ऋणको विषयगत संस्था भए महा/उपमहानगरपालिकामा १०० तर नगर/गाउँपालिकामा ३० जना, श्रमिक संस्था भए १५ जना र अन्य विषयगत वा बहुउद्देश्यीय संस्था भए ३० जना फरक परिवारका पर्दछन् । | ☐ | ☐ | |
| ९. | छिमेक वा समुदाय साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरू सबै जना वडाभित्र स्थायी रूपमा वा कम्तीमा ८५ प्रतिशत स्थायी रूपमा र बाँकी पनि स्थायित्व रहने गरी नै बसोबास गरिरहेका हुन् भन्ने बेहोरासहित वडा कार्यालयबाट संस्था दर्ता गरिदिन सिफारिस भइआएको छ । | ☐ | ☐ | |
| ९.क | पेसाको साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरू सबै जना त्यस्तो पेसाको सीप भएका वा उत्पादन कार्यमा संलग्न रहेका व्यक्तिहरू हुन् भन्ने शैक्षिक संस्था वा सम्बन्धित निकायको प्रमाण-पत्र वा वडा कार्यालयको सिफारिस-पत्रका साथै वडा कार्यालयबाट सबै जना प्रस्तावित संस्थाको कार्यक्षेत्रका स्थायी बासिन्दा हुन् वा कम्तीमा ३० प्रतिशत स्थायी रूपमा र बाँकी पनि विगत दुई वर्षदेखि स्थायित्व रहने गरी नै बसोबास | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| | गरिरहेका हुन् भन्ने बेहोरा खुलाएर संस्था दर्ता गरिदिन प्रमाण-पत्रहरू भए तीसमेत राखी सिफारिस भइआएको छ । | | | |
| ९. ख | अर्को सङ्गठनको साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरू सबै जना त्यस्तो सङ्गठनका सदस्यहरू हुन् वा त्यसअन्तर्गत कार्यरत छन् र प्रस्तावित संस्थाको कार्यक्षेत्रमा बसोबास वा कामकाज गर्दछन् भन्ने बेहोरा खोली प्रत्येकको सदस्यता वा नियुक्तिको प्रमाणसमेत राखी सम्बन्धित सङ्गठनको आधिकारिक सिफारिस-पत्र प्राप्त भएको छ । | ☐ | ☐ | |
| १०. | सि. नं. ९, ९.क र ९.ख को प्रयोजनका लागि कार्यक्षेत्रबाहिरको नागरिकता भएका दरखास्तवालाहरूको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिका साथै कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्टि मिल्ने देहायको कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपिसमेत छ :<br>• मतदाता परिचय-पत्र;<br>• बसाइँ-सराइको प्रमाण-पत्र;<br>• विवाह दर्ता प्रमाण-पत्र;<br>• जग्गाधनी पुर्जा, तिरो वा विद्युत् महसुल तिरेको रसिद वा<br>• खटनपटन-पत्र वा श्रमिकको रूपमा काम गरिबसेको निस्सा । | ☐ | ☐ | |
| ११. | दरखास्तवालाहरू सबै जनाले महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिकाभित्र सोही प्रकृतिको अर्को कुनै संस्थाको सदस्यता लिएको छैन र साथै पहिले कुनै सहकारी संस्थामा संलग्न रही ऋण नतिरेको, | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| | रकम हिनामिना वा कुनै बैङ्क वा वित्तीय संस्थाको कालो सूचीमा परेको पनि छैन भनी अनुसूची ९ को ढाँचामा स्व-घोषणा गरेका छन् । | | | |
| १२. | विषयगत बचत तथा ऋण संस्था, बचत तथा ऋणको कारोबारसमेत गर्ने अन्य विषयको कुनै संस्था वा बहुउद्देश्यीय संस्था भए विनियमको दफा [६] मा संस्थाको कार्यक्षेत्र एक वडामात्र रहने उल्लेख गरिएको छ र अन्य संस्था भए तापनि एकै वडामात्र कार्यक्षेत्र छ वा एकभन्दा बढी वडाहरू भए संस्थाको विशेष आवश्यकता (जस्तै– तीनोटा वडा भएर बग्ने खोलामा जलविद्युत् उत्पादन गर्ने योजना) का कारण प्रस्ट औचित्य छ । | ☐ | ☐ | |
| १३. | विनियमको दफा [५२] मा संस्थाको कुनै वर्षको खुद बचतबाट जगेडा कोषमा कम्तीमा २५ प्रतिशत छुट्ट्याउने व्यवस्थाका साथै त्यसपछि बाँकी हुने रकमलाई १०० प्रतिशत मानी सोको कम्तीमा २५ प्रतिशत संरक्षित पुँजी कोषमा र १/२ प्रतिशत सहकारी प्रवर्धन कोषमा छुट्ट्याउनुपर्ने उल्लेख गरिएको छ । | ☐ | ☐ | |
| १४. | संस्थाको व्यावसायिक योजना, सदस्यताको आधार र स्रोत परिचालनका पक्षहरू समेतको समुचित विश्लेषण गरिएको अनुसूची १० मा उल्लिखित विषयहरू समावेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन छ । | ☐ | ☐ | |
| १५. | दरखास्तवालाहरूले सेयर र प्रवेश शुल्कबापत जम्मा गरेको रकम तदर्थ | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| | सञ्चालक समितिका जिम्मावाल कसैको जिम्मामा छ भन्ने बेहोरा खुल्ने अनुसूची ११ बमोजिमको भर्पाई छ । | | | |
| १६. | दरखास्तवालाहरूको सहीछाप परेको फोटोसहित अनुसूची १२ को नमुनामा र तदर्थ सञ्चालक समितिका सदस्यहरूको अनुसूची १३ को नमुनामा थप विवरणसमेत प्राप्त छ । | | | |
| १७. | दिइएको वडामा दिइएको विषयको वा बहुउद्देश्यीय संस्थाहरू मिश्रित र महिलामात्रका कति-कतिसम्म दर्ता गर्ने भनी कानुनबमोजिम निर्धारित मानदण्डले हुने सङ्ख्या पुगेको छैन । | ☐ | ☐ | |

## अनुसूची ३

## सुशासकीय मानकको जाँच

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| १. | सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनअनुसार दरखास्तवालाहरूको पहिचान तथा सम्पुष्टि हुने विवरण र कागजात प्राप्त भएको छ । | ☐ | ☐ | |
| २. | उपभोक्ता संस्था भए विनियममा सदस्यहरूबाट कुनै पनि प्रकारको बचत सङ्कलन गर्ने उद्देश्य [दफा ५] वा कार्य [दफा ६] मा छैन । | ☐ | ☐ | |
| ३. | उत्पादक वा श्रमिकको संस्था वा बहुउद्देश्यीय संस्था भए विनियममा सदस्यहरूको बचत परिचालन गर्ने उद्देश्य [दफा ५] वा कार्य [दफा ६] मा राखिएको छ भने नियमित बचत (अर्थात् महिनावारी प्रतिसदस्य रु. १।- देखि रु. १,०००।- सम्म) मात्र सङ्कलन गर्ने भनी उद्देश्य भए रूप र कार्य भए रूप र रकम प्रस्टै खुलाइएको छ । | ☐ | ☐ | |
| ४. | सि. नं. ३ को संस्थाको हकमा पुनः विनियमको दफा [५८] मा सदस्यहरूबाट सङ्कलन गरिएको बचत रकमको जम्मा दायित्व जहिल्यै संस्थाको प्राथमिक पुँजी कोष (अर्थात् सेयर पुँजी र जगेडा कोष) को १५ गुनाभन्दा बढी नहुनुका साथै त्यस्तो बचत | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| | रकमको जम्मा दायित्व र सदस्यतर्फी वार्षिक खरिद-विक्रीसमेतको जम्मा कारोबारको ३० प्रतिशतभन्दा बढी नहुने गरी सीमा तोकिएको छ । | | | |
| ५. | बचत तथा ऋणको विषयगत संस्था भए बचत खातामात्र खोल्न सक्ने (अर्थात् चल्ती वा मुद्दती खाता खोल्न नसक्ने) तथा जम्मा सङ्कलित बचत दायित्वको रकम जुनसुकै बखत प्राथमिक पुँजी कोष (अर्थात् सेयर पुँजी र जगेडा कोष) को १५ गुनाभन्दा बढी हुन नहुने गरी विनियमका दफा [५७ (२) (घ) र ५८] मा प्रस्ट जनाइएको छ । | ☐ | ☐ | |
| ६. | संस्थाको व्यावसायिक कार्ययोजना सहकारी ढाँचा (Co-operative model) मा तर्कसम्मत, सम्भाव्य र सदस्यहरूको आर्थिक प्रकृतिसँग ठीक-ठीक मिल्दो (जस्तै- जुत्ताकर्मीको संस्थाको हकमा छाला विक्री, जुत्ता खरिद, जुत्ता उत्पादन, कार्यशाला निर्माण आदि) छ; नमिल्दो (जस्तै– जुत्ताकर्मीकै संस्थाको हकमा तरकारी खरिद, उपभोक्ता पसल सञ्चालन, साइकल मर्मत कार्यशाला निर्माण आदि) छैन । | ☐ | ☐ | |
| ७. | विनियमको दफा [६१] मा सदस्यहरूबाट संस्थाले सङ्कलन गरेको बचतको रकम साधारण सभाबाट पारित बचत परिचालन | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| | निर्देशिकाअनुसार सदस्यहरूलाई नै ऋण दिने, तरलताका लागि नगदै राख्ने वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिद गर्ने बाहेक कुनै प्रयोजनमा लगाउन नपाइने गरी प्रतिबन्ध लगाइएको छ । | | | |
| ८. | विनियमको दफा [५०] मा संस्थाले कम्पनीको सेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको आयोजनामा आफ्नो कोषको रकम लगाउन नहुने प्रावधान राखिएको छ । | ☐ | ☐ | |
| ९. | उत्तरदायित्व शृङ्खलामा असर पर्ने गरी कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालकजस्ता प्रावधान विनियममा [दफा ४४ वा अन्यत्र) कतै छैन । | ☐ | ☐ | |
| १०. | सम्पत्ती शुद्धीकरण निवारण कानुनअन्तर्गतको दायित्व पूरा गर्न आवश्यक व्यवस्थाहरू विनियममा [खास गरी दफा ८, ४६, ६६, ६७, ७६ र ८५ मा] गरिएका छन् । | ☐ | ☐ | |
| ११. | कसैलाई पनि सदस्यता लिएको तीन महिना व्यतीत नभई ऋण नदिइने व्यवस्थाका साथै ऋण दिँदा तरलताका लागि १५ प्रतिशत छुट्ट्याएर हुने लगानीयोग्य रकम ६० लाख पुगेपछिको अवस्थामा त्यस्तो रकमको आधा प्रतिशतभन्दा बढी नदिइने गरी [दफा ६०] मा सीमाङ्कन गरिएको छ । | ☐ | ☐ | |

| सि. नं. | नियामक सरोकारको विषय | रुजु ☑ | बेरुजु ☒ | कैफियत |
|---|---|---|---|---|
| १२. | एकीकृत सूचना प्रणालीमा आबद्धताको व्यवस्था विनियम [दफा ७४] मा राखिएको छ । | □ | □ | |
| १३. | सूचनाको हक प्रत्याभूत गर्नुका साथै अग्रतापूर्ण खुलासाका लागि विनियममा प्रस्ट प्रावधान [दफा ७८] छ । | □ | □ | |
| १४. | सञ्चालक वा लेखा समितिका सदस्यहरूलाई ऋण प्रदान गर्ने वा उनीहरूको सुविधाका साथै व्यवस्थापकको पारिश्रमिक तोक्ने सम्बन्धमा वाञ्छित सीमाङ्कनसहितका प्रावधानहरू विनियम [दफा ३०, ६०, ६२ र ६४] मा छन् । | □ | □ | |
| १५. | नियामक निकायका निर्देशनलगायत आम सदस्यहरूका सरोकारका विषयहरू साधारण सभामा जानकारी गराउनुपर्ने व्यवस्था विनियम [दफा ७७] मा राखिएको छ । | □ | □ | |

## अनुसूची ४

## पहिलो प्रारम्भिक भेला : निर्णयहरूको नमुना

मिति … … … … … … का दिन हामी तपसिलका व्यक्तिहरूले सहकारी संस्था खोली सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर उठाउने अभिप्रायले श्री … … … … … … को अध्यक्षतामा पहिलो प्रारम्भिक भेला गरी तपसिलबमोजिमका विषयहरूमा गहन छलफल एवं सान्दर्भिक निर्णय लिइयो ।

| सि. नं. | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

**<u>प्रस्तावहरू</u>**

१. संस्था गठन गर्ने;
२. संस्थाको नाम र ठेगाना राख्ने;
३. उद्देश्य र कार्य तय गर्ने;
४. कार्यक्षेत्र निर्धारण गर्ने;
५. सेयर र प्रवेश शुल्कको रकम तोक्ने;
६. तदर्थ सञ्चालक समिति गठन गर्ने;
७. संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदन, आर्थिक तथा प्रशासनिक नियमावली [र बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका] को मस्यौदा गर्ने;
८. सेयर र प्रवेश शुल्कबापत उठेको रकम जिम्मा दिने;
९. स्व-घोषणा गर्ने;
१०. दर्ता गर्ने अधिकारीसँग पूर्व-परामर्श लिने;
११. पूर्व-सहकारी कक्षा चलाउने र
१२. विविध ।

## निर्णयहरू

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधिअनुरूप एकजुट भएर स्वावलम्बन, पारस्परिकता र किफायतको वृद्धि गर्दै आफ्नो आर्थिक-सामाजिक जीवनस्तर उठाउन विभिन्न व्यावसायिक सेवाहरू एवं सशक्तीकरणका कार्यहरू सञ्चालनार्थ सहकारी ऐन, नियमबमोजिम … … … … सहकारी संस्था गठन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको नाम श्री … … … सहकारी संस्था लिमिटेड राख्ने निर्णय गर्दै ठेगाना … … … … राखी दर्ता भएपछि कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

सदस्यहरूको व्यक्तित्व विकास, व्यावसायिक विकास र सामुदायिक विकासका उद्देश्य र तदनुसारका कार्यहरू विनियममा उल्लेख गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रस्तावित … … … …सहकारी संस्था को कार्यक्षेत्र … … … …जिल्लाको … … … … महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको वडा नं … …राख्ने निर्णय गरियो ।

### निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रस्तावित … … … …सहकारी संस्था को प्रतिसेयर मूल्य रु. … …र प्रवेश शुल्कबापतको रकम रु. … …राख्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ का सम्बन्धमा आजको भेलाबाट प्रस्तावित ... ... ... ... सहकारी संस्थाको तदर्थ सञ्चालक समिति देहायबमोजिमको गठन गर्ने प्रस्ताव पारित गरियो ।

| सि.नं. | पद | नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | |
| २ | उपाध्यक्ष | |
| ३ | सचिव | |
| ४ | कोषाध्यक्ष | |
| ५ | सदस्य | |
| ६ | सदस्य | |
| ७ | सदस्य | |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस सहकारी संस्थालाई विधिवत् दर्ता गरी सञ्चालन गर्न आवश्यक पर्ने सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार पार्न, कार्ययोजना तर्जुमा गर्न र विनियम, आर्थिक-प्रशासनिक नियमावली [एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका] बनाउनका लागि तपसिलबमोजिमका व्यक्तिहरू रहने गरी मस्यौदा, अध्ययन वा तर्जुमा समितिहरू गठन गर्ने र समितिहरूले मिति २०...।...।...मा हुने दोस्रो भेलामा आ-आफ्नो मस्यौदा पेस गर्ने निर्णय गरियो ।

**क. विनियम मस्यौदा समिति**

श्री ... ... ... ... ... ... ... ...-संयोजक
श्री ... ... ... ... ... ... ... ...-सदस्य
श्री ... ... ... ... ... ... ... ...-सदस्य
श्री ... ... ... ... ... ... ... ...-सदस्य
श्री ... ... ... ... ... ... ... ...-सदस्य-सचिव

**ख. कार्ययोजना तर्जुमा समिति**

श्री ... ... ... ... ... ... ... ...-संयोजक
श्री ... ... ... ... ... ... ... ...-सदस्य
श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री … … … … … … … … -सदस्य
श्री … … … … … … … … -सदस्य-सचिव

## ग. सम्भाव्यता अध्ययन समिति

श्री … … … … … … … …-संयोजक
श्री … … … … … … … …-सदस्य
श्री … … … … … … … …-सदस्य
श्री .. … … … … … … … -सदस्य
श्री … … … … … … … …-सदस्य-सचिव

## घ. आर्थिक-प्रशासनिक नियमावली मस्यौदा समिति

श्री … … … … … … … …-संयोजक
श्री … … … … … … … …-सदस्य
श्री … … … … … … … …-सदस्य
श्री… … … … … … … … -सदस्य
श्री … … … … … … … …-सदस्य-सचिव

## ङ. बचत परिचालन निर्देशिका मस्यौदा समिति

श्री … … … … … … … …-संयोजक
श्री … … … … … … … …-सदस्य
श्री … … … … … … … …-सदस्य
श्री … … … … … … … …-सदस्य
श्री … … … … … … … …-सदस्य-सचिव

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ का सम्बन्धमा संस्था दर्ता गर्ने प्रयोजनका लागि सम्पूर्ण सदस्यहरूबाट प्राप्त भएको सेयरबापतको रकम रु. … … र प्रवेश शुल्कबापतको रकम रु. … … गरी जम्मा उठेको रकम रु. … … (अक्षरेपि रुपैयाँ … … … … ) संस्था दर्ता भएपश्चात् संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने गरी हालका लागि संस्थाका तदर्थ समितिका … … … … … … श्री … … … … … … को जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थाका सदस्यहरूको स्व-घोषणा तयार गरी मिति २०...। ...।... मा हुने दोस्रो भेलामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० मा छलफल गर्दा तदर्थ सञ्चालक समितिका अध्यक्ष र यथाशक्य मस्यौदा समितिहरूका संयोजकहरू सबै जनाले मस्यौदा कार्य थाल्नुअगावै दर्ता गर्ने अधिकारीसँग भेटी पूर्व-परामर्श गर्ने तय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि भएको छलफलबाट दर्ता गर्ने अधिकारीका तर्फबाट स्रोत व्यक्तिहरू मिल्ने सम्भावनासमेत हेरी  दोस्रो प्रारम्भिक भेला नराख्दै पूर्व-सदस्य कक्षा राख्ने टुङ्गोमा पुगियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १० माथि छलफल गर्दा संस्थाको दोस्रो भेला मिति २०...। ...।... मा गर्ने निर्णय गरियो । आजको यस भेलाले सहकारी संस्था खोल्ने सम्बन्धमा महत्त्वपूर्ण निर्णय गरेको हुँदा उपस्थित सहभागीलाई भेलाको अध्यक्षबाट धन्यवाद ज्ञापन गरियो । साथै सबै जना मन, बचन र कर्मले एकजुट भएर सहकारी माध्यमबाट अघि बढ्ने सङ्कल्पका साथ यो प्रारम्भिक भेला समापन गरियो ।

# अनुसूची ५

## दोस्रो प्रारम्भिक भेला : निर्णयहरूको नमुना

मिति २०...।...।... का दिन हामी तपसिलका व्यक्तिहरूको उपस्थितिमा प्रस्तावित ... ... ... ... ... ...सहकारी संस्थाको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री ... ... ... ... ... ... को अध्यक्षतामा दोस्रो भेला बसी विविध विषयहरू माथि गहन छलफल गरी सान्दर्भिक निर्णय लिइयो ।

| सि. नं. | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

**प्रस्तावहरू**

१. मस्यौदा विनियम पारित गर्ने;
२. कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारूप स्वीकृत गर्ने;
३. संस्था दर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने;
४. संस्था दर्तापश्चात् सेयर र सदस्य प्रवेश शुल्कबापत उठेको रकम बैङ्कमा खाता खोली जम्मा गर्ने तथा खाता सञ्चालन गर्ने;
५. स्व-घोषणा-पत्रमा सहीछाप गर्ने;
६. आर्थिक तथा प्रशासनिक नियमावली [एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका] पारित गर्ने र
७. विविध ।

**निर्णयहरू**

**निर्णय नं.** १

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रस्तावित ... ... ... ... ... ...सहकारी संस्था लि. को विनियम बनाउनका लागि मिति २०...।...।... मा श्री ... ...

... ... ... ... को संयोजकत्वमा गठित मस्यौदा समितिले पेस गरेको विनियमको मस्यौदामाथि भेलामा व्यापक छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णयका साथै विनियमको प्रत्येक पानामा तदर्थ सञ्चालक समितिका सदस्यहरूका साथै अटेसम्म सबै जनाले हस्ताक्षर गर्ने निर्णयसमेत भयो ।

**निर्णय नं**. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा तर्जुमा समितिहरूले पेस गरेका कार्ययोजनाको प्रारूपका साथै सम्भाव्यता अध्ययन प्रतिवेदनमा सम्बन्धमा छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं**. ३

यस सम्बन्धमा छलफल गर्दा प्रस्तावित ... ... ... ... ... ...सहकारी संस्था लि. दर्ता गर्ने सिलसिलामा सबै सदस्यहरू सम्बन्धित निकायमा उपस्थित भएर कार्य गर्न विभिन्न व्यावहारिक कठिनाइले गर्दा संस्था दर्ता गर्न एवं विनियमलगायतका अन्य कागजातमा आवश्यक सामान्य थपघट गरी प्रमाणित गर्नका लागि तदर्थ सञ्चालक समितिका ... ... ... ... ... ... श्री ... ... ... ... ... ..., ... ... ... ... ... ... श्री ... ... ... ... ... ... र ... ... ... ... ... ... श्री ... ... ... ... ... ...समेतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं**. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस संस्थाका सदस्यहरूबाट उठेको सेयर तथा प्रवेश शुल्कबापतका रकम हाल तदर्थ सञ्चालक समितिका ... ... ... ... ... ... श्री ... ... ... ... ... ... को जिम्मामा रहेकोमा संस्था दर्ता भएपश्चात् ... ... ... ... ... ... बैङ्कमा तदर्थ सञ्चालक समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी संस्थाको नाममा खाता खोल्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस सम्बन्धमा तदर्थ सञ्चालक समितिका तर्फबाट पेस भएको स्व-घोषणा-पत्रको बेहोराको मस्यौदाउपर छलफल गरी सर्वसम्मतिले पारित गरेर सबै जनाले सहीछाप गर्ने निर्णय भयो ।

**निर्णय नं. ६**

मस्यौदा समितिहरूले पेस गरेका संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली र [बचत परिचालन गर्ने संस्थाको हकमा] बचत परिचालन निर्देशिकाउपर व्यापक छलफल गरी पारित गरियो ।

**निर्णय नं. ७**

... ... ... ...

... ... ... ...

... ... ... ... ।

## अनुसूची ६

## व्यावसायिक कार्ययोजनाको रूपरेखा

संस्थाको नाम :- ... ... ... ... ... ... ... ... ...

ठेगाना :-... ... ... ... ... ... ... ... ...

**क. उद्देश्य :-**

१. ............... ................. ................. .................. ..............

२. ............... ................. ................. .................. ..............

३. ............... ................. ................. .................. ..............

**ख. कार्यहरू :-**

१. ............... ................. ................. .................. ..............

२. ............... ................. ................. .................. ..............

३. ............... ................. ................. .................. ..............

४. ............... ................. ................. .................. ..............

५. ............... ................. ................. .................. ..............

### ग. आगामी ३ वर्षपछिको अवस्था प्रक्षेपण

### ग-१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य सङ्ख्या | | | | |
| – महिला | | | | |
| – पुरुष | | | | |
| – जम्मा | | | | |
| • जम्मा सदस्यमा दलित समुदायको प्रतिशत | | | | |

## ग-२. व्यावसायिक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्यको उत्पादन खरिद | | | | |
| – परिमाण (... ...) | | | | |
| – रकम (रु.) | | | | |
| – लाभान्वित हुने सदस्य (जना) | | | | |
| • सदस्यलाई वस्तु वा सेवा विक्री | | | | |
| – परिमाण (... ...) | | | | |
| – रकम (रु.) | | | | |
| – लाभान्वित हुने सदस्य (जना) | | | | |
| • सदस्यलाई रोजगारीको अवसर सृजना<br>– प्रत्यक्ष पूर्णकालीन (जना)<br>– अप्रत्यक्ष पूर्णकालीन (वर्षमा २,०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| • सदस्यलाई ऋण सेवा (वार्षिक)<br>– रकम (रु.)<br>– जना | | | | |
| • सदस्यलाई बचत सेवा (मौज्दात)<br>– रकम (रु.)<br>– जना | | | | |

## ग-३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| • गाउँ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरू | | | | |

| | | | | |
|---|---|---|---|---|
| आयोजना (वार्षिक पटक) | | | | |
| • समुदायिक विकासका योजनाहरू सञ्चालन | | | | |

## घ. पुँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • आवश्यकता | | | | |
| – स्थिर पुँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| – चालु पुँजीतर्फ (मौज्दात मालसामान, उधारो विक्री, नगद मौज्दात आदि) | | | | |
| – ऋण लगानीतर्फ | | | | |
| – जम्मा | | | | |
| • स्रोत | | | | |
| – सेयर पुँजी | | | | |
| – जगेडा कोष | | | | |
| – अन्य (… … …) | | | | |
| – सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

## ङ कार्यान्वयन जिम्मेवारी बाँडफाँड

### ङ-१. सञ्चालक समितिको जिम्मेवारी

- … … … … … … … … …
- … … … … … … … … …

- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...

## ङ-२. गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...

## ङ-३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...

## ङ-४. व्यवस्थापन कर्मचारीहरूको जिम्मेवारी

- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...

- ... ... ... ... ... ... ... ... ...

## ङ-५. प्रत्येक सदस्यको जिम्मेवारी

- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...

## च. कार्ययोजनाबाट सदस्यहरूको जीवनमा पर्ने प्रभावका सूचकहरू

- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...

## छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...
- ... ... ... ... ... ... ... ... ...

## अनुसूची ७

## दर्ता दरखास्तको नमुना

मिति : २०... । ...।...

श्री दर्ता गर्ने अधिकारी ज्यू !

... ... ... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका कार्यालय ... ... ... ... ... ...।

**विषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौँ । उद्देश्यअनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौँ ।

**संस्थासम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ... ... ... जना

(२) पुरुष … … … जना

(छ) प्राप्त सेयर पुँजीको रकम :– रु. … … …

(ज) प्राप्त प्रवेश शुल्कको रकम :- रु. … … …

अनुसूची १२ बमोजिमका आवेदकहरूको तर्फबाट –

नाम :- … … … … … …

हस्ताक्षर :- … … … … … …

पद :- तदर्थ सञ्चालक समितिका अध्यक्ष

… … … … … … सहकारी संस्था लि.

## अनुसूची ८

## अधिकार प्रत्यायोजनको नमुना

मिति : २०...।...।...

श्री दर्ता गर्ने अधिकारी ज्यू !

... ... ... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका कार्यालय ... ... ... ... ... ...।

**विषय :- अधिकार प्रत्यायोजन ।**

महोदय,

यस प्रस्तावित ... ... ... ... ... ...सहकारी संस्था लि. को मिति २०...।...।... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रोतर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरणलगायतका आवश्यक काम-कारबाई गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ... ... ... ... श्री ... ... ... ... ... ... ..., ... ... श्री ... ... ... ... ... र ... ... ... श्री ... ... ... ... ... ...समेतलाई अधिकार प्रत्यायोजन गरिएको बेहोरा अनुरोध गर्दछौँ । निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौँ ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| नाम | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|
| १. श्री ... ... ... ... ... ... | | | |
| २. श्री ... ... ... ... ... ... | | | |
| ३. श्री ... ... ... ... ... ... | | | |

| सि.नं. | सदस्यहरूको नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

**द्रस्टव्य** : अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

## अनुसूची ९

## स्व–घोषणा–पत्रको नमुना

प्रस्तावित श्री … … … … … …सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिलबमोजिमका आवेदकहरूले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारणबाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं :

हामी आवेदकहरू कोही पनि–

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं;
- बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/सङ्घ/राष्ट्रिय सहकारी बैङ्कको कानुनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं;
- यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाईमा परेका वा फरार रहेका व्यक्ति हैनौं;
- सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुनबमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त बेहोरा ठीक, साँचो हो । झुट्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने–

| सि. नं. | सदस्यको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

## अनुसूची १०

## सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

१. परिचय
२. संस्था गठन गर्नुपर्नाको कारण
३. सदस्यताको जनसाङ्ख्यिक आधार
४. सहभागिताको औचित्य
५. व्यावसायिक सम्भाव्यता
 ५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान
 ५.२ सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरू
 ५.३ कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण
६. पुँजी आवश्यकता र स्रोत
 ६.१ आवश्यकताको अनुमान
 ६.२ स्रोत
 ६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरू
७. बजार विश्लेषण
 ७.१ नगिचको बजार
 ७.२ टाढाको बजार
 ७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू
८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य
९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण
१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू
११. जनशक्ति व्यवस्था
१२. संस्थाको विकास र स्थायित्वका आधारहरू ।

## अनुसूची ११

## भर्पाईको नमुना

भर्पाई दादै प्रस्तावित ………………… सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका …………………… श्री …………………… ……………………आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको…………प्रारम्भिक भेलाको मिति……………….को निर्णयबमोजिम प्रतिसेयर रु……….।- का दरले…………… जनाबाट जम्मा ………………… कित्ताको हुन आउने जम्मा रकम रु. ……………………………………………. (अक्षरेपि रुपैयाँ ……………………………………………… मात्र) र प्रवेश शुल्क व्यक्ति रु. ………।- का दरले हुन आउने रु. …………….।- (अक्षरेपि …….. …………………………..मात्र) गरी जम्मा रु. …………….।- (अक्षरेपि ………………………………………. मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सहीछाप गरी ……… महागरनपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकामा पेस गरेको छु । प्राप्त रकम हाल मेरो ……………………..मा रहेको ………..हिसाब नं. ……………………मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुनबमोजिम कारबाई भएमा मेरो मञ्जुरी छ ।

इति संवत् २०….. साल …….. महिना …. गते रोज ….शुभम् ।

# अनुसूची १२

## आवेदकहरूको विवरण फाराम

| सि. नं. | बाजेको नाम, थर | बावुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेसा | सेयरको विवरण | | | सम्पर्क नम्बर | औँठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रतिसेयर रकम रु. | खरिद सेयर सङ्ख्या | सेयरको जम्मा रकम रु. | | | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | |

## अनुसूची १३

### तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

| सि. नं. | बाजेको नाम, थर | बावुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेसा | निर्वाचित मिति | बहाल रहने अवधि | औँठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |

## अनुसूची १४

## संस्था दर्ता कितापको नमुना

.............. महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका कार्यालय

## सहकारी संस्था दर्ता किताप

| दर्ता नं. | निर्णय मिति | संस्थाको नाम, ठेगाना | वर्गीकरण | सदस्य सङ्ख्या | | | | जम्मा प्राप्त सेयर पुँजी रु. | जम्मा प्राप्त प्रवेश शुल्क रु. | अध्यक्षको नाम, थर | दर्ता गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | अन्य | जम्मा | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसूची १५
## संस्था दर्ता प्रमाण-पत्रको नमुना

... ... ... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका कार्यालय

## दर्ता प्रमाण-पत्र

दर्ता नं. :

... ... ... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सहकारी ऐन, ... ... को दफा ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियमसहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

वर्गीकरण : ... ... ... ... ... ... ... ...

दर्ता गरेको मिति : ... ...... ...
दस्तखत : ... ... ... ...
दर्ता गर्ने अधिकारीको नाम : ... ... ... ...
कार्यालयको छाप : ... ... ... ...

# अनुसूची १६
# सहकारी संस्थाको विनियमको नमुना

**प्रस्तावना :** सहकारी सिद्धान्त, मूल्य र मान्यताहरू अवलम्बन गरी सदस्यहरूमा स्वावलम्बन र पारस्परिकताको भावनालाई बढवा दिएर आफ्नो आर्थिक, सामाजिक एवं शैक्षिक उन्नतिका लागि आवश्यक स्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरूको बन्दोबस्त आफैंले मिलाएर परिश्रम, समानता र समताका मानदण्डमा समुदायका सबैको यथायोग्य वैभव हासिल हुने सहकारी सभ्यताको विकासमा समेत सहायता पुऱ्याउन .................. सहकारी संस्थाको स्थापना गर्न .............. महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सहकारी ऐन, २०७४ को दफा ........ ले दिएको अधिकार प्रयोग गरी मिति ............ को प्रारम्भिक भेलाले यो विनियम बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

२. **संस्थाको नाम र ठेगाना**

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नगालेमा यस विनियममा,-

(क) 'ऐन' भन्नाले ........... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सहकारी ऐन, २०७... सम्झनुपर्दछ ।

(ख) 'नियमावली' भन्नाले ....... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सहकारी नियमावली, २०७... सम्झनुपर्दछ ।

(ग) 'दर्ता गर्ने अधिकारी' भन्नाले ऐनको दफा ......... बमोजिम तोकिएको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ र सो शब्दले निजबाट अधिकारप्राप्त अधिकृतसमेतलाई जनाउनेछ ।

(घ) 'संस्था' भन्नाले श्री .................... लिमिटेड सम्झनुपर्दछ ।

(ङ) 'सदस्य' भन्नाले दफा ७, ९ वा १३ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्दछ ।

(च) 'साधारण सभा' भन्नाले संस्थाको साधारण सभा सम्झनुपर्दछ ।

(छ) 'गाउँ/टोल/उपक्षेत्रीय बैठक' भन्नाले दफा ३१ को उपदफा (२) बमोजिमको संस्थाका सदस्यहरूको बैठक सम्झनुपर्दछ ।

(ज) 'समिति' भन्नाले दफा ३४ बमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनुपर्दछ ।

(झ) 'सञ्चालक' भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसमेतलाई जनाउनेछ ।

(ञ) 'अध्यक्ष' भन्नाले समितिको अध्यक्ष सम्झनुपर्दछ ।

(ट) 'व्यवस्थापक' भन्नाले दफा ४४ बमोजिम नियुक्त संस्थाको व्यवस्थापक सम्झनुपर्दछ ।

**[तल परिच्छेद ५ अन्तर्गत उल्लिखित कारणले गाउँ/टोल/उपक्षेत्रीय बैठकको आवश्यकता नपर्ने संस्थाको हकमा खण्ड (छ) झिकी खण्ड क्रम मिलाउनुपर्ने]**

## परिच्छेद २
## संस्थाको क्षेत्र

**४. उद्देश्य**

**५. <u>कार्य</u> : (१)** ... ... ... ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम कुनै निकायको स्वीकृति लिनुपर्ने सेवा वा व्यवस्थाको हकमा संस्थाले सम्बन्धित निकायको स्वीकृति लिएपछि मात्र प्राप्त स्वीकृतिको सर्त-बन्देजअर्न्तगत रही त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्नेछ ।

**६. <u>कार्यक्षेत्र:</u>** संस्थाको कार्यक्षेत्र ............. महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको वडा नं. .......... हुनेछ ।

## परिच्छेद ३
## सदस्यता

**७. <u>संस्थाको सदस्य :</u>** (१) देहायका प्राकृतिक व्यक्तिहरू संस्थाको सदस्य हुनेछन् :

(क) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरू र

(ख) दफा ८ बमोजिमको योग्यता पुगेका तथा दफा ९ बमोजिम सदस्यता वा दफा १३ बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश

सरकारको पूर्ण स्वामित्व भएका निकायहरूले दफा १७ बमोजिम संस्थाको सेयर खरिद गरी सदस्य हुन सक्नेछन् ।

**८. सदस्यताको योग्यता :** (१) संस्थाको सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त गरेको;

(ख) संस्थाको कार्यक्षेत्रभित्र स्थायी रूपमा वा कम्तीमा दुई वर्षदेखि नियमित रूपमा बसोबास भएको;

(ग) संस्थाको मुख्य व्यावसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको;

(घ) संस्थासँग प्रतिस्पर्धा हुने गरी संस्थाको कार्ययोजनामा गर्ने भनिएको कारोबार नभएको;

(ङ) यस विनियममा उल्लेख भएबमोजिम सदस्यको उत्तरदायित्व बहन गर्न स्वीकार गरेको र

(च) समान प्रकृतिको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यताको योग्यता नपुगेको मानिनेछ ।

**९. सदस्यताका लागि निवेदन र प्राप्ति**

**१०. सदस्यताको अन्त्य**

**११. सदस्यको निष्कासन**

**१२. सदस्यताबाट राजीनामा**

**१३. पुनः सदस्यता**

**१४. सदस्यको काम, कर्तव्य र अधिकार**

**१५. सदस्यता खुला रहने**

**१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने**

## परिच्छेद ४
## पुँजी परिचालन

**१७. सेयर पुँजी :** (१) संस्थाको सेवा सञ्चालनका लागि आवश्यक रकम यथाशक्य सदस्यहरूले दफा १८ बमोजिम सदस्यताको सर्तस्वरूप र दफा १९ बमोजिम स्वेच्छाले खरिद गरेको सेयरबापतको पुँजीको रूपमा जुटाइनेछ ।

(२) संस्थाको एक सेयरको मूल्य रु. १००।- (रुपैयाँ एक सय) हुनेछ ।

(३) संस्थाले दफा ७ को उपदफा (२) मा उल्लेख गरिएबमोजिम सदस्य बन्न इच्छुक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूलाई सेयर विक्री गर्न सक्नेछ ।

तर अन्य कुनै कृत्रिम व्यक्तिलाई सेयर विक्री गर्ने छैन ।

**१८. सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने**

**१९. थप सेयर खरिद गर्न सक्ने**

**२०. सेयर फिर्ता वा हस्तान्तरण**

**२१. प्रवेश शुल्क**

**२२. कृत्रिम छेकबार नलगाइने :** (१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ८ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा १८ बमोजिम खरिद गर्नुपर्ने एक सेयरको वा दफा २१ बमोजिम बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रूपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको निहुँपिउँमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्तविपरीत कृत्रिम छेकबार लगाइने छैन ।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकबार लगाइएको भन्ने लागेमा साधारण सभा वा दर्ता गर्ने अधिकारीसमक्ष उजुरी दिन सक्नेछ ।

**२३. सेयर प्रमाण-पत्र**

**२४. सदस्यको दायित्व सीमित हुने**

## परिच्छेद ५

## साधारण सभा

**[एकै कार्यस्थलको श्रमिक संस्था, एकै चक्ला, पाखा वा फाँटको सहकारी खेती संस्था अथवा एकै परिसर वा एउटै वडाभित्र पनि एकमात्र पायकमा पर्ने र २१० जनाभन्दा बढी सदस्यता विस्तारको सम्भावना पनि नभएको संस्थाको हकमा दफा ३१, ३२ र ३३ आवश्यक नभए झिकी दफा क्रम मिलाउनुपर्ने]**

**२५. प्रारम्भिक साधारण सभा**

**२६. वार्षिक साधारण सभा**

**२७. विशेष साधारण सभा :** (१) ऐन तथा नियमावलीमा उल्लेख भएबमोजिमको अवस्था र विधिअनुसार संस्थाको विशेष साधारण सभा बस्नेछ ।

(२) उपदफा (१) को अवस्थाका साथै संस्थाको कार्यसञ्चालनका सिलसिलामा जुनसुकै महत्त्वपूर्ण निर्णय गर्नुपर्ने वा त्यस्तो निर्णयका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नुअगावै सैद्धान्तिक स्वीकृति वा मार्गदर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

**२८. साधारण सभाको बैठक :** (१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी 'एस.एम.एस', एफ.एम. रेडियो, पत्रपत्रिकालगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू साक्षात् उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्ने दिनअगावै यथाशक्य उपलब्ध गराउनुपर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ ।

(४) साधारण सभाको बैठकमा उद्घाटनको कार्यक्रम राख्नु हुँदैन तथा विचार-विमर्शका लागि पर्याप्त समय छुट्ट्याउनुपर्दछ ।

तर यसमा लेखिएको कुनै कुराले संस्था स्थापना दिवसको अवसरमा उद्घाटनको कार्यक्रम राख्न बाधा पर्ने छैन ।

(५) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरू मध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(६) ऐन तथा नियमावलीको व्यवस्थाअनुसार सदस्य सङ्ख्या दुई हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा-वडा वा पायकको स्थान-स्थानमा समान कार्यसूची राखेर साधारण सभा डाक्नुपर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू सबैलाई उपस्थितिका लागि डाक्नुपर्दछ ।

(७) उपदफा (६) मा उल्लिखित अवस्थामा सबै बैठकहरूको अध्यक्षता गर्ने व्यक्तिहरूका साथै समितिका पदाधिकारीको जम्मा सङ्ख्याको कम्तीमा दोब्बर सङ्ख्या पुग्ने गरी प्रत्येक बैठकबाट कम्तीमा तीन जनाका दरले चुनिएका प्रतिनिधिहरूले साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा जम्मा भएर प्रत्येक पानामा सहीछाप गरी बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) उपदफा (६) को अवस्थामा प्रत्येक बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र उपदफा (७) बमोजिम चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नेछन् ।

(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालक वा लेखा समितिका पदाधिकारीहरूले उपदफा (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुने छैन ।

(१०) साधारण सभाको बैठकको कार्यविधिका सम्बन्धमा अन्य व्यवस्था दर्ता गर्ने अधिकारीले तोकिदिएबमोजिम हुनेछ ।

**२९. साधारण सभाको काम, कर्तव्य र अधिकार**

**३०. साधारण सभाको निर्णय अनिवार्य हुने :** यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा साधारण सभाको निर्णय अनिवार्य हुनेछ :

(क) संस्थाको कार्यसञ्चालनका लागि कर्मचारी प्रशासन, परामर्शदाता नियुक्ति, आर्थिक प्रशासनलगायतका कार्यविधिहरू बनाउने;

(ख) संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय, स्थानीय तह, अन्य सहकारी सङ्घसंस्था, गैरसरकारी सङ्गठनसँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निर्णय लिने;

(ग) निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचासमेत तोकी पूर्व-स्वीकृति दिने;

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दीर्घकालीन भइपरि दायित्व सृजना गर्ने;

(ङ) बचत तथा ऋणको ब्याजदर निर्धारण गर्ने;

(च) लेखापरीक्षकको नियुक्ति गर्ने वा पारिश्रमिक तोक्ने;

(छ) वार्षिक कार्यक्रम बजेटका साथै जुनसुकै योजना, नीति, रणनीति पारित गर्ने र

(ज) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरूलाई वैदेशिक सभा, व्यापार मेला वा अवलोकन भ्रमणलगायतमा पठाउने ।

**३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक :** (१) संस्थाका समस्त कार्यकलापमा साधारण सदस्यहरू सबैको नियमित रूपमा प्रत्यक्ष एवं रचनात्मक सहभागिता सुगम बनाउन कार्यक्षेत्रअन्तर्गत साधारणतया ३० जनाभन्दा बढी सदस्य पर्ने पायकको गाउँ, टोल वा उपक्षेत्रमा सङ्कलन, वितरण वा परिचालन सेवा संयोजनको बिन्दु पारेर साधारण सभाबाट तोकिएअनुसार सातोटा उपक्षेत्र कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको प्रत्येक गाउँ/टोल/उपक्षेत्रभित्रका सदस्यहरू सबै जना स्वतः सहभागी हुने गरी सदस्य सहभागिताको विस्तारित मञ्चको रूपमा गाउँ/टोल/उपक्षेत्रीय बैठक रहनेछ ।

३२. **गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू :** (१) गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू देहायबमोजिम हुनेछन् :

(क) सदस्यहरूको आर्थिक उन्नयनका लागि समस्या तथा सम्भावनाहरूको सहभागितामूलक लेखाजोखा गरेर व्यावसायिक योजना तर्जुमा गरी संस्थामा पठाउने;

(ख) सदस्यहरूका साथै समुदायका सबैले सामना गर्नु परिरहेको सामाजिक जीवन, विकास र संरक्षणतर्फका साझा समस्याहरूको सम्बोधनका लागि सरोकारवालाहरूसँग मिलेर कार्ययोजनाहरू तर्जुमा एवं कार्यान्वयन व्यवस्था मिलाउने;

(ग) शिक्षा शिविरलगायतका शैक्षिक एवं जनचेतनामूलक गतिविधिहरू विस्तार गरेर समुदायमा सहकारी जागृति ल्याउने;

(घ) संस्थाका सेवाहरूको सञ्चालनमा क्रियाकलाप केन्द्रको रूपमा कार्य, स्रोत तथा साधनको जिम्मा लिएर सक्रिय भूमिका खेल्ने;

(ङ) महानगरपालिका / उपमहानगरपालिका / नगरपालिका / गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकारका निकायहरू र गैरसरकारी सङ्गठनहरूबाट प्राप्त हुने सेवाहरूमा

सदस्यहरूको पहुँच दिलाउन संस्थामार्फत् प्रदायकहरूसँग सम्पर्क स्थापना, बैठकमा आमन्त्रण, सहकार्यको प्रस्तावसमेतका पहलकदमी लिने;

(च) समुदायका विपन्न सदस्यहरूसम्म सदस्यता विस्तार गर्नुका साथै संस्था तथा सम्बन्धित प्रदायकहरूबाट प्राप्त हुने सेवाहरूमा उनीहरूको पहुँच स्थापित गराउने;

(छ) संस्थाको नेतृत्व पङ्क्तिले सदस्यहरूको अपेक्षाअनुसार कार्य गरे, नगरेको बहस चलाएर विचलनहरूमा खबरदारी गर्ने;

(ज) आफ्नै प्रयासबाट जीविकोपार्जनका आधारहरू फराकिला पार्न सकिन्छ भन्ने खालका रचनात्मक अभ्यासहरूबाट पहिचान बनाउने र

(झ) यस विनियमका व्यवस्थाका साथै साधारण सभाबाट भएका निर्णयहरूको कार्यान्वयन एवं सोको सिलसिलामा आवश्यक अन्य कार्यहरू गर्ने ।

(२) समितिले संस्थाको रणनीति, व्यावसायिक योजना वा कार्यक्रम बजेट तर्जुमा गर्दा गाउँ/टोल/उपक्षेत्रीय बैठकबाट प्राप्त प्रस्तावहरूमा ध्यान दिनुका साथै आम रूपमा सदस्यहरूलाई असर पर्ने खालको कुनै प्रस्तावको मस्यौदामा गाउँ/टोल/उपक्षेत्रीय बैठकको प्रतिक्रिया लिएर प्राप्त प्रतिक्रियाको विवरणसमेत खुलाएर साधारण सभामा पेस गर्नुपर्नेछ ।

३३. **<u>गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्य व्यवस्था :</u>** (१) गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्यव्यवस्था मिलाउन देहायबमोजिमको संयोजन समिति रहनेछ :

(क) दफा ३४ बमोजिम गाउँ/टोल/उपक्षेत्रीय बैठकको प्रतिनिधित्व गर्ने समितिको सदस्य – संयोजक

(ख) सदस्यहरू मध्येबाट निर्वाचित – कोषाध्यक्ष

(ग) सदस्यहरू मध्येबाट निर्वाचित दुई जना – सदस्य

(घ) सदस्यहरू मध्येबाट निर्वाचित – सदस्य-सचिव ।

(२) उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्दा उपलब्ध भएसम्म कम्तीमा दुई जना महिला हुनुपर्नेछ ।

(३) गाउँ/टोल/उपक्षेत्रीय बैठक प्रत्येक महिना कम्तीमा एकपल्ट पर्ने गरी आवश्यकताअनुसार बस्नेछ ।

(४) गाउँ/टोल/उपक्षेत्रीय बैठकमा अन्तर्गतका सबै सदस्यहरूलाई अनिवार्य रूपमा डाक्नुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले बैठकको कार्यसूची तयार पार्ने वा निर्णय कार्यान्वयन गर्ने सिलसिलामा संयोजन समितिका सदस्यहरू मात्र बसी बैठक राख्न बाधा पर्ने छैन ।

(५) गाउँ/टोल/उपक्षेत्रीय बैठकको गणपूर्ति ५१ प्रतिशत हुनेछ र उपस्थित सदस्यहरूको बहुमतबाट जुनसुकै निर्णय गर्न सकिनेछ ।

## परिच्छेद ६
## प्रतिनिधिमूलक अङ्गहरू

**३४. <u>सञ्चालक समिति :</u>** (१) संस्थाको दैनिक कार्यसञ्चालनका लागि साधारण सभाले एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसमेत जम्मा ११ जनाको सञ्चालक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको निर्वाचन साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट र बाँकी सदस्यहरूको निर्वाचन दफा ३१ को उपदफा (१) बमोजिम कायम हुने उपक्षेत्रहरू प्रत्येकबाट एक जना पर्ने गरी सम्बन्धित उपक्षेत्रभित्रका सदस्यहरू मध्येबाट गरिनेछ ।

तर संस्था दर्ता भएकै वर्षबाहेक कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत (अर्थात् चार जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीनोटा फरक गाउँ/टोल/उपक्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये समेत प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने गरी साधारण सभाले निर्णय गर्नेछ ।

(४) सञ्चालकहरूको पदावधि तीन वर्ष हुनेछ तथा उनीहरू पुनःनिर्वाचित हुन सक्नेछन् ।

तर एकै व्यक्ति लगातार दुईपल्टभन्दा बढी अध्यक्षमा निर्वाचित हुन सक्ने छैन ।

(५) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि उपनिर्वाचनबाट पूर्ति गरिनेछ ।

(६) उपदफा (५) बमोजिम उपनिर्वाचन गर्दा उपदफा (३) बमोजिम महिला सदस्यहरू मध्येबाट उम्मेदवार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ ।

(७) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ ।

**[माथि परिच्छेद ५ अन्तर्गत उल्लिखित कारणले दफा ३१, ३२, र ३३ आवश्यक नपर्ने संस्थाको हकमा उपदफा (२) झिक्नुका साथै (३) मा पनि तदनुसार संशोधन गरी मिलाउनुपर्ने]**

**३५. समितिको काम, कर्तव्य र अधिकार**

**३६. समितिको बैठक**

**३७. <u>लेखा सुपरिवेक्षण समिति</u> :** (१) नियमित रूपमा संस्थाको आन्तरिक लेखापरीक्षणका साथै आर्थिक कार्यविधिहरूको पालनाबाट संस्थामा वित्तीय सुशासन कायम गराउन साधारण सभाले एक जना संयोजक र दुई जना सदस्यहरू रहेको लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखा सुपरिवेक्षण समिति गठन गर्दा साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट निर्वाचन गरिनेछ ।

(३) लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यहरूको पदावधि तथा रिक्त पद पूर्ति व्यवस्था सञ्चालकसरह हुनेछ ।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार**

**३९. समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था**

**४०. उपसमितिहरूको गठन**

**४१. प्रतिनिधित्व**

## परिच्छेद ७
## कार्यसञ्चालन

**४२. <u>उत्तरदायित्व शृङ्खला</u> :** संस्थाको कार्यसञ्चालनमा नियुक्त कर्मचारीहरू निर्वाचित समितितर्फ र निर्वाचित प्रतिनिधिहरू साधारण सभातर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व शृङ्खला कायम गरिनेछ ।

**४३. अध्यक्षको काम, कर्तव्य र अधिकार**

**४४. व्यवस्थापकको नियुक्ति**

**४५. व्यवस्थापकको काम, कर्तव्य र अधिकार**

४६. **विशेष जिम्मेवारी :** समिति, अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू सम्पादन गर्ने, गराउने विशेष जिम्मेवारीसमेत बहन गर्नुपर्नेछ ।

**४७. कर्मचारीको नियुक्ति तथा सेवाका सर्त**

## परिच्छेद ८
## कोषको व्यवस्था

**४८. संस्थाको कोष**

**४९. कोषको सुरक्षा**

**५०. कोषको उपयोग :** (१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरूको अधीनमा रही संस्थाका उद्देश्यहरू हासिल गर्ने गरी कार्यहरूको सञ्चालनका लागि गरिनेछ ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको सेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन ।

**५१. खाता सञ्चालन**

**५२. बचतको वितरण :** (१) संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी सोको वितरण देहायबमोजिम गरिनेछ :

(क) संरक्षित पुँजी कोष कम्तीमा २५ प्रतिशत;

(ख) सहकारी शिक्षा कोष १५ प्रतिशत;

(ग) सेयर लाभांश कोष २० प्रतिशत;

(घ) कर्मचारी बोनस कोष ८ प्रतिशत;

(ङ) सहकारी विकास कोष ५ प्रतिशत;

(च) घाटापूर्ति कोष १० प्रतिशत;

(छ) सामुदायिक विकास कोष १० प्रतिशत;

(ज) सहकारी प्रवर्धन कोष ०.५ प्रतिशत;

(ञ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण वा अन्य जोखिम व्यवस्था कोष १.५ प्रतिशत र

(ट) सदस्य हित कोष ५ प्रतिशत ।

**५३. जगेडा कोष**

**५४. संरक्षित पुँजी फिर्ता :** दफा ५२ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कोषबाट नियमावलीबमोजिम कारोबारको आधारमा संरक्षित पुँजी फिर्ता गरिनेछ ।

**५५. लाभांश वितरण नगरिने :** कुनै वर्षको सेयर लाभांश दफा ५२ को उपदफा (२) को खण्ड (ग) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकमभन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको सेयरको रकमको १८ प्रतिशतभन्दा बढी हुने गरी वितरण गरिने छैन ।

**५६. जगेडा कोषमा रकम सार्नुपर्ने**

## परिच्छेद ९

## बचत परिचालन

**[बचत तथा ऋणको विषयगत संस्थाबाहेक कुनै पनि उपभोक्ता संस्थाले बचत परिचालन गर्न नसक्ने हुँदा स्वास्थ्य, उपभोक्ता पसल, जलविद्युत्लगायतका उपभोक्ता संस्थाहरू र दफा ५ मा बचत सङ्कलन गर्ने कार्य नपरेका उत्पादक वा श्रमिक संस्थाहरूको हकमा समेत यो परिच्छेद पूरै झिकेर परिच्छेद् एवं दफा क्रम मिलाउनुपर्ने]**

**५७. बचत सङ्कलन गर्न सक्ने :** (१) संस्थाले ऐन, नियमावली, यस विनियमका व्यवस्था र साधारण सभाबाट स्वीकृत बचत परिचालन निर्देशिकाका सर्त-बन्देजअन्तर्गत सदस्यहरूबाट बचत सङ्कलन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बचत परिचालन निर्देशिकामा अन्य कुराका अतिरिक्त दफा ५८, ५९, ६०, ६१ र ६२ का व्यवस्थाका साथै देहायका सर्त-बन्देजहरू समावेश गरिनेछन् :

(क) योजनाको उद्देश्य फारु गर्ने बानी बसालेर अड्कोफड्को टारी ऋणग्रस्त हुनुबाट बच्नुका साथै पाँच-सात वर्षभित्रै जेथा जोड्न सक्ने बन्ने हुनुपर्ने;

(ख) सदस्यहरूबाट मात्र बचत सङ्कलन गर्नुपर्ने;

(ग) मासिक रूपमा एक जना सदस्यले रु. १।- देखि १,०००।- सम्म मात्र बचत जम्मा गर्न सक्ने;

(घ) सदस्यहरूको बचत खातामात्र खोल्न सकिने;

(ङ) सदस्यहरूले संस्थामै आई बचत जम्मा गर्नुपर्ने; संस्थाले बजार प्रतिनिधि वा अन्य कुनै नामको प्रतिनिधि, अभिकर्ता वा कर्मचारी सदस्यहरूको घर-घरै खटाएर बचत उठाउन नहुने;

(च) आर्थिक सुरक्षाको न्यूनतम स्तरको रूपमा दुई महिनाको पारिवारिक निर्वाह खर्चको रकम रु. १५,७३०।- भन्दा बढी बचत राख्ने सदस्यले त्यसपछिको प्रत्येक रु. १,०००।- का लागि थप एक सेयर खरिद गर्नुपर्ने;

(छ) ऐनबमोजिम तोकिएको सन्दर्भ व्याजदरअनुसार बचत तथा ऋणको व्याजदर निर्धारण हुने र

(ज) ऋणमा व्याज पुँजीकरण नगरिने तथा व्याज गणना गर्दा तिर्न बाँकी साउँ रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ३ प्रतिशतसम्म हर्जाना लिन सकिने ।

**[विषयगत बचत तथा ऋण संस्थाको हकमा खण्ड (ग) झिकी खण्ड क्रम मिलाउनुपर्ने]**

**५८. <u>बचत सङ्कलनमा सीमा :</u>** (१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पुँजी कोषको १५ गुनाभन्दा बढी हुने छैन ।

**स्पष्टीकरण :** यस उपदफाको प्रयोजनका लागि प्राथमिक पुँजी कोषको गणना गर्दा सेयर पुँजीको रकममा जगेडा कोषको रकम जोडी हुन आउने रकमको ३० प्रतिशत लिइनेछ ।

**[विषयगत बचत तथा ऋण संस्थाको हकमा यो स्पष्टीकरण झिक्नुपर्ने]**

(२) संस्थाको जम्मा बचत दायित्वको रकम कुनै पनि वर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावलीमा तोकिएबमोजिम वार्षिक सदस्यतर्फी खरिद वा विक्री कारोबारको रकम जोडी हुन आउने जम्मा कारोबारको ३० प्रतिशतभन्दा बढी हुने छैन ।

**[विषयगत बचत तथा ऋण संस्थाको हकमा यो उपदफा झिक्नुपर्ने]**

**५९. <u>ऋण दिन सक्ने :</u>** (१) संस्थाले तरलताका लागि १५ प्रतिशत वा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य कुनै सीमासम्मको रकम छुट्ट्याएर सदस्यहरूलाई देहायबमोजिम ऋणको रूपमा दिन सक्नेछ :

(क) सदस्यको व्यक्तिगत बचतको तीन गुनासम्म आफ्नै बचतको सुरक्षणमा र

(ख) सदस्यको व्यक्तिगत बचतको छ गुनासम्म सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरूको बचतको सुरक्षणमा ।

तर यस उपदफाबमोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम रु. १ लाखभन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समूहको जमानीविना वा रु. १ लाखभन्दा बढी रकम ऋण लिन चाहेमा चल-अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण शैक्षिक, आवास, स्वास्थ्योपचार, रोजगारीमूलक वा उत्पादनमूलक प्रयोजनका लागि मात्र हुनेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घटना वा अन्य अड्कोपड्को पर्दा उपदफा (१) बमोजिम उपभोग, कर्मकाण्ड वा अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन बाधा पर्ने छैन ।

(४) उदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यता लिएर नियमित रूपमा बचत जम्मा गर्न थालेको तीन महिना व्यतीत नहुँदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन ।

(५) ऋण प्रवाहमा प्राथमिकतालगायतका अन्य व्यवस्था बचत परिचालन निर्देशिकामा उल्लेख भएबमोजिम हुनेछ ।

६०. **ऋण प्रवाहमा सीमा :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाबाट कुनै एक सदस्यलाई दफा ५९ को उपदफा (१) बमोजिम तरलता व्यवस्थापछिको लगानीयोग्य रकमको आधा प्रतिशतभन्दा बढी ऋण दिन सकिने छैन ।

तर लगानीयोग्य रकम रु. ६० लाख नपुग्दासम्म यो बन्देज लागू हुने छैन ।

(२) उदफा (१) को अधीनमा रही कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा साधारण सभाले बेला-बेलामा तोकिदिएबमोजिम हुनेछ ।

६१. **ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने :** संस्थाले सङ्कलन गरेको बचतको रकम दफा ५७ बमोजिम स्वीकृत बचत परिचालन निर्देशिकाका सर्त-बन्देजअन्तर्गत सदस्यहरूलाई ऋण दिने बाहेकको कुनै प्रयोजनमा लगाइने छैन ।

तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलताबापत नगदै राख्न वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन ।

६२. **साधारण सभाको स्वीकृति लिनुपर्ने :** समितिले देहायका विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मानदण्डको प्रतिकूल नहुने गरी साधारण सभाको स्वीकृति लिनुपर्नेछ :

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, अपलेखन गर्नुपर्दा वा ऋणका सर्त-बन्देजहरू फेर्नु पर्दा;

(ख) संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घरलगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा र

(ग) व्यवस्थापकको तलब वा सुविधा बढाउनु पर्दा ।

## परिच्छेद १०

## कारोबारमा सीमाङ्कन

६३. **सदस्य केन्द्रीयता :** (१) संस्थाले देहायबमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछ :

(क) सदस्यहरूको उत्पादनको सञ्चय, प्रशोधन एवं बजारीकरण व्यवसायमा विक्री बजारमा जहाँसुकै गरे तापनि खरिद सदस्यहरूसँगबाट मात्र गरेर;

(ख) सदस्यहरूलाई आवश्यकताका चीजबीज वा सेवा सुलभ गराउने व्यवसायमा खरिद बजार जहाँसुकैबाट गरे तापनि विक्री सदस्यहरूलाई नै गरेर;

(ग) स्व-रोजगारी योजनाअन्तर्गत कच्चापदार्थ वा उत्पादित वस्तु बजार जहाँसुकै खरिद-विक्री गरे तापनि स्व-रोजगारीको अवसर सदस्यहरूलाई मात्र दिलाएर र

(घ) बचत परिचालन सेवामा बचत सङ्कलन र ऋण लगानी दुवै पूर्णतया सदस्यहरूमै सीमित गरेर ।

**[यो उपदफाका खण्डहरू मध्ये श्रमिक संस्थाको हकमा (क) र (ख), उत्पादक संस्थाको हकमा (ख) र (ग) अनि उपभोक्ता संस्थामध्ये बचत तथा ऋण संस्थाको हकमा (क), (ख) र (ग) तथा अन्य उपभोक्ता संस्थाको हकमा (क), (ग) र (घ) झिकी खण्ड क्रम वा उपदफामा नै शब्दावली मिलाउनुपर्ने]**

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैरव्यावसायिक सेवाहरूमा सदस्य र गैरसदस्यबीच पहुँचमा कुनै किसिमले विभेद गरिने छैन ।

(३) सहकारी परम्पराअनुरूप विशेष अवस्थाका गैरसदस्यहरूलाई व्यावसायिक सेवाहरू प्रदान गर्नु पर्दा सदस्य र गैरसदस्यबीच प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमले मूल्यमा फरक गरिने छैन ।

**[विषयगत बचत तथा ऋण संस्थाको हकमा यो उपदफा झिक्नुपर्ने]**

**६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध**

**६५. कर्मचारीसँगको कारोबारमा निर्बन्धन :** संस्थाका कर्मचारी र संस्थाबीचको कारोबार दर्ता गर्ने अधिकारीबाट जारी भएको निर्देशनबमोजिम निर्बन्धित हुनेछ ।

**६६. जोखिम मूल्याङ्कन :** संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धीकरण निवारण निर्देशनबमोजिम जोखिम मूल्याङ्कन गरिनेछ ।

**६७. कारोबार नगरिने :** सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका व्यवस्थाविपरीत संस्थाबाट कसैसँग कुनै कारोबार गरिने छैन ।

## परिच्छेद ११
## अभिलेख

**६८. कारोबारको लेखा :** संस्थाको आर्थिक कारोबारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामान एवं खाता संरचनाबमोजिम राखिनेछ ।

**६९. खाताबही**

**७०. आन्तरिक हिसाब जाँच**

**७१. वार्षिक हिसाब जाँच**

**७२. विद्युतीय लेखा प्रणालीको प्रयोग :** संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्धीकरण जोखिम मूल्याङ्कन गरी दर्ता गर्ने अधिकारीको पूर्व-स्वीकृति लिइनेछ ।

**७३. अन्य आधारभूत कागजात**

## परिच्छेद १२
## प्रतिवेदन

**७४.** **<u>एकीकृत सूचना प्रणालीमा आबद्धता</u> :** समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर तत्क्षण (रियल टाइम) अद्यावधीकरण गर्ने व्यवस्थासमेत मिलाउनुपर्दछ ।

तर यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**७५. दर्ता गर्ने अधिकारीसमक्ष प्रतिवेदन**

**७६.** **<u>वित्तीय जानकारी एकाइमा प्रतिवेदन</u> :** सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम वित्तीय जानकारी एकाइमा प्रतिवेदन गर्नुपर्ने कारोबारको प्रतिवेदन नियमित रूपमा, निर्धारित समयभित्रै पठाइनेछ ।

**७७.** **<u>साधारण सभामा जानकारी गराउनुपर्ने</u> :** अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त बेहोरासहितको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनुपर्नेछ :

क) संस्थाले सदस्यता लिएको सहकारी सङ्घ वा बैङ्कबाट भएका निर्णयहरू;

ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैरवित्तीय सहयोगको रकम वा प्रतिबद्धता र

ग) दर्ता गर्ने अधिकारी वा प्रचलित कानुनबमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाउ, टिप्पणी वा निर्देशन वा जारी मानदण्ड, निर्देशिका वा नीतिहरू ।

**७८. सूचनाको हक तथा अग्रतापूर्ण खुलासा**

**७९. सूचनाको संरक्षण**

## परिच्छेद १३
## विविध

**८०. हकवालाको मनोनयन**

**८१. हक दाबी वा नामसारी**

**८२. निर्वाचन**

**८३. शपथ ग्रहण**

**८४. एकीकरण वा विभाजन**

**८५. कार्यान्वयन अधिकारी :** (१) समितिले सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम अधिकृत स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ ।

२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारी नतोकिएसम्म व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको रूपमा कार्य गर्नेछ ।

**८६. मध्यस्थता**

**८७. समानता र समता :** (१) संस्थाको कार्यसञ्चालनका समस्त प्रक्रियाहरूमा सदस्यहरू माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

(२) लैङ्गिक विभेदका कारण आम रूपमा न्यून भइरहेको नेतृत्व पङ्क्तिमा महिला उपस्थिति बढाउनका साथै सञ्चालकीय भूमिकामा अपाङ्गता भएका वा लक्षित समुदायका सदस्यहरूलाई प्रोत्साहन दिन जो-चाहिने समतामूलक व्यवस्थाहरू गरिनेछन् ।

**८८. विनियम संशोधन**

**८९. साधारण सभाले कार्यविधि बनाउन सक्ने**

**९०. व्याख्या गर्ने अधिकार**

**९१. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।**

# अनुसूची १७

## दर्ता कार्यप्रवाह तालिका

**१**

संस्था दर्ता गर्दा स्थानीय तह सहकारी कानुनमा निर्धारित वडागत साङ्ख्यिक मानदण्ड नाघ्ने हुन्छ, हुँदैन? हेर्ने

- विषयगत भए विषयगत संस्थाको अधिकतम सङ्ख्याभित्र पर्दछ, पर्दैन ?
- बहुउद्देश्यीय भए बहुउद्देश्यीय संस्थाको अधिकतम सङ्ख्याभित्र पर्दछ, पर्दैन ?
- महिलामात्रको भए महिलामात्रको विषयगत वा बहुउद्देश्यीय संस्थाको अधिकतम सङ्ख्याभित्र पर्दछ, पर्दैन ?
  (हे. स्थानीय तह सहकारी ऐन, नियमावली र दर्ता कायम संस्थाको वडागत लगत)

हुँदैन → २ / हुन्छ → ४

**२**

संस्थाको विचार सहकारी विचारधारा मिल्दो हो ? होइन, छुट्याउने

- अर्काको श्रम, उपज वा आवश्यकतामा आधारित व्यवसाय नभएर सदस्यहरूको आफ्नै श्रम, उपज वा आवश्यकतामा आधारित व्यवसाय हो, होइन ?
- 'लक्षित वर्गका लागि' गरिदिने योजना नभएर 'लक्षित वर्गले' नै गरिखाने योजना हो, होइन ?
- आवेदकहरू मध्यस्थजन नभएर विद्यमान आर्थिक सम्बन्धमा मर्कामा परेका सर्वसाधारण उत्पादक, श्रमिक वा उपभोक्ताजन हुन, होइनन् ?
  (हे. ५. सहकारीपन,६. सङ्गटन र अनुसूची १२ मा आवेदकहरूको पेसाको विवरण)

हो → ३ / होइन → ४

**३**

संस्था गठन नगर्दाकै अवस्थामा कुनै सदस्यलाई सबै सदस्यका सामुन्नेमा इमानजमान राख्न कर पार्ने साझा बन्धन छ, छैन ? पहिल्याउने

- प्रत्येकले गौरव गर्ने खालको धर्म, वर्ण, लिङ्ग, उत्पत्ति, जातिपातीनिरपेक्ष साझा पहिचान छ, छैन ?
- एक-अर्कामा 'मर्दापर्दा' जुट्ने खालको सम्बन्ध छ, छैन ?
- राम्रो, नराम्रो भनी चिनिँदा सामाजिक प्रतिष्ठाको प्रश्न बन्दछ, बन्दैन ?

छ → / छैन → ४

**४**

दरखास्त दरपीठ गरिदिने (हे. २.१२.क. प्रारम्भिक छानबिन)

**५**

संस्थाको विषयगत वा बहुउद्देश्यीय रूपको छनौट सदस्यहरूको आकाङ्क्षासँग मिल्दछ, मिल्दैन दाँज्ने ?

मिल्छ → ६

मिल्दैन

- सदस्यहरूको जीवनमा तात्त्विक फरक पार्ने गरी साधारणतया पाँच खण्डको आम्दानी भए तीन र खर्च भए एक खण्ड बढी आर्थिक क्रियाकलाप संस्थाको व्यावसायिक सेवाअन्तर्गत पर्ने हुन्, होइनन् ?
- सदस्यहरूको प्रयासले प्रसिद्धि पाउने खालको गुञ्जायस छ, छैन ?
- सदस्यहरूको जमिनको दीर्घकालीन उपयोग वा सीप वा सेवाको विशिष्टीकरणको अर्थमा स्तर (Scale) वा क्षेत्र (Scope) को किफायत हुन्छ, हुँदैन ?

(हे. ९. विषय)

**६**

संस्था सञ्चालनमा साधारण सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण कायम राख्नका लागि रचनात्मक सर्तहरू पूरा भएका छन्, छैनन् ? केलाउने

छन् → ७

छैनन्

- सदस्यहरूको सरोकार जीवनपर्यन्त अथक प्रयासयोग्य प्राप्तिको अनुभूति मिल्ने गरी सार्थक छ, छैन ?
- संस्थाको कार्यक्षेत्र सदस्यहरूको पायक मिल्दो गरी महत्तम छ, छैन ?
- उपक्षेत्रीय बैठकजस्ता साधारण सदस्यहरूको नित्य सहभागिताका लागि विस्तारित मञ्चहरू खडा गरिएका छन्, छैनन् ?

**७**

संस्थाको स्थापना र कार्यसञ्चालनका तौरतरिकामा सहकारी सिद्धान्तसम्मति छ, छैन ?जाँच्ने

छ → ८


छैन


- अनुसूची १ का बुँदा रुजु हुन्छन्, हुँदैनन् ?
- अनुसूची १ का बुँदाका आनुषङ्गिक बुँदा रुजु हुन्छन्, हुँदैनन् ?
- कुनै बुँदा रुजु नभएको खण्डमा पनि अन्य व्यवस्थाका प्रभावले रुजु भएसरह छ, छैन ?

**८**

संस्थाको स्थापना र कार्यसञ्चालनका तौरतरिकामा सहकारी कानुनसम्मति छ, छैन ? भिडाउने →

- अनुसूची २ का बुँदा रुजु हुन्छन्, हुँदैनन् ?
- अनुसूची २ का बुँदाका आनुषङ्गिक बुँदा रुजु हुन्छन्, हुँदैनन् ?
- कुनै बुँदा रुजु नभएको खण्डमा पनि अन्य व्यवस्थाका प्रभावले रुजु भएसरह छ, छैन ?


९
१०
१२
छ
छैन
संस्थाको स्थापना र कार्यसञ्चालनका तौरतरिकामा सुशासकीय मानकहरू कायम गरिएका छन्, छैनन् ? ठहऱ्याउने
छन्
छैनन्
विनियमको प्रत्येक बन्दोबस्त सहकारी-मैत्री छ, छैन ? ठम्याउने
छ
छैन
संस्थापन वा कार्यसञ्चालनको कुनै तौरतरिकामा विवाद, अपवाद, द्विविधा भए
• अनुसूची ३ का बुँदा रुजु हुन्छन्, हुँदैनन् ?
• अनुसूची ३ का बुँदाका आनुषङ्गिक बुँदा रुजु हुन्छन्, हुँदैनन् ?
• कुनै बुँदा रुजु नभएको खण्डमा पनि अन्य व्यवस्थाका प्रभावले रुजु भएसरह छ, छैन ?
• साझा नमुना प्रावधान सबै परेका छन्, छैनन् ?
• विशेष प्रावधान सहकारी सिद्धान्त, कानुन र सुशासनका स्वीकृत अभ्यासअनुरूप छन्, छैनन् ?
• गैसस, बैङ्क वा कम्पनीको देखासिकीमा कुनै अनावश्यक प्रावधान राखिएको छ, छैन ?
11
संशोधनको सूचना दिने (हे. २.१२. ख. विस्तृत छानबिन)
संशोधन भई प्राप्त भएको
संशोधन भई प्राप्त नभएको
• स्थलगत परीक्षण गर्नुपर्ने भए गर्ने
• विशेषीकृत परामर्श लिनुपर्ने भए लिने
• अन्यथा विपन्नतम सदस्यको हितको आधार मान्ने
(हे. १२.२.ग स्थलगत परीक्षण र घ विशेषीकृत परामर्श)


१३.
आवेदकहरूको सम्मति लिने
प्राप्त
अप्राप्त
१५.
संस्था दर्ता गर्ने
(हे. ङ. १२.२ दर्ता)
१४.
दर्ता गर्न इन्कार गरिएको जानकारी दिने